# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

लोकतन्त्रमा नयां जननिर्वाचित सरकारले निर्वाचनमा आंफुले जनता समक्ष गरेका प्रतिवद्धताहरु पूरा गर्न आवधिक योजनालेञ्च सहयोग गर्दछ । आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य उध्देश्य हुन । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।

विश्वका विभिन्न मुलुकहरूमा सफल अभ्यास भइसकेको हुँदा यसको सही कार्यान्वयनले विकास निर्माणका लागि आवश्यक स्रोतको सुनिश्चितता गर्न, आवधिक योजनालगायत नगरपालिकाले लिएका नीतिगत तथा विषयगत लक्ष्य, उद्देश्य हासिल गर्न प्रत्यक्ष एवम् प्रभावकारी सहयोग पुयाउँदछ । मध्यमकालीन खर्च संरचनाको यही प्रभावकारितालाई मध्यनजर गर्दै नेपालमा सङ्घीय कानुनले तीनवटै तहका सरकारका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु बाध्यकारी हुने व्यवस्था गरेको छ । तसर्थ गोदावरी नगर कार्यपालिका, विषयगत समिति, विषयगत शाखा, वडाध्यक्षहरू र सेवा केन्द्रसँग राय परामर्श गरी नगरपालिकामा उपलब्ध अन्य सूचना तथा चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम एवम् विगतदेखिका नगरपालिकाका नीतिहरू समेतलाई मध्यनजर गर्दै मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित कार्यदलको नेतृत्व र सम्बन्धित विज्ञको सहयोग एवम् सहजीकरणमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको हो ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको मध्यमकालीन अबधिको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई आबधिक योजनाको प्राथमिकताका क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका निर्धारण गरिन्छ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ ।

स्थानीय तहलाई सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिन्छ ।

### १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका साथै यस खर्च संरचनाका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन :-

- नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई कुशल र उपलब्धिमूलक बनाउनु,
- विकास आयोजनाहरूको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त विकास आयोजनाहरूको लागि स्रोतको सुनिश्चितता गर्नु,
- गोदावरी नगरपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनु,
- स्थानीय सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु. र
- मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यमैत्री बनाई सन् २०३० सम्म सो लक्ष्यहासिल गर्ने गरी नेपालले निर्धारण गरेका लक्ष्य प्राप्तीमा सहयोग गर्नु,

# परिच्छेद-२
# मध्यमकालीन खर्च संरचना

## २.१ मध्यमकालीन खर्च संरचनाको आवश्यक्ता

नेपालको वर्तमान संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाको व्यवस्था गरेअनुरुप प्रदेश र स्थानीय सरकारहरु निर्माण भएपछि सात वटै प्रदेश सरकार र धेरै स्थानीय तहहरुले आवधिक विकास योजना तर्जुमा गरेका छन् ।आवधिक विकास योजना र अन्य योजनाहरुले लिएका लक्ष्य हासिल गर्नको लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गरी लागु गर्नुपर्ने हुन्छ । हरेक आर्थिक वर्षको लागि सबै तहका सरकारले तोकिएको मितिमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दछन् । तर आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेटबीच तालमेल नमिल्ने समस्या समाधान गर्नको लागि १० औं योजनासंगैं नेपालमा पनि ३ वर्षे अवधिको मध्यमकालीन खर्च संरचना तयार गरी कार्यन्वयन गर्ने व्यवस्था गरि आएको छ ।

सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले लिएका विकासका लक्ष्य तथा प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको वांडफांट गरी खर्चको प्रभावकारिता वृद्धि गर्ने र सार्वजनिक वित्त व्यवस्थापनमा रहेको महत्वपूर्ण समस्या सम्बोधन गर्न सक्ने भएकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो सम्बन्धी नियमावलीले सङ्घ, प्रदेश लगायत स्थानीय तहले समेत मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य हुने व्यवस्था गरेको छ ।यस अनुसार प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा सार्वजनिक खर्चको अनुमान विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित तीनवटै तहका सरकारहरुले मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था गरेको छ । मध्यमकालीन खर्च संरचनाले सामान्यतया आवधिक योजनालाई वार्षिक योजनासँग जोड्ने पुलको काम गर्दछ । सार्वजनिक स्रोतको व्यवस्थापन र विनियोजन गर्ने योजना भएको हुँदा यसले नेपाल सहित सिङ्गो विश्वले प्रतिवद्धता गरेको दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि आवश्यक स्रोतको कुशलतापूर्वक विनियोजन गर्न महत्वपूर्ण टेवा पुयाउँदछ ।

` मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्तको विनियोजन, व्यवस्थापन तथा कार्यान्वयनमा प्रभावकारिता वृद्धि गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न उल्लेख्य सहयोग पुयाउँदछ । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । यस खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## २.२ चालु आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि समीक्षा

यस नगरपालिकाले चालु आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधारबाट भएका गत आ.व.को उपलब्धि, चालु आ.व.को लक्ष्य र अनुमानित उपलब्धि तल तालिका २.१ मा दिईएको छ ।

**तालिका २.१: चालु आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको उपलब्धि समीक्षा**

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| | २ | ३ | ४ | ५ | ६ |
| | **आर्थिक विकास क्षेत्र** | | | | |
| | कूल ग्राहस्थ उत्पादन (२०७७/७८ को मूल्यमा) | रु करोडमा | ४४६.०१ | ४९०.६ | ४९०.६ |
| | प्रति व्यक्ती ग्राहस्थ उत्पादन (२०७७/७८ को मूल्यमा) | रु करोडमा | ४५.१७ | ४९.६८ | ४९.६८ |
| | कूल आय (२०७७/७८ को मूल्यमा) | रु करोडमा | १४९.७८ | १६४.९७ | १६४.९७ |
| | प्रति व्यक्ति आय (२०७७/७८ को मूल्यमा) | रु हजारमा | १६० | १७६ | १७६ |
| | बार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ७.४ | ७.४ |
| | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | २६.९ | २६.९ | २६.९ |
| | उद्योग क्षेत्रकोवृद्धिदर | प्रतिशत | १५.२ | १५.२ | १५.२ |
| | सेवाक्षेत्रको वृद्धिदर | प्रतिशत | ५७.८ | ५७.८ | ५७.८ |
| | अति गरिब घर परिवार आफ्नो कृषि उत्पादनले ३ महिना खान नपुग्ने | प्रतिशत | १७.५ | १७.५ | १७.५ |
| | आफ्नो कृषि उत्पादनले ६ महिना भन्दा बढी खान पुग्ने परिवार | प्रतिशत | ६२.४३ | ६२.४३ | ६२.४३ |
| | नगरपालिका भ्रमण गर्ने बाह्य पर्यटक | संख्या | १०१६०० | १०१६०० | १०१६०० |
| | बेरोजगारी | प्रतिशत | ४६.६ | ४६.६ | ४६.६ |
| | बैकमा खाता भएका घरपरिवार | संख्या | १९२६० | १९५६० | १९५६० |
| | विद्यालयमा अध्ययन गर्ने ५-१५ वर्षका वालवालिका | प्रतिशत | ७१.९९ | ७१.९९ | ७१.९९ |
| | आधारभूततहमा खुद भर्ना दर | प्रतिशत | ९६ | ९६.३ | ९६.३ |
| | साक्षरतादर | प्रतिशत | ७९.४ | ७९.४ | ७९.४ |
| | स्वास्थ्य संस्था सुत्केरी गराउने महिला | प्रतिशत | ३८ | ३८ | ३८ |
| | लिगक विकास सूचकांक | सूचकांक | नभएको | नभएको | नभएको |
| | बाह्रै महिना चल्ने सडक | कि.मि. | ६०.५ | ६५.५ | ६५.५ |
| | बाह्रै महिना चल्ने सडक सँग पहुँच भएका घरपरिवार | संख्या | नभएको | नभएको | नभएको |
| | सुरक्षित आवास तथा एकीकृत बस्ती विकास | संख्या | नभएको | नभएको | नभएको |
| | भुकम्प प्रतिरोधि मापदण्ड अनुसार बनेका भवन | प्रतिशत | नभएको | नभएको | नभएको |
| | सिँचाई सुविधा पुगेको कृषियोग्य भूमि | हेक्टर | २०४५ | २२५० | २२५० |
| | विद्युतीकरण भएको घरपरिवार | प्रतिशत | ९०.९२ | ९३ | ९३ |
| | खाना पकाउने ईन्धनमा विद्युतको उपयोग गर्ने घरपरिवार | प्रतिशत | ०.६६ | ०.७ | ०.७ |
| | खानेपानी तथा शौचालय भएको घरपरिवार | प्रतिशत | ९१.६५ | ९३ | ९३ |
| | नगरपालिकाको lक्षक्ष को औसत प्राताङ्ग | प्रतिशत | ८६ | ८६ | ८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| . | **सामाजिक विकास क्षेत्र** | | | | |
| | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २२ | १८ | १६ |
| | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७९.४ | ८५ | ८५ |
| | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | संख्या | १० | २० | २० |
| | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २१४५१ | २६७०० | २६७०० |
| | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | | | |
| | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | नभएको | नभएको | नभएको |
| | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | नभएको | नभएको | नभएको |
| ग. | **पूर्वाधार विकास क्षेत्र** | | | | |
| | स्थानीय सडक (कालोपत्रे) | कि.मि | ११६ | १३६ | १३६ |
| | स्थानीय सडक (खण्डास्मित) | कि.मि | १७५ | २०० | २०० |
| | स्थानीय सडक (धुले) | कि.मि | ४५ | ३० | ३० |
| | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | नभएको | नभएको | नभएको |
| | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०८४६ | ९२८२१ | ९२८२१ |
| | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | २१२५० | २१२५० | २१२५० |
| | कम्प्युटर तथा इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ३१९९९ | ३४००० | ३४००० |
| घ. | **बन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | | | | |
| | वन तथा हरियाली क्षेत्र | प्रतिशत | ६६ | ६८ | ६८ |
| | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | | | |
| | विपदका घटनाबाट प्रभावित परिवार | प्रति हजार | १४० | १२५ | ११५ |
| ङ. | **सुशासन, संस्थागत विकास क्षेत्र** | | | | |
| | नीति, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | | | |
| | कुल बजेटमा आन्तरिक स्रोतको योगदान | प्रतिशत | २५ | २७ | २७ |
| | बार्षिक बजेट | रु. हजारमा | | | |

## २.३ समष्टिगत चुनौती तथा अवसर

### चुनौती

नेपाली राजनीतिक प्रणालीमा आएको परिवर्तन र त्यसबाट भएको संरचनागत परिवर्तनले सबै क्षेत्रमा प्रभाव परेको छ । संविधानवाट प्राप्त नागरिक अधिकारहरूको व्यवहारिक रुपान्तरण गर्नु, १६ औं योजना, दिगो विकास लक्ष्यमा योगदान पुयाउनु,सुदूरपश्चिम प्रदेशको लक्ष्य तथा नीतिहरूमा सहयोग पुर्‍याउनु, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि गर्नु गरिबी न्यूनीकरण गरी जीवनस्तरमा गुणात्मक सुधार गर्नु, सुखी नगरवासी तथा समृद्ध नगरपालिका निर्माण गर्नु यहाँका मुख्य चुनौती हुन् ।

**अवसर**

सङ्घीय शासन प्रणाली संस्थागत हुँदै जानु, नगरपालिकाको संस्थागत स्वरुप आवश्यक नीति, कानून, साधन, स्रोत तथा स्थानीय तहका अधिकार स्पष्ट भई तोकिएका काम, कर्तव्य पूरा गर्ने दिशामा स्थानीय सरकार प्रतिबद्ध हुनु, स्थानीय सरकारहरूबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु प्रमुख अवसरहरू हुन् । नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूंजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना भएका छन् ।

## २.४ सोच

नगर विकासको सोच देहाय अनुसार रहेको छ ।

"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"

## २.५ उद्देश्य

१ नगरपालिकाका जनताको आयमा बृध्दि ल्याउनु

२ भौगोलिक, आवासीय, व्यवसायिक र शैक्षिक संगमस्थलको रुपमा विकास गर्नु

३ उत्पादनमूलक जलवायु तथा विपद् उत्थानशील तथा वातावरणमैत्री संरचनात्मक स्वरुप र शहरी प्रणाली विकास गर्नु

४ सूचना, नवप्रवर्तन तथा नतिजामा आधारित विकास व्यवस्थापन गर्नु

५ प्रभावकारी सेवा प्रवाह, समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन गर्नु

## २.६ रणनीति तथा प्राथमिकता

आवधिक नगर विकास योजनाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य प्राप्त गर्न देहायअनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई नगर विकासका प्रयासहरु संचालन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**१ कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्नेः**

कृषि, पशुपालन तथा वनजन्य उत्पादनको उपलब्ध ज्ञान, सीप र प्रविधिको आधारमा व्यवसायीकरण, विविधिकरण र औद्योगिकीरण गरी स्थानीय रोजगारी र अर्थतन्त्र आधार तयार गरिनेछ । निर्धारित कृषि तथा पशुपालन पकेट र वन क्षेत्र र वर्गलाई आवश्यक पूर्वाधार, ज्ञान, प्रविधि हस्तान्तरण, सेवा तथा टेवा कार्यक्रमहरु संचालन गरिनेछ ।

**२. उद्योग, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा अन्य व्यवसायको विकास तथा प्रवर्द्धन गर्नेः**

नगरपालिकाको जैविक विविधता, मनोरम, सास्कृतिक, धार्मिक र पर्यटकीय क्षेत्र लगायत सामुदायिक वन क्षेत्र, कृषि पकेट क्षेत्र, ताल तथा पार्कहरुमा पूर्वाधार निर्माण, पर्यटकीय सेवा सुविधाको विस्तार, विविधिकरण र प्रचार प्रसार गरी पर्यटन प्रवर्धन र विकास गरिनेछ । यसका लागि निजी क्षेत्र, समुदाय र नागरिक समाज संस्थासाग समन्वय र साझेदारी गरिनेछ ।

**३ जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा सरसफाई, खानेपानी सुविधा, सामाजिक सुरक्षा पहुँच र उपयोग सुनिश्चित गर्नेः**

नेपाल सरकार तथा प्रदेश सरकार, निजी क्षेत्र र समुदायसंग साझेदारी गरी जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा पोषण सेवा, खानेपानी तथा सरसफाई सुविधा विकास र विस्तार

गरी मानव पूँजी निर्माण गरिनेछ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका, हिंसा पिडित व्यक्ति, सीमान्तकृत समूह, लोपोन्मुख जाती आदीको सामाजिक सुरक्षा पहुँच सुनिश्चित गरी स्वास्थ्य उपचार, जीविकोपार्जन र वृत्ति विकास अधिकार प्रवर्धन गरिनेछ । सामाजिक सशक्तीकरण, समावेशीकरणको माध्यमबाट सामाजमा विद्यमान हिंसा, सामाजिक कुरिती, अन्धविश्वास अन्त्य गर्नुका साथै स्थानीय सम्पदा, कला, संस्कृति र भाषाको संरक्षण र प्रवंधन गरिनेछ ।

**४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्नेः**

यातायात, आवास, व्यवस्थित शहरी पूर्वाधार, बजार, स्वच्छ ऊर्जा, सूचना तथा संचारको पूर्वाधारको विकास,. विस्तार र स्तरोन्नति गरी शहरको भौतिक विकास, आवास तथा बजार र अन्तरआवद्धतालाई सहज र सुव्यवस्थित बनाइनेछ । पूर्वाधार विकासलाई उत्पादनसंग आवद्ध गर्नुका साथै वातावरणमैत्री र विपद तथा जलवायु उत्थानशिल रुपमा निर्माण र संचालन गरिनेछ ।

**५. शहरी योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउनेः**

निर्धारित भूउपयोग क्षेत्र तथा योजना र प्रचलित कानून अनुसार नगर क्षेत्रमा जैविक विविधता, हरियाली र वन क्षेत्रको कायम गरिनेछ । यस अनुसार नगर क्षेत्रको जैविक विविधता, हरियाली, जमीन र जलश्रोतको संरक्षण र समोचित व्यवस्थापन गरिनेछ । यसका लागि संघ र प्रदेश सरकारका सम्बन्धित निकाय, समुदाय र समुदायसंग समन्वय र सहकार्य गरिनेछ ।

**६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउनेः**

कानून तथा विधिको शासनको अनुसरण गर्दै सेवा प्रवाह, कार्यसम्पादन र शासन संचालन प्रक्रियालाई पारदर्शी, उत्तरदायी र जनताको समस्या र चाहना प्रति संवेदनशिल शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टी अभिबृद्धि गरिनेछ ।

## २.७ मध्यमकालीन आर्थिक खाका

“समृद्ध नेपाल र सुखी नेपाली” को राष्ट्रिय सोच, सुदूरपश्चिम प्रदेशको सोच, लक्ष्य तथा नीतिहरू एवम् माथि उल्लिखित नगरपालिकाको सोच, लक्ष्य, उद्देश्यअनुरुप “कृषि पर्यटन र पूर्वाधार समृद्ध गोदावरीको आधार”तर्फ उन्मुख हुन सघाउ पुर्याउने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार आगामी तीन आ.व.(आ.व.२०८२/८३-२०८४/८५) को समष्टिगत आर्थिक लक्ष्य देहायअनुसार रहेको छ ।

नेपालकोसुदूरपश्चिम प्रदेशको एक योजनाबद्ध, सुव्यबस्थित, आवासीय, व्यवसायिक, शैक्षिक तथा पर्यटकीय नगरको रुपमा स्थापित गर्ने ।

## तालिका २.२: मध्यमकालीन आर्थिक खाका(२०८२/८३ देखि २०८४/८५)

| क्र. सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | ०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | कूल ग्राहस्थ उत्पादन (२०७७/७८को मूल्यमा) | रु करोडमा | ४४६.०१ | ४९०.६ | ५२५ | ५७५ | ६५० |
| | प्रतिव्यक्ती ग्राहस्थ उत्पादन(२०७७/७८ को मूल्यमा) | रु करोडमा | ४५.१७ | ४९.६८ | ५५ | ६१ | ६५.८३ |
| | कूलआय (२०७७/७८को मूल्यमा) | रु करोडमा | १४९.७८ | १६४.९७ | १६७.९७ | १६८.९७ | १६९ |
| | प्रतिव्यक्तिआय (२०७७/७८को मूल्यमा) | रु हजारमा | १६० | १७६ | १७८ | १८९ | १८० |
| | बार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ७.४ | ७.५ | ७.७ | ६.९ |
| | कृषिक्षेत्रको वृद्धिदर | प्रतिशत | २६.९ | २६.९ | २७ | २७.५ | २८ |
| | उद्योग क्षेत्रको वृद्धिदर | प्रतिशत | १५.२ | १५.२ | १५.५ | १६ | १७ |
| | सेवा क्षेत्रका वृद्धिदर | प्रतिशत | ५७.८ | ५७.८ | ५८ | ५९ | ६० |
| | अति गरिब घरपरिवार आफ्नो कृषि उत्पादनले ३ महिना खान नपुग्ने | प्रतिशत | १७.५ | १७.५ | १६ | १५ | १४ |
| | आफ्नो कृषि उत्पादनले ६ महिना भन्दा बढी खान पुग्ने परिवार | प्रतिशत | ६२.४३ | ६२.४३ | ६३ | ६४ | ६५ |
| | नगरपालिका भ्रमण गर्ने बाह्य पर्यटक | संख्या | १०१६०० | १०१६०० | १२५००० | १५०००० | २००००० |
| | बेरोजगारी | प्रतिशत | ४६.६ | ४६.६ | ४० | ३५ | २५ |
| | बैकमा खाता भएका घरपरिवार | संख्या | १९२६० | १९५६० | १९८०० | १९९०० | २०००० |
| | विद्यालयमा अध्ययन गर्ने ५-१५ वर्षका वालवालिका | प्रतिशत | ७१.९९ | ७१.९९ | ७५ | ७७ | ८१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहमा खुद भर्नादर | प्रतिशत | ९६ | ९६.३ | ९५ | ९६ | ९७ |
| | साक्षरतादर | प्रतिशत | ७९.४ | ७९.४ | ८० | ८०.५ | ८१ |
| | स्वास्थ्य संस्था सुत्केरी गराउने महिला | प्रतिशत | ३८ | ३८ | ४० | ४५ | ४८ |
| | लिगक विकास सूचकांक | सूचकांक | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| | बाह्रै महिना चल्ने सडक | कि.मि. | ६०.५ | ६५.५ | ७० | ७५ | ८० |
| | बाह्रै महिना चल्ने सडकसँग पहुँच भएका घरपरिवार | संख्या | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| | सुरक्षित आवास तथा एकीकृत बस्ती विकास | संख्या | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| | भुकम्प प्रतिरोधि मापदण्ड अनुसार बनेका भवन | प्रतिशत | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| | सिँचाई सुविधा पुगेको कृषि योग्यभूमि | हेक्टर | २०४५ | २२५० | २३०० | २३५० | ४००० |
| | विद्युतीकरण भएको घरपरिवार | प्रतिशत | ९०.९२ | ९३ | ९४ | ९५ | ९७ |
| | खाना पकाउने ईन्धनमा विद्युतको उपयोग गर्ने घरपरिवार | प्रतिशत | ०.६६ | ०.७ | १. | १.५ | २ |
| | खानेपानी तथा शौचालय भएको घरपरिवार | प्रतिशत | ९१.६५ | ९३ | ९४ | ९५ | ९५ |
| | नगरपालिकाको LISA कोऔसत प्राताङ्क | प्रतिशत | ८६ | ८६ | ८८ | ८९ | ९० |

स्रोत: गोदावरी नगरपालिकाको आवधिक योजना (२०८०/८१-२०८४/८५)

## २.८ मध्यमकालीन नतिजा खाका

१६औं योजना, सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजना, नगरपालिकाको माथि उल्लिखित सोच, लक्ष्य, उद्देश्य, हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। यस खाकामा विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व.२०८२/८३,आ.व.२०८३/८४ र आ.व.२०८४/८५ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोस्रो र तेस्रो वर्षको लक्ष्य विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका देहायअनुसार तालिका २ मा प्रस्तुत गरिएको छ

### तालिका २.३ मध्यमकालीन नतिजा खाका (२०८२/८३ देखि २०८४/८५)

| क.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | आर्थिक वृद्धिदर | प्रतिशत | ७ | ७.४ | ७.४ | ७.६ | ८ | ८.२ |
| | प्रत्तिब्यक्तीआय | डलर | १५०० | १६०० | १६०० | १७०० | १८०० | २००० |
| | निरपेक्ष गरीवी | प्रतिशत | १७ | १६ | १६ | १५ | १४ | १३ |
| | रोजगार दर | प्रतिशत | ५५ | ५७ | ५७ | ५८ | ६० | ६५ |
| | बेरोजगार | प्रतिशत | ४४ | ४० | ४० | ३८ | ३६ | ३० |
| | बैदेशिक रोजगार | प्रतिशत | २८ | २७ | २७ | २६ | २५ | २४ |
| | विप्रेषण(प्रतिशत) | वार्षिक रु) | ४९ | ४९ | ४९ | ४८ | ४८ | ४७ |
| | कृषि योग्यजमिन | प्रतिशत | ५४.९० | ५४.९० | ५४.९० | ५४.९० | ५४.९० | ५४.९० |
| | खाद्यमा आत्मनिर्भरता (७ महिना भन्दा माथि पुग्ने) | प्रतिशत | २५ | ३० | ३० | ३० | ३५ | ३७ |
| | दुध उत्पादन | लि. | २७००० | ३०००० | ३०००० | ३३००० | ३६००० | ४०००० |
| | मासु उत्पादन | कि.ग्रा. | २३००००० | २४००००० | २४००००० | २५००००० | २६००००० | ३०००००० |
| | छाला उत्पादन | प्रतिशत | १० | २० | २० | २५ | २७ | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहकारी संस्था | संख्या | ५० | ५५ | ५५ | ५८ | ६० | ६५ |
| | कूल सिंचाई योग्यजमिन | हेक्र | २००२९ | २००२९ | २००२९ | १९००० | १८००० | १८००० |
| | हाल सिंचित जमिन | हेक्टर | ६००० | ६५०० | ६५०० | ७००० | ७५०० | ८५०० |
| | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ४४० | ५४० | ५४० | ६४० | ७५० | ९०० |
| | आलु व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ३८८ | ४८८ | ४८८ | ६०० | ७०० | ८०० |
| | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ३५० | ४५० | ४५० | ५५० | ६५० | ८०० |
| | अगुवा व्यवसायिक कृषक | संख्या | १५० | १७० | १७० | १८० | २०० | २२० |
| | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | प्रतिशत | १० | १५ | १५ | २० | २५ | ३० |
| | स्थानीय व्यवसायिक कृषिफार्म | संख्या | ६० | ७५ | ७५ | १०० | १२५ | १५० |
| | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | १४२ | १६२ | १६२ | १८२ | २०० | २२५ |
| | खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | ३५००० | ४०००० | ४०००० | ४५००० | ५०००० | ५५००० |
| | तरकारी उत्पादन | मे.ट. | १२०० | १३०० | १३०० | १५०० | २००० | २५०० |
| | फलफुल उत्पादन | मे.ट. | ११५० | १२०० | १२०० | १३०० | १४०० | १५०० |
| | मह उत्पादन | मे.ट. | २=५ | ३ | ३ | ३=५ | ४ | ५ |
| | कम्पोष्ट र जैविकमल उत्पादन | मे.ट. | २००० | २५०० | २५०० | ३५०० | ४५०० | ६००० |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | २० | २५ | २५ | ३० | ४० | ५० |
| | सक्रिय व्यवसायिक कृषक समूह | संख्या | १४५ | १५० | १५० | १६० | १८० | २०० |
| | सहकारीमा आवद्ध कृषक | संख्या | ४६०० | ४८०० | ४८०० | ५००० | ५८०० | ६४०० |
| | कोण्ड स्टोर/स्टोर क्षमता | संख्या मे.ट) | | | | | | |
| | उन्नतविउ, जैविकमल र | परिवार | १७०० | १७५० | १७५० | १८०० | १९०० | २१०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधी प्रयोग गर्ने | | | | | | | |
| | कृषिउपज संकलन तथा बजार प्रवर्धन केन्द्र | संख्या | ८ | १२ | १२ | १५ | १८ | २० |
| | प्रयोगमा आएका सिंचाई प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट आदी) | प्रतिशत | १० | २० | २० | २५ | ३० | ३५ |
| | सुचारु सिंचाई आयोजना | संख्या | ३ | ४ | ४ | ४ | ५ | ५ |
| | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५ |
| | कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | प्रतिशत | ५ | ६ | ६ | ७ | ८ | ९ |
| | कृषि उपजहरुको बार्षिक मूल्य (एकमुष्ट) हजार | रु. हजारमा | २०५०००० | २०५५००० | २०५५००० | २०६०००० | २०६५००० | २०७५००० |
| | पशुपंक्षी र सो जन्य उत्पादन मूल्य बार्षिक)हजार | रु. हजारमा | २३००००० | २३१०००० | २३१०००० | २३२०००० | २३३०००० | २३४०००० |
| | औद्योगिक वस्तु र सेवा उत्पादन मूल्य (बार्षिक) | रु. हजारमा | ४६००००० | ४६५०००० | ४६५०००० | ४६७५००० | ४७००००० | ४८००००० |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ६५ | ८५ | ८५ | १०० | १५० | २०० |
| | निकासीजन्य उद्योग | प्रतिशत | ३ | ५ | ५ | ७ | ९ | १२ |
| | वैकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ५५ | ६० | ६० | ६३ | ६५ | ७० |
| | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ४५० | ४५५ | ४५५ | ४६५ | ४८० | ५०० |

स्रोत: गोदावरी नगरपालिकाको आवधिक योजना २०८०/८१-२०८४/८५

## २.९ मध्यमकालीन बजेट खाका

यस गोदावरी नगरपालिकाको त्रि-वर्षीय बजेट खाका तर्जुमा गर्दा नगरपालिकाका वार्षिक नीति तथा कार्यक्रमको प्रवृत्ति, वार्षिक योजना तथा कार्यक्रमहरूको प्राथमिकता, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ । नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवं उपलब्धतालाई मध्यनजर गरिएको छ ।

मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ । विगत आर्थिक वर्षहरूको यथार्थ आय तथा खर्च, आर्थिक वर्ष २०८१/८२ को बजेट राजस्व तथा विनियोजनको संशोधित अनुमानका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ ।

प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोत व्यवस्था गरिएको छ । आन्तरिक स्रोत, राजस्व बाँडबाँटबाट उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । सङ्घीय सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी (वन तथा अन्य) र आन्तरिक स्रोत समेतका आधारमा नगरपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्तअनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारबाट गत विगत वर्षमा प्राप्त भएको रकमको आधारमा अनुमान तथा प्रक्षेपण गरिएको छ । यस आधारमा नगरपालिकाको गत तीन वर्षको यथार्थ आय र आगामी तीन वर्षको अनुमान तथा प्रक्षेपण देहायअनुसार रहेको छ ।

आ.व. २०८१/८२ को संशोधित अनुमानको आयका आधारमा यस नगरपालिकाको आगामी आगामी आर्थिक बर्ष२०८२/८३को अनुमानर तत्पश्चातका २ आर्थिक बर्षको बार्षिक आय र खर्च प्रक्षेपित रकम विवरण यस पालिकाको आवश्यकता, मध्यमकालीन नतिजा खाका, क्षेत्रगत नतिजा खाका र बित्त खाकाको आधारमा, तल तालिका ४ मा दिईएको छ.।

# तालिका २.४: समष्टिगत मध्यमकालीन बजेट खाका

| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|
| न `प ा ल | 235,840,000 | 134,035,424 | 134,035,424 | 198,000,000 | 217,800,000 | 239580000 | 655380000 |
| | 191,057,900 | 141,572,130 | 141,572,130 | 185,900,000 | 204,490,000 | 224939000 | 615329000 |
| | 407,550,000 | 374,234,666 | 374,234,666 | 441,179,000 | 485,296,900 | 533826590 | 1460302490 |
| | 22,000,000 | 16,499,991 | 16,499,991 | 30,000,000 | 33,000,000 | 36300000 | 99300000 |
| | 15,400,000 | 8,800,000 | 8,800,000 | 70,000,000 | 77,000,000 | 84700000 | 231700000 |
| | 17,611,000 | 11,962,469 | 11,962,469 | 18,700,000 | 20,570,000 | 22627000 | 61897000 |
| | 6,543,900 | 12,494,560 | 12,494,560 | 49,901,000 | 54,891,100 | 60380210 | 165172310 |
| | 67,095,050 | 51,596,554 | 51,596,554 | 65,000,000 | 71,500,000 | 78650000 | 215150000 |
| | 126,837,150 | 247,249,000 | 247,249,000 | 137,243,000 | 150,967,300 | 166064030 | 454274330 |
| | 286,000,000 | 76,727,534 | 76,727,534 | 81,640,000 | 89,804,000 | 98784400 | 270228400 |
| ज | **1375935000** | **1075172328** | **1075172328** | **1277563000** | **1405319300** | **1545851230** | **4228733530** |
| | | | | | | | |
| | 426,827,500 | 184,013,739 | 184,013,739 | 428,330,000 | 471,163,000 | 518,279,300 | **1,417,772,300** |
| | 132,000,000 | 117,988,678 | 117,988,678 | 120,000,000 | 132,000,000 | 145,200,000 | **397,200,000** |
| | 152,157,500 | 97,497,720 | 97,497,720 | 17,084,000 | 18,792,400 | 20,671,640 | **56,548,040** |
| | 407,550,000 | 374,234,666 | 374,234,666 | 441,179,000 | 485,296,900 | 533,826,590 | **1,460,302,490** |
| | 37,400,000 | 25,299,991 | 25,299,991 | 71,070,000 | 78,177,000 | 85,994,700 | **235,241,700** |
| | 110,000,000 | 120,000,000 | 120,000,000 | 200,000,000 | 220,000,000 | 242,000,000 | **662,000,000** |
| | **1,375,935,000** | **998,444,794** | **998,444,794** | **1,277,663,000** | **1,405,429,300** | **1,545,972,230** | **4,229,064,530** |
| | | | | | | | |
| | 11,862,000 | 9,163,395 | 9,163,395 | 6,500,000 | 7,150,000 | 7,865,000 | **21,515,000** |
| | 1,200,000 | 927,000 | 927,000 | 1,000,000 | 1,100,000 | 1,210,000 | **3,310,000** |
| | 3,080,000 | 2,379,300 | 2,379,300 | 1,000,000 | 1,100,000 | 1,210,000 | **3,310,000** |
| | 600,000 | 463,500 | 463,500 | 550,000 | 605,000 | 665,500 | **1,820,500** |
| ि `स च ि | 21,870,000 | 16,894,575 | 16,894,575 | 623,200 | 685,520 | 754,072 | **2,062,792** |
| | 800,000 | 618,000 | 618,000 | 679,800 | 747,780 | 822,558 | **2,250,138** |
| | 12,763,000 | 9,859,418 | 9,859,418 | 8,300,000 | 9,130,000 | 10,043,000 | **27,473,000** |
| | 25,100,000 | 19,389,750 | 19,389,750 | 500,000 | 550,000 | 605,000 | **1,655,000** |
| | 575,000 | 444,188 | 444,188 | 10,000,000 | 11,000,000 | 12,100,000 | **33,100,000** |
| | 850,000 | 656,625 | 656,625 | 1,000,000 | 1,100,000 | 1,210,000 | **3,310,000** |
| | 3,725,000 | 2,877,563 | 2,877,563 | 300,000 | 330,000 | 363,000 | **993,000** |
| | **82,425,000** | **63,673,313** | **63,673,313** | **30,453,000** | **33,498,300** | **36,848,130** | **100,799,430** |
| | | | | | | | |
| स ा म ा ि ज | 7,865,000 | 5,670,665 | 5,670,665 | 6,237,732 | 6,861,505 | 7,547,655 | **20,646,891** |
| | 5,945,000 | 4,286,345 | 4,286,345 | 2,000,000 | 2,200,000 | 2,420,000 | **6,620,000** |
| | 71,777,000 | 55,447,733 | 55,447,733 | 1,500,000 | 1,650,000 | 1,815,000 | **4,965,000** |
| | 10,220,000 | 7,894,950 | 7,894,950 | 4,500,000 | 4,950,000 | 5,445,000 | **14,895,000** |
| | 399,569,000 | 288,089,249 | 288,089,249 | 89,642,268 | 98,606,495 | 108,467,144 | **296,715,907** |
| | 68,538,000 | 49,415,898 | 49,415,898 | 23,700,000 | 26,070,000 | 28,677,000 | **78,447,000** |
| | 21,488,000 | 14,352,388 | 14,352,388 | 4,150,000 | 4,565,000 | 5,021,500 | **13,736,500** |
| | **585,402,000** | **425,157,227** | **425,157,227** | **131,730,000** | **144,902,999** | **159,393,299** | **436,026,298** |
| | | | | | | | |
| | 264,548,000 | 201,638,486 | 201,638,486 | 69,500,000 | 76,450,000 | 84,095,000 | **230,045,000** |
| | 27,310,000 | 21,140,591 | 21,140,591 | 24,900,000 | 27,390,000 | 30,129,000 | **82,419,000** |
| | 5,160,000 | 4,024,800 | 4,024,800 | 2,883,000 | 3,171,300 | 3,488,430 | **9,542,730** |
| | 1,083,000 | 844,740 | 844,740 | 2,200,000 | 2,420,000 | 2,662,000 | **7,282,000** |
| | 50,000 | 51,000 | 51,000 | 82,450,000 | 90,695,000 | 99,764,500 | **272,909,500** |
| | **298,151,000** | **227,699,617** | **227,699,617** | **181,933,000** | **200,126,300** | **220,138,930** | **602,198,230** |
| | | | | | | | |

## २.१० बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| **२.१.५** | १ | ८२,४२५,००० | ८ | ६३,६७३,३१३ | ९ | ३०,४५३,००० | ५ | ३३,४९८,३०० | ५ | ३६,८४८,१३० | ६ |
| **२.१.६** | २ | २९८,१५१,००० | ३० | २२७,६९९,६१७ | ३१ | १३१,७३०,००० | २३ | १४४,९०२,९९९ | २४ | १५९,३९३,२९९ | २४ |
| **२.१.७** | ३ | ५८५,४०२,००० | ५९ | ४२५,१५७,२२७ | ५७ | १८१,९३३,००० | ३२ | २००,१२६,३०० | ३३ | २२०,१३८,९३० | ३३ |
| **२.१.८** | ४ | ७,३८०,००० | १ | ८,११८,००० | १ | ९,१००,००० | २ | १०,४६५,००० | २ | १२,०३४,७५० | २ |
| **२.१.९** | ५ | २५,४०७,००० | ३ | २०,०२१,१३८ | ३ | २१३,४००,००० | ३८ | २२४,७४०,००० | ३७ | २३६,७१४,००० | ३६ |
| **कुल जम्मा** | | ९९८,७६५,००० | १०० | ७४४,६६९,२९४ | १०० | ५६६,६१६,००० | १०० | ६१३,७३२,५९९ | १०० | ६६५,१२९,१०९ | १०० |

**रकम रु. हजारमा**

## ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | २ | ७ | ८ | ९ | १० | ११ | १२ |
| पहिलो (P1) | 98 | 283,996 | 58 | 312,395 | 58 | 374,874 | 62 |
| दोस्रो (P2) | 78 | 201,620 | 42 | 221,782 | 42 | 232,871 | 38 |
| कूल जम्मा | | 485,616 | 100 | 534,177 | 100 | 607,745 | 100 |

रकम रु. हजारमा

## ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | २ | ७ | ८ | ९ | १० | ११ | १२ |
| 1 | गरिबीको अन्त्य | 3,800 | 0.78 | 4180 | 0.78 | 4598 | 0.78 |
| 2 | शुन्य भोकमरी | 21,350 | 4.40 | 23485 | 4.40 | 25833.5 | 4.40 |
| 3 | स्वस्थ जीवन | 20,510 | 4.22 | 22561 | 4.22 | 24817.1 | 4.22 |
| 4 | गुणस्तरीय शिक्षा | 87,117 | 17.94 | 95828.7 | 17.94 | 105411.57 | 17.94 |
| 5 | लैंगिक समानता | 3,790 | 0.78 | 4169 | 0.78 | 4585.9 | 0.78 |
| 6 | स्वच्छ पानी र सरसफाई | 1,500 | 0.31 | 1650 | 0.31 | 1815 | 0.31 |
| 7 | आधुनिक उर्जामा पहुँच | 1,500 | 0.31 | 1650 | 0.31 | 1815 | 0.31 |
| 8 | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | 4,300 | 0.89 | 4730 | 0.89 | 5203 | 0.89 |
| 9 | उद्योग नवीन खोज र पूर्वाधार | 0 | 0.00 | 0 | 0.00 | 0 | 0.00 |
| 10 | असमानता न्यूनीकरण | 0 | 0.00 | 0 | 0.00 | 0 | 0.00 |
| 11 | दिगो शहर र बस्ती | 74850 | 15.41 | 82335 | 15.41 | 90568.5 | 15.41 |
| 12 | दिगो उपभोग र उत्पादन | 100 | 0.02 | 110 | 0.02 | 121 | 0.02 |
| 13 | जलवायु परिवर्तन अनुकूलन | 19,100 | 3.93 | 21010 | 3.93 | 23111 | 3.93 |
| 14 | सामुद्रिक स्रोतको उपयोग | 0 | 0.00 | 0 | 0.00 | 0 | 0.00 |
| 15 | भूसतह स्रोतको उपयोग | 0 | 0.00 | 0 | 0.00 | 0 | 0.00 |
| 16 | शान्ति, न्याय र सबल संस्था | 7,570 | 1.56 | 8327 | 1.56 | 9159.7 | 1.56 |
| 17 | दिगो विकासको लागि साझेदारी | 40,500 | 8.34 | 44550 | 8.34 | 49005 | 8.34 |
| 18 | अन्य | 199,629 | | 219,592 | | 241,551 | |
| | कुल जम्मा | 485,616 | | 534,178 | | 587,595 | |

रकम रु. हजारमा

### घ. लैंगिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| सङ्केत नम्बर | लैंगिक संकेत | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | २ | ७ | ८ | ९ | १० | ११ | १२ |
| ०१ | निर्दिष्ट | ५८२७३.९२ | १२.०० | ६४१०१.३१२ | १२.०० | ७०५११.४४३२ | १२.०० |
| ०२ | सहयोगी | १८४५३४.१ | ३८.०० | २०२९८७.४९ | ३८.०० | २२३२८६.२३७ | ३८.०० |
| ०३ | तटस्थ | २४२८०८ | ५०.०० | २६७०८८.८ | ५०.०० | २९३७९७.६८ | ५०.०० |
| कुल जम्मा | | ४८५६१६ | १००.०० | ५३४१७७.६ | १००.०० | ५८७५९५.३६ | १००.०० |

**रकम रु. हजारमा**

### ङ. जलवायु सङ्केतको आधारमा मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण

| सङ्केत नम्बर | जलवायु परिवर्तन संकेत | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | | |
| १ | २ | ७ | ८ | ९ | १० | ११ | १२ |
| ०१ | प्रत्यक्ष | ४८५६१.६ | १०.०० | ५३४१७.७६ | १०.०० | ५८७५९.५४ | १०.०० |
| ०२ | अप्रत्यक्ष | ३३९९३.१२ | ७.०० | ३७३९२.४३ | ७.०० | ४११३१.६८ | ७.०० |
| ०३ | तटस्थ | ४०३०६१.३ | ८३.०० | ४४३३६७.४ | ८३.०० | ४८७७०४.१ | ८३.०० |
| कुल जम्मा | | ४८५६१६ | १००.०० | ५३४१७७.६ | १००.०० | ५८७५९५.४ | १००.०० |

**रकम रु. हजारमा**

### च. नगर गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

नगरको सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई नगर गौरवका आयोजनाको रुपमा प्रस्ताव गरिएको छ । नगर गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०८२/८३ को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका ६ मा प्रस्तुत गरिएको छ । गौरवका आयोजनाहरु नगर कार्यपालिकाले पारित गरी परियोजना बैंकमा समावेश गरिएका छन ।

# नगर गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

रकम रु. हजारमा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| . . | | | | | | ( ) | | | | | | . . |
| | | 15 अ ंक | 10 | 10 | 10 | | ( ) | 15 | 15 | 15 | | |
| क) | | | | | | | | | | | - | |
| | | | | | | | | | | | 94.00 | P 1 |
| | | | | | | | | | | | 89.00 | P 1 |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | 91 | P 1 |
| ) | | | | | | | | | | | | |
| | | | 10 | 10 | | 5 | 3 | | | | 84 | P 1 |
| | | | 10 | | | | 3 | | | | 79 | P 1 |
| | | 15 | 10 | 10 | | | 3 | | | | 79 | P 1 |
| | | 15 | 10 | 10 | | | 3 | | | | 79 | P 1 |
| | | | 10 | 10 | | | 3 | | | | 74 | P 2 |
| | | 15 | 10 | 5 | | | 3 | | | | 74 | P 2 |
| | | 15 | 10 | 6 | | | 3 | | | | 76 | P 1 |
| | | 15 | 10 | | | | 3 | | | | 79 | P 1 |
| | , | | | | | | | | | | | |
| | | | 10 | | | | 3 | | | | 78 | P 1 |
| | | | 10 | | | | 3 | | | | 78 | P 1 |
| | | | 10 | | | | 3 | | | | 78 | P 1 |
| | | | 10 | | | | 3 | | | | 78 | P 1 |
| | | | 10 | | | | 3 | | | | 78 | P 1 |
| | | | 10 | | | | 3 | | | | 78 | P 1 |
| | | | 10 | | | | 3 | | | | 78 | P 1 |

| . . | | ( ) | | | | | आ आा. .ा म | . . | . . |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | . . . | . . . | . . . |
| | | 327894282.06 | | | / / | | 114,762,999 | 98,368,285 | 114,762,999 |
| | | 86898738.46 | | | / / | | 34,759,495 | 34,759,495 | 17,379,748 |
| | | 62229242.53 | | | / / | । | 21,780,235 | 18,668,773 | 21,780,235 |
| | | 547534491.81 | | | / / | | 191,637,072 | 164,260,348 | 191,637,072 |
| | | 122917177.31 | | | / / | | 43,021,012 | 36,875,153 | 43,021,012 |
| | | 260170757.20 | | | / / | | 91,059,765 | 78,051,227 | 91,059,765 |
| | | 131579760.00 | | | / / | | 46,052,916 | 39,473,928 | 46,052,916 |
| | | 141125520.99 | | | / / | | 49,393,932 | 42,337,656 | 49,393,932 |
| | | 123305473.79 | | | / / | | 43,156,916 | 36,991,642 | 43,156,916 |
| | | 99524113.61 | | | / / | | 34,833,440 | 29,857,234 | 34,833,440 |
| | | 199164667.24 | | | / / | | 69,707,634 | 59,749,400 | 69,707,634 |
| | | 50875277.13 | | | / / | | 17,806,347 | 15,262,583 | 17,806,347 |
| | | 331431642.24 | | | / / | | 116,001,075 | 99,429,493 | 116,001,075 |
| | | | | | / / | | | | |
| | | | | | / / | | | | |
| | | | | | / / | | | | |
| | | | | | / / | | | | |

### ख. विषय उपक्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तल तालिकामा प्रस्तुत गरिएको छ । यसमा आ.व. २०८२/८३ कोलागि नगरपालिकाको कुल वार्षिक बजेट रु. अरब करोड लाख हजार अनुमान गरिएको छ भने आ.व. २०८३/८४ का लागि रु. अरब करोड लाख हजारसय र तेस्रो आ.व. २०८४/८५ मा रु. अरब करोड लाख हजार हुने प्रक्षेपण गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण सम्बन्धी विवरण अनुसूची १ समावेश गरिएको छ ।

### छ. विषय क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**रकम रु. हजारमा**

| विषय क्षेत्र/ उपक्षेत्र | कायक्रम/ आयोजनाको संख्या | २ ८ ८३ को व्यय अनुमान | | | | २ ८ ८४ को खर्च प्रक्षेपण | | | | २ ८ ८५ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| आ थि | क | 30,453,000 | 28,329,800 | 2,123,200 | | 33,498,300 | 31,162,780 | 2,335,520 | | 36,848,130 | 34,279,058 | 2,569,072 | ० |
| सा म जि | क | 131,730,000 | 124,800,000 | 6,930,000 | | 144,903,000 | 137,280,000 | 7,623,000 | | 159,393,299 | 151,008,299 | 8,385,000 | ० |
| भ ौ ि त क पू | र्वाधार | 181,933,000 | 0 | 181,933,000 | | 200,126,300 | 0 | 200,126,300 | | 220,138,930 | 0 | 220,138,930 | ० |
| व तन थ | | 9,100,000 | | 9,100,000 | | 10,465,000 | 0 | 10,465,000 | | 12,034,750 | 0 | 12,034,750 | |
| स ु श ा | स न | 12,400,000 | 12,400,000 | 0 | | 13,640,000 | 5,328,443 | 0 | | 15,004,000 | 15,004,000 | 0 | |
| **कुल जम्मा** | | 365,616,000 | 165,529,800 | 200,086,200 | 0 | 402,632,600 | 173,771,223 | 220,549,820 | 0 | 443,419,109 | 200,291,357 | 243,127,752 | 0 |

# परिच्छेद-३
# आर्थिक विकास

## ३.१ पृष्ठभूमि

कुनै पनि देशको विकासका लागि आर्थिक गतिविधि अपरिहार्य कुराहरु हुन् । गोदावरी नगरपालिका सुदूरपश्चिमको तराई जिल्लामा रहेका प्रदेशकै केन्द्रविन्दु हो । धनगढी महेन्द्रनगर पछि गोदावरी नगरपालिकाको अत्तरिया आर्थिक गतिविधिमा अग्रणी र विकास हुदै गइरेहको नगरपालिका हो । यहाँ आर्थिक विकासका लागि चाहिने सडक यातायात, विद्युत, उर्जा, संचार, स्वास्थ्य संस्थाहरु, विद्यालय कलेज, बजार, उद्योगधन्दा कलकारखाना लगायत अत्यावश्यकीय सम्पूर्ण पूर्वाधारहरु बिकास भईरहेका छन् । राष्ट्रिय जनगणना २०७८ का अनुसार गोदावरी नगरपालिकामा कूल जनसंख्याको ७०.४ प्रतिशत जनसंख्या आर्थिक रुपले सकृय रहेको पाईन्छ जसमध्ये पूरुषतर्फ ७८.६ प्रतिशत र महिला तर्फ ६९.९ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्षम देखिन्छन् भने ६८.७४ प्रतिशत प्रत्यक्ष रुपले कृषि पेशामा आधारित रहेको पाईन्छ । त्यस्तै विदेशी नोकरी विशेष गरी भारतीय शहरहरुमा केन्द्रित नोकरीमा २६.४५ प्रतिशत जनसंख्या र ११.७४ प्रतिशत जनसंख्या स्वदेशी नोकरीमा केन्द्रित रहेको छ । नगरपालिका क्षेत्रभित्रको कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २६.९ प्रतिशत मात्र रहेको छ भने बांकि अन्य ७३.१ प्रतिशत गैर कृषि क्षेत्रको योगदान रहेको छ । यस नगरपालिकामा प्रमूख उत्पादन मध्ये धान, मकै, चामल, चिउरा, फर्निचर, चिरानी काठ आदिको बजार पूर्ण प्रतिस्पर्धाको आधारमा रहेको र आन्तरिक र बाह्य जिल्लामा बिक्री वितरण हुने गरेको देखिन्छ ।

आम्दानीको हिसावले यहां उत्पादित वस्तुहरुले जिल्लाको कूल आम्दानीमा नगण्य मात्र योगदान पुचाएको पाईन्छ । आयाततर्फ खाद्यान्न, तरकारी, फलफूल, इन्धन तथा निर्माण सामाग्रीहरु आयात गर्ने गरिन्छ । ३.१ आर्थिक अवस्था तथा रोजगारी कूल जनसंख्याको ८५.५३ प्रतिशत घरध’री कृषि पेशामा आवद्ध भएको पाईन्छ । त्यस्तै समाज सेवा ८.५८ प्रतिशत, प्राईभेट संस्थामा नोकरी ८.९० प्रतिशत, सरकारी नोकरी मा ५.५४ प्रतिशत, व्यापारमा ५.५२ प्रतिशत र व्यक्तिगत फर्ममा ५.१५ प्रतिशत जनसंख्या आवद्ध रहेको पाईन्छ । घरेलु उधोगमा आश्रीत घरपरिवार ७.८० प्रतिशत, दैनिक ज्याला मजदुरीमा आश्रीत जम्मा घरपरिवार २२.३३ प्रतिशत, र रिक्सा तथा ठेला गाढा चलाई जीवनयापन गर्ने जम्मा घरपरिवार १०.२९ प्रतिशत रहेको छ ।

## ३.२ समष्टिगत आर्थिक नीति र विकास योजना

मुलुकको शासन व्यवस्था सञ्चालन, व्यवस्थापन, विकास निर्माण, प्रतिरक्षा, शान्ति सुरक्षा र सेवा प्रवाह लगायतका हरेक क्रियाकलाप सञ्चालनको लागि अर्थको अपरिहार्यता रहदै आएको छ । आर्थिक नीतिले आर्थिक विकासमा सरकारी, निजी, र सहकारीक्षेत्रको भूमिकालाई स्पष्ट पार्ने, उदारीकरण तथा खुला. बजारमुखी अर्थव्यवस्था अनुरुप निजी, र सहकारीक्षेत्रको नियमन, व्यवस्थापन र परिचालन गरी स्वस्थ आर्थिक क्रियाकलाप कायम गर्न आर्थिक नीतिले महत्वपूर्ण भूमिका निर्बाह गर्दछ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यसोदावरी नगरपालिकामा कूल जनसंख्याको ७०.४ प्रतिशत आर्थिक रुपले सक्रिय रहेको पाईन्छ जसमध्ये पुरुष तर्फ ७८.६ प्रतिशत र महिला तर्फ ७९.९ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय देखिन्छन् ।भने ६८ .७४ प्रतिशत प्रत्यक्ष रुपले कृषि पेशामा सक्रिय रहेको पाईन्छ । त्यस्तै विदेशी रोजगारी विशेषगरी भारतीय शहरहरुमा केन्द्रित रोजगारीमा २६.४५ प्रतिशत जनसंख्या र ११.७४ प्रतिशत स्वदेशी रोजगारमा रहेको पाइन्छ ।नगरपालिकाक्षेत्र भित्रको कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २६.९ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान ७३.१ प्रतिशत रहेको पाइन्छ । यस नगरपालिकामा प्रमुख उत्पादन मध्ये धान, मकै, चामल, चिउरा, फर्निचर, चिरानी काठ आदिको बजार पूर्ण

प्रतिस्पर्धाको आधारमा रहेको र आन्तरिक र बाह्य जिल्लामा बिक्री वितरण हुने गरेको देखिन्छ ।तर देशका अन्य शहरोन्मुख ठाउाहरु जस्तै यस नगरपालिकामा पनि कृषि र हरियाली क्षेत्र खुम्चिदै जाने खतरा बढेको छ ।

यस नगरपालिकामा कूल जनसंख्याको ८५.५३ प्रतिशत घरधुरी कृषि पेशामा आवद्ध भएको पाईन्छ । त्यस्तै समाज सेमाज सेवामा ८.५८ प्रतिशत, प्राइभेट संस्थामा नोकरी गर्ने घरपरिवार ८.९०  प्रतिशत, व्यापारमा ५.५२ र व्यक्तिगत फर्ममा ५.१५ प्रतिशत घरपरिवार संलग्न रहेको पाईन्छ । घरेलु उद्योगमा आश्रित घरपरिवार ७.८ प्रतिशत, दैनिक ज्याला मजदुरीमा आश्रित घरपरिवार २२.३३ प्रतिशत र रिक्सा ढेला गाडा जस्ता पेशामा संलग्न घरपरिवार १०.२९ प्रतिशत रहेका छन् । यसर्थउत्पादन बढाउने, रोजगारीको अबसर बढाउने, सामाजिक सुरक्षा सुनिश्चित गर्ने, र जनताको जीवनस्तरमा सुधार गर्ने आर्थिक नीति हुनु आवश्यक हुन्छ ।

यस नगरपालिकामा प्रमुख उत्पादन मध्ये धान, मकै, चामल, चिउरा, फर्निचर, चिरानी काठ आदिको बजार पूर्ण प्रतिस्पर्धाको आधारमा रहेको र आन्तरिक र बाह्य जिल्लामा बिक्री वितरण हुने गरेको देखिन्छ । आम्दानीको हिसावले यहां उत्पादित वस्तुहरुले जिल्लाको कूल आम्दानीमा नगण्य मात्र योगदान पुयाएको पाईन्छ । आयाततर्फ खाद्यान्न, तरकारी, फलफूल, इन्धन तथा निर्माण सामाग्रीहरु आयात गर्ने गरिन्छ । यहाँको कूल जनसंख्याको ८५.५३ प्रतिशत घरधुरी कृषि पेशामा आवद्ध भएको पाइन्छ ।त्यस्तै सामाजिक सेवातर्फ ८.५८ प्रतिशत निजी तथा प्राइभेट संस्थाहरुका नोकरी गर्ने हरु ८.९० प्रतिशत सरकारी सेवा क्षेत्रमा काम गर्नेहरु ५.५४ प्रतिशत, व्यापार व्यवसायमा लागेका मानिसहरु ५.५२ प्रतिशत र विभिन्न फर्महरुमा संलग्नहरु ५.१५ प्रतिशत रहेका छन् । यस नगरपालिकामा घरेलु उद्योगमा आश्रित घरपरिवार ७.८ प्रतिशत दैनिक ज्याला मजदुरीमा लागेर घरपरिवार चलाउने घरधुरी २२.३३ प्रतिशत र रिक्सा ठेला गाडा चलाउने जीविका चलाउने घरपरिवार १०.२९ रहेका छन् ।

नेपाल सरकारले दिगो विकास लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा भोकमरीमुक्त विश्व बनाउने लक्ष्य अनुरुप नेपाल सरकारले वि.सं. २०७० सम्ममा खाद्यान्नमा आत्मनिर्भर हुने एवम् पाँच वर्ष भित्र कृषि उत्पापदकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ ।

नेपालको संविधानले सुनिश्चित गरेको नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ । नेपाल सरकार एवं प्रदेश सरकारले तर्जुमा गरेको नीति, कानून, योजना र लक्ष्यसाग तादाम्यता कायम गरी स्थानीय सरकारले समेत उक्त अधिकार सुनिश्चित गर्न योजनाबद्ध ढंगले प्रयास गर्न आवश्यक छ ।

## ३.३ कृषि

### ३.३.१ पृष्ठभूमि

दिगो विकासलक्ष्य अन्तर्गत सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य अनुरुप  नेपाल सरकारले वि.सं. सम्ममा खाद्यान्नमा आत्मनिर्भर हुने एवं पाँच वर्षभित्र कृषि उत्पादकत्व  दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ । यस नगरपालिकाको अधिकांस जमीन खेतियोग्य भएकोले अन्न उत्पादनको दृष्टिले यो नगरपालिका अगाडी रहेको छ । यस नगरपालिकाको मुख्य उत्पादन धान, मकै, गहु, उखु, आलु, दलहन, तेलहन तथा तरकारी मुख्य कृषि रहेका छन् । त्यसमध्ये पनि सबैभन्दा बढी धान उत्पादन हुने गरेको छ भने दोस्रोमा गँहु उत्पादन हुने गरेको छ ।यस नगरपालिकामा ६१०६.८१ टन धान, २५३१.१८ टन गँहु, ११.१३ टन मकै, ७२.५५ टन आलु,१.३ टन दलहन, ३.३६ टन तेलहन, ६.०४ टन तरकारी उत्पादन हुने गरेको पाइएको छ ।

यस नगरपालिकामा कुल घरपरिवार संख्या २१२५० मध्ये १७,६५५ अर्थात ८३.०८ प्रतिशत घरपरिवारसँग मात्र खेतियोग्य जमिन रहेको देखिन्छ भने बाँकी ३५९६ अर्थात १६.९२ प्रतिशत घरपरिवारसँग खेतीयोग्य जमिन नरहेको पाइन्छ । खाद्य सुरक्षाको दृष्टिकोणले आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने घरपरिवार ६० प्रतिशत रहेका छन् ।

### ३.३.२ समस्या तथा चुनौती

गोदावरी नगरपालिकाका अधिकांश जनताहरु कृषिमा आश्रित रहे पनि कृषि क्षेत्रमा केहि समस्याहरु देखिएका छन् । यस नगरपालिका खाद्यान्न वाली धान तथा गहँतर्फ आत्मनिभर भईसकेको हालको अवस्थामा पनि परम्परागत निर्वाहमुखी खेती प्रणाली कायम रहेको छ । भुउपयोग नीतिको अभावमा खेतीयोग्य र हरित क्षेत्र खम्चदै जान्, समयमा गुणस्तरीय बीउ, मल र प्राविधिक सेवा उपलब्ध नहुन्, स्थानीय स्तरमा बीउ उत्पादन, संरक्षण र उपयोग हुन नसक्नु, जंगली जनावरको कारण खेतीबालीमा क्षती पुग्नु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, सिंचाई सुविधा कमीले गर्दा मौसमी खेती हुनु तथा मौसमी रुपमा जग्गा बाझो रहनु, पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, खेतीयोग्य जमिन खण्डिकरण हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । साथै कृषि प्राविधिक जनशक्तिको कमी हुनु,कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको कमी तथा माटोको नियमित परीक्षण नहुनु, कोल्ड स्टोरको सुविधा नहुनु, कृषिमा कम श्रममुल्यांकनका कारण श्रमशक्तिको अभाव हुनु, वजार व्यवस्था नहुनु, जस्ता अन्य समस्याहरु पनि विद्यमान रहेका देखिन्छन् । यसका साथै व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वित्तीय सेवा पहुंचमा कमी हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

हरित क्षेत्र र अन्न भण्डारको रुपमा रहेको यस नगरमा स्थानीय हावापानी सुहाउादो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी विस्तार गर्न र कृषकहरुले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न पनि मुख्य चुनौती रुपमा देखिएका छन् । रैथाने बीउ विजनको संरक्षण र उपलब्धता नहुदा वाह्य तथा आनुवांशिक जातिय शुद्धता र गुणस्तर कम भएका बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यतालाइए कम गर्न, आयातीत बीउ विजन पनि समयमा उपलब्ध गराउन, जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानीकारक भार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिमलाई कम गर्नआदि यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

### ३.३.३. सोच

“व्यबसायिक पशुपक्षीपालन र कृषि खेती आत्मनिर्भर गोदावरीको आर्थिक समृद्धि”

### ३.३.४ लक्ष्य

कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास गर्ने ।

### ३.३.५. उद्धेश्य

१. कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण औद्योगिकरण वृद्धि गर्ने ।

### ३.३.६ रणनीति

१. युवा वर्गलाई कृषि पेशाप्रति आकर्षित गरी कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने ,

२. सामुहिक र सहकारी खेती प्रणाली प्रवर्द्धन गरी आधुनिक कृषिको नमुना प्रस्तुत गर्ने ,

३. अध्ययन अनुसन्धान र प्रमाणका आधारमा रैथाने कृषि उपजको संरक्षण, संवर्वद्धन र व्यावसायीकरण गर्ने,

४. कृषि उत्पादन प्रवर्धन, व्यवसायीकरण र विविधिकरण प्रोत्साहन गरी कृषकलाई उद्यमी बनाउने

५. कृषक एवं कृषिमा आधारित समूह तथा संस्थाहरुकोक्षमता अभिबृद्धि गर्ने

६. कृषि पूर्वाधारको विकास र विस्तार गर्ने

७. स्थानीय कृषि ब्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने

### ३.३.७ कृषि क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

कृषि क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ३.१ कृषिउप क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| कूल ग्राहस्थ उत्पादन ( २०७७/७८ को मूल्यमा) | रु करोडमा | ४४६ | ४९०.६ | ४९०.६ | ५२५ | ५७५ | ६५० |
| प्रति व्यक्ती ग्राहस्थ उत्पादन ( २०७७/७८ को मूल्यमा) | रु करोडमा | ४५.१७ | ४९.६८ | ४९.६८ | ५५ | ६१ | ६५.८३ |
| कूल आय ( २०७७/७८ को मूल्यमा) | रु करोडमा | १४९.८ | १६५ | १६५ | १६८ | १६९ | १६९ |
| प्रतिव्यक्ति आय ( २०७७/७८ को मूल्यमा) | रु हजारमा | १६० | १७६ | १७६ | १७८ | १८९ | १८० |
| बार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ७.४ | ७.४ | ७.५ | ७.७ | ६.९ |
| कृषिक्षेत्रको वृद्धिदर | प्रतिशत | २६.९ | २६.९ | २६.९ | २७ | २७.५ | २८ |

### ३.३.८ कृषिउपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

कृषिउपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ३.२: कृषिउपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२/८३ | ६५00000 | ६५00000 | | | | ६५00000 | | |
| २०८३/८४ | ७१५0000 | ७१५0000 | | | | ७१५0000 | | |
| २०८४/८५ | ७८६५000 | ७८६५000 | | | | ७८६५000 | | |

रकम रु. हजारमा

### ३.३.९ कृषिउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कृषिउपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ३.३: कृषिउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्य क्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | कृषि प्रसार कार्यक्रम | कृषीमा आधुनिकिकरण मार्फत आय आर्जनमा वृद्वी गर्ने | ०८२/८३ | ०८४/८५ | ६६२ | २०० | २२० | २४२ |
| | बगवानि विकास कार्यक्रम | न्गरपालिकामा फलफुल वगैचाको स्थापना गर्ने | ०८२/८३ | ०८४/८५ | २१५२ | ६५० | ७१५ | ७८७ |
| | बाली विज्ञान | जैविक बिषादि उत्पादन र प्रयोग मार्फत वाली संरक्षण गर्ने | ०८२/८३ | ०८४/८५ | १३२४ | ४०० | ४४० | ४८४ |
| | बालि संरक्षण | जैविक सुंरक्षणका लागी गडैलमल मल उत्पादन गर्ने | ०८२/८३ | ०८४/८५ | २६४८ | ८०० | ८८० | ९६८ |
| | वाली विकास कार्यक्रम | व्यसायीक कृषक / दिगो कृषि व्यवसाय पावर्द्धन गर्ने | ०८२/८३ | ०८४/८५ | ११९१६ | ३६०० | ३९६० | ४३५६ |

### ३.३.१० जोखिम पक्ष तथा अनुमान

कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन हुने अपेक्षा गरिएको छ । तीन तहका सरकारका नीति, योजना तथा कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । नगरपालिकाको ग्रामीण क्षेत्रमा रोजगार तथा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुने र कृषि पेशाप्रति युवाहरूको आकर्षण र सहभागिता वृद्धि भएको हुनेछ ।यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम न्यूनतम रहने अनुमान गरिएको छ ।

बजेटको कमीले यस कृषि क्षेत्रको उपलब्धि लक्ष्यअअनुसार हुन नसक्ने जोखिम रहेको छ ।

## ३.४ पशुपंक्षी

### ३.४.१ पृष्ठभूमि

नगरपालिकाका ग्रामीण क्षेत्रमा मुख्य रुपमा बाखा पालन, गाई पालन, रागा तथा भैसी, सुगुर तथा बंगुर, कुखुरा तथा माछा पालन रहेको देखिन्छ । यस तथ्यांकमा व्यवसायिक रुपमा र व्यक्तिगत प्रयोजनका लागी पालन गरेको पशुपंक्षीहरुको विवरण छुट्याईएको छैन । तर अधिकांश परिवारले व्यवसायिक रुपमा भन्दा पनि व्यक्तिगत उपभोगका लागी पशुपालन गरेको पाईन्छ । त्यसकारण नगरपालिकाले युवाहरुलाई उद्यमी बनाउनकालागी परिवेश सुहाउादो योजना बनाउनुपर्ने देखिन्छ ।

यस नगरपालिकामा रहेका कूल १२२५० घरपरिवार मध्ये १३१८० घरपरिवारले पशुपंक्षी पालन गरेको देखिन्छ । झन्डै ८० प्रतिशत परिवारहरु पशुपालनमा संलग्न रहेको देखिन्छ । सबैभन्दा बढी ८३१० कृषकहरुले गाईपालन र७२५२ घरपरिवारले बाखापालन गरेको देखिन्छ । भैसी पालन गरेका कृषकहरुको घरपरिवार संख्या ६३३८ रहेको छ भने भेडा, कुखुरा, खरायो, हाँस, मात्र पालन गरेका घरपरिवार एकदम न्यून रहेका देखिएका छन् ।

पशुपंछी स्थिति निर्वाहमुखी रहेको र व्यवसायिकरुपमा पशुपन्छीपालन ज्यादै कम रहेको छ ।चरण क्षेत्रका रुपमा घाँसे क्षेत्रहरु र डाले घाँसका रुखहरु पर्याप्त रहेकाले गाई, भैंसी, वाखा,बँडगुर, कुखुरापालन, हाँसपालन, माछा पालन, मौरी पालनको दृष्टिकोणले ज्यादै उपयूक्तक्षेत्र रहेको छ ।

खेतीयोग्य जमिन तथा वन क्षेत्रले हराभरा यस नगर क्षेत्रको माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र र भोगोलिक अवस्थिति आदिको विस्तृत अध्ययनको आधारमा कृषि, पशुपालन, वन, उद्योग र पर्यटन जस्ता वातावरणमैत्री आर्थिक विकासका कार्यक्रममा जोड दिन पर्ने देखिन्छ । यस नगरपालिकामा कृषि तथा पशुसेवाको क्षेत्रमा विकास गर्नका लागी एक कृषि विकास शाखा र एक पशुसेवा शाखा रहेको छ । जसले नगरपालिका क्षेत्रभित्र रहेका १२ वटै वडामा सेवा प्रवाह गरेको पाईन्छ ।वनजङ्गल, खुला क्षेत्र र कृषि क्षेत्र प्रर्याप्त रहेको कारण नगरपालिकाको ग्रामीण क्षेत्रमा चरण क्षेत्रको विकास गर्न सकिने र पशुजन्य उत्पादनको वजारको सम्भावना अधिक रहेको छ । उन्नत प्रविधि, नश्ल र आहार तथा खोर व्यवस्थापन आदिद्वारा पशुपंक्षीपालनलाई व्यावसायीकरण गरी उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा नगरपालिकामा पशुपालन कार्यलाई थप व्यवसायिक, उत्पादन र आयमूलक वनाउन सकिने संभावना देखिन्छ ।

### ३.४.२ समस्या तथा चुनौती

यस नगर क्षेत्रमा अझै पनि परम्परागत वा निर्वाहमुखी प्रणालीबाट पशुपंक्षीपालन हुनु, जम्मा ४ जना मात्र पशु सेवा प्राविधिक उपलब्ध हुनु, बुढीतोलामा रहेको बाख्रा फर्म र ब्याबसायिक बाख्रापालन बाहेक उन्नत जातको गाईभैसी, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थापनमा कमी तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य यस क्षेत्रका समस्या रुपमा रहिरहेको छ । एग्रोभेटको अभाव, उन्नत जातको घास खेती र चरन क्षेत्रको कमी, दक्ष जनशक्तिको कमी पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, पशु प्रसार सेवाको कमी, नश्ल सुधारमा ज्ञानको कमी, संक्रमक रोगवाट ग्रसित हुनु, उन्नत प्रविधिवाट पशुपालन व्यवसाय सञ्चालन गर्न नसक्नु ,पशुपालन व्यवसायमा विषयगत ज्ञानको कमी, वजार व्यवस्थापन नहुनु, ढुवानी महङगो हुनु, पशु आहाराको समस्या, पशुपालन परम्परागत हुनु यस क्षेत्रमा लगानी गर्नस्रोत र व्यवसायिकताको कमि, कुखुरापालन व्यवसायमा विमा नहुनु आदि समस्याहरु यस क्षेत्रमा देखिएका छन्।

आधुनिक तथा व्यावसायिक पशुपालनमा संलग्न व्यावसायिक कृषकको सङ्ख्या बढाउन, पूँजी र प्रविधिको उपयोग बढाइ आधुनिक र व्यवसायिक पशुपालनमा लगानीको आकार बढाइ उत्पादन र उत्पादकत्व बढाउन' यस क्षेत्रकोचुनौती रहेकाछन् ।

### ३.४.३ सोच

"व्यबसायिक पशुपक्षिपालन र कृषि खेती आत्मनिर्भर नगरवासी र आर्थिक प्रगति"

### ३.४.४ लक्ष्य

पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास भएको गर्ने

### ३.४.५ उद्देश्य

१. पशुपन्छी व्यवसाय वृद्धि गरी दुध,मासु, अण्डाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

२. नयाँ नौलो सम्भावना तथा बजार भएका पशुपन्छी व्यवसायलाई प्राथमिकता दिई रैथाने तथा परम्परागत वस्तु, विधि, प्रविधिलाई प्रवर्धन गर्ने ।

३: पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरण **गर्ने** ।

### ३.४.६ रणनीति

- स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र सम्वर्द्धन गरी मासु एवम् दूध उत्पादन वृद्धि गर्ने ।
- स्थानीय हावापानी, भू-बनोट, प्राकृतिक स्रोत र बजारको आधारमा व्यावसायिक पकेट क्षेत्र निर्माण गर्ने ।
- आधुनिक, व्यावसायिक पशुपालनमा युवा वर्गलाई आकर्षित गर्ने
- पशुपालन प्राविधिक सेवा केन्द्रको स्थापना एवम् भौतिक पूर्वाधार र जनशक्ति विकास गर्ने ।
- पशुपन्छी व्यवसाय वृद्धि गरी दुध,मासु, अण्डाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।
- नयाँ नौलो सम्भावना तथा बजार भएका पशुपन्छी व्यवसायलाई प्राथमिकता दिई रैथाने तथा परम्परागत वस्तु, विधि, प्रविधिलाई प्रवर्धन गर्ने ।
- पशु विकासकालागि उन्नत प्रविधि हस्तान्तरण गर्ने ।
- निजी क्षेत्रलाई पशुपन्छी व्यवसायमा आकृर्षण गरी रोजगार अभिवृद्धि गर्ने ।
- पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, प्रवर्धन, विविधिकरण र विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गन
- पशुपंक्षीजन्य उपजको वजार प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने
- पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवाको विस्तार गर्ने
- पशुपंक्षी पालन सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गन

### ३.४.७ पशुपंक्षीउपक्षेत्र क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

पशुपंक्षीउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ३.४पशुपंक्षीउप क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| दुध उत्पादन | लि. | २४५३६ | ३०००० | ३०००० | ३३००० | ३६००० | ४०००० |
| मासु उत्पादन | कि.ग्रा. | २२८७२१५ | २४००००० | २४००००० | २५००००० | २६००००० | ३०००००० |
| छाला उत्पादन | प्रतिशत | N/A | २० | २० | २५ | २७ | ३० |
| सहकारी संस्था | संख्या | ४४ | ५५ | ५५ | ५८ | ६० | ६५ |
| पशुपंक्षी र सो जन्य उत्पादन मूल्य बार्षिक)हजार | रु. हजारमा | २२८८६८७ | २३१०००० | २३१०००० | २३२०००० | २३३०००० | २३४०००० |
| व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ४३६ | ४५५ | ४५५ | ४६५ | ४८० | ५०० |

### ३.४.८ पशुपंक्षीउपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

पशुपंक्षी**उपक्षेत्र**को मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ३.५: पशुपंक्षी उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ८३00000 | ६८00000 | १५00000 | | | ८३00000 | | |
| २०८३।८४ | ९१३0000 | ७४८0000 | १६५0000 | | | ९१३0000 | | |
| २०८४।८५ | १00४३000 | ८२२८000 | १८१५000 | | | १00४३000 | | |

### ३.४.९ पशुपंक्षीउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

पशुपंक्षी उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ३.६:पशुपंक्षीउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | घाँसको बेर्ना तथा बीउ खरिद तथा वितरण कार्यक्रम | पशुपालनको लागत घट्ने तथा पशु पोषणमा सुधार हुने । | २०८२।८३ | २०८४।८५ | १८२१ | ५५० | ६०५ | ६६६ |
| | नश्लसुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम | नश्ल सुधार गरी दुध र मासु उत्पादनमा बृद्धि गर्ने । | २०८२।८३ | २०८४।८५ | ६६२ | २०० | २२० | २४२ |
| | पशु सेवा प्रसार, उपचा/ तथा अन्य पशु स्वास्थ्य शिविर सालवसाली कार्यक्रम | पशुपन्छीको उपचार सङ्ख्या शतप्रतिशले बृद्धि गर्ने । | २०८२।८३ | २०८४।८५ | ३३१० | १००० | ११०० | १२१० |

### ३.४.१० जोखिम पक्ष तथा अनुमान

देश तथा वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरूलाई कृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन्। प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.५. सिचाई

### ३.५.१ पृष्ठभूमि

यस नगरपालिका क्षेत्र भएर वग्ने मुख्य नदी तथा खोलाहरुमा मोहना, गोदावरी नदी, खुटिया, खैराना खोला र अन्य ससाना खोलाहरुले यस नगरपालिकामा स्थायी अथवा अस्थायी सिंचाई सुविधा उपलब्ध गराएका छन् । मोहना नदीले कैलाली जिल्ला र कन्चनपुर जिल्लाको सिमानालाई छुट्याउने काम गर्दछ । हाल प्रयोगमा रहेका सिंचाई प्रविधिहरुमा नहर, कुलो, बोरिङ, थोपा सिंचाई, रहेका छन् ।

सिंचाईका लागि मुख्यरुपमा यस नगरपालिकाको मूल नहर उत्तर रहेको खेतियोग्य जमिन मोहना र खुटिया सिंचाई आयोजनाको पहिलो चरणबाट सिंचाई सुबिधा उपलब्ध भै रहेको छ भने यस नगरपालिकामा रहेका खोला नालाहरुबाट सतह साना सिंचाई आयोजना सञ्चालन गर्न र चुरे भावर क्षेत्रका लागि लिफ्ट सिंचाई प्रणालीको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिने संभावना रहेको छ ।सम्पन्न भएका सिंचाई योजना मध्ये केही राम्रो सञ्चालन योग्य अवस्थामा छन्।

यस नगरपालिकामा हावापानी र मौसम अनुसार भुगोल छनोट गरेर खेति गर्ने हो भने खाद्यान्न उत्पादन हुने फाँट प्रशस्त रहनु, धेरै जलाधार क्षेत्र, सबै वडाका विभिन्न खोलानालाहरु प्रसस्त रहनु, थोपा सिंचाई प्रणालीको शुरुवात हुनु, खेती योग्य जमिनमा वाह्रै महिना सिंचाई सुविधा पुर्याउन नगरपालिकाले अठोट लिनु तथा प्राथमिकता तोक्नु, प्रदेश सरकार र सङ्घीय सरकारवाट प्राथमिकता दिनु सिंचाई विकासका अवसरहरु हुनु, उत्पादनमा वृद्धि गर्न प्राथमिकता दिनु, सिंचाईको लागि वित्तिय श्रोत वृद्धि गरिदै जानु आदि अवसरहरु समेत रहेका छन्।

### ३.५.२ समस्या तथा चुनौती

यस नगरपालिकामा सिंचाई श्रोत प्रयाप्त भएपनि सवै खेती योग्य जमिनमा सिंचाई सुविधा पुर्याउन सकिएको छैन ।संकलन पोखरी, भूमिगत सिंचाइ र लिफ्ट प्रणाली जस्ता वैकल्पिक सिंचाई आयोजना सञ्चालन हुन नसक्नु,नगरको उत्तरतर्फका भूभाग ९०० मीटरसम्मको उचाईमा रहेको कारण सतह तथा वैकल्पिक सिंचाई प्रणाली विस्तार गर्न समस्या रहेता र निर्माण भएका सिंचाईहरु पनि जीर्ण अवस्थामा रहेका छन्।

अरु जीर्णा अवस्थामा रहेकाछन्। परम्परागत कुलोको मुहानको स्थायी संरचना नहुँदा खेती लगाउने समयमा किसानहरुले ज्यादै समस्या व्यहोर्नु परेको छ । वाह्रै महिना सिंचाई सुविधा नहुनु, किसानको आर्थिक स्थिति राम्रो नहुनु, उत्पादकत्व न्यून रहनु, सिंचाई योजनाका गुणस्तर राम्रो नहुनु, लगत ज्यादै महङगो हुनु, सिंचाई शुल्क लगाउँन नसक्नु, वर्षा याममा पानी पोखरीमा सङ्कलन गरी हिउँदमा सिंचाईमा प्रयोग गर्ने सुविधा नहुनु, कृषि उत्पादन प्याकेजसंगै सिंचाई योजना सञ्चालन नहुनु आदि सिंचाई विकासमा देखिएको समस्याहरु छन्।

भरपर्दो सिंचाई व्यवस्था गर्न, सिंचाई योजनाको दिगो र गुणस्तर कायम गर्न, सिंचाई योजनाको मर्मत सम्भार गर्न, परम्परागत सिंचाईको मुहानहरुमा पक्की मुहान गराउन, व्यवसायिक रुपमा खेती गरेको जमिनहरुमा पालिकावाट सिंचाई व्यवस्थापनमा चुनौती रहेको छ । सिंचाई श्रोत नपुगेका खेती योग्य

जमिनमा थोपा सिंचाई प्रणाली विकास गर्न, विभिन्न निकायहरु बीच संमन्वय कायम गर्ने, सिंचाई योजनाहरु सञ्चालन गर्न आर्थिक तथा प्रविधिक, श्रोत व्यवस्थापन गर्न, जनशक्तिको व्यवस्थापन गर्न, जनसहभागिता वढाउन, कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि गर्न, कृषिमा उत्पादकत्व वढाउनु मुख्य चुनौतीहरु रहेको छ ।

### ३.५.३ सोच

कृषिको मुख्य आधार सिँचाई

### ३.५.४ लक्ष्य

सम्पूण कृषियोग्य भूमिमा कृषि उत्पादकत्व बृध्दिमा योगदान पुग्ने गरी वर्षैभरी दिगो एवं भरपर्दोसिंचाई सुविधा पुगेको हुनेछ ।

### ३.५.५ उद्देश्य

१. कृषियोग्यभूमीमा भरपर्दो सिंचाई सुविधा वाह्रै महिना पुर्याउनु ।
२. सञ्चालनमा रहेका सिंचाइ प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी दिगो तथा लाभदायी उपयोग गर्नु ।
३. सिंचाइको प्रभाव क्षेत्र बाहिर रहेका कृषि भूमिका लागि उपयुक्त सिंचाइ प्रणालीहरू विकास, विस्तार गर्नु ।
४. प्रविधिमा आधारित नयाँ आयोजनाहरूको विकास सिंचाई सुविधा नपुगेका ग्रामीण तथा पहाडी क्षेत्रमा सर्वसुलभ सिंचाइ सुनिश्चित गर्नु ।

### ३.५.६ रणनीति

१. वढि खेती हुने ठाउँको सिंचाई योजनालाई प्राथमिकतामा राख्ने रणनीति तयार गर्ने।
२. उत्पादन वृद्धिका लागि वैकल्पिक सिंचाई थोपा सिंचाई, पोखरी निर्माण जस्ता वैकल्पिक उपयाहरुकोबिकास र प्रयोग बढाउने
३. विद्यमान सिंचाइ प्रणालीको मर्मत सम्भार रस्तरोन्नति गर्ने

### ३.५.७ सिचाई उपक्षेत्र / कार्यक्रम क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

सिचाई उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ३.७: सिचाई उपक्षेत्र / कार्यक्रम क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२।८३ | २०८३।८४ | २०८४।८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| कुल सिंचाई योग्यजमिन | हेक्टर | २००२९ | २००२९ | २००२९ | १९००० | १८००० | १८००० |
| हाल सिंचित जमिन | हेक्टर | ३०९७ | ६५०० | ६५०० | ७००० | ७५०० | ८५०० |
| व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३४० | ५४० | ५४० | ६४० | ७५० | ९०० |

### ३.५.८ सिचाई उपक्षेत्रको  खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

सिचाई उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ३.८: सिचाई उप क्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२/०८३ | ६२३२०० | | ६२३२०० | | | ६२३२०० | | |
| २०८३/०८४ | ६८५५२० | | ६८५५२० | | | ६८५५२० | | |
| २०८४/०८५ | ७५४०७२ | | ७५४०७२ | | | ७५४०७२ | | |

### ३.५.९  सिचाई उपक्षेत्र/ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

सिचाई उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ३.९: सिचाई उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ.व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | सिंचाई कुलो निर्माण आयोजना | बाह्रै महिना संचाई सुविधा उपलब्ध गराई उत्पादनमा वृदी गर्ने सिचाइ सविधा बद्धि गर्ने | ०८२।८३ | ०८४।८५ | २०६२७९२ | २०४५ | २२५० | २२५० |

### ३.५.१०  जोखिम पक्ष तथा अनुमान

तीन तहकै सरकारहरूबीच नीति, कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । सञ्चालित कृषि आयोजनाहरूको दिगोपन सुनिश्चित हुनेछ । प्रविधि तथा नवीनतम खोज तथा विकास गरेर सिंचाइ व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

### ३.६ उद्योग, व्यापार, तथा व्यवसाय

### ३.६.१ पृष्ठभूमि

नेपालको सुदुर पश्चिमको आवासीय र व्यावसायिक संगमस्थल शहरको रुपमा यो नगरपालिका विकसित हुँदै गएको छ । नगरपालिका भित्र घरेलु, ठुला, मध्यम, साना तथा लघु उद्योग व्यापार व्यवसाय गरि जम्मा ८० वटा उद्योग व्यावसाय रहेको छ र मुख्य वजारका रुपमा अत्तरिया वजार, श्रीपुर, गोदावरी वजार, बुढीतोला वजार, स्याउली बजार, गेटा वजार रहेका छन ।यस नगरपालिकाको केन्द्र अत्तरिया वजार केन्द्र कैलाली जिल्लाकै महत्यपूर्ण व्यापारिक केन्द्रको रुपमा समेत विकसित भई रहेको छ । अत्तरिया बजार धनगढी एयरपोर्टवाट करीब ८ किलोमिटरको दुरीमा रहेको छ । यस एयरपोर्टवाट नेपालको संघीय राजधानी काठमाडौ ५ वटा बुद्ध र श्री एयरलाइन्सका जहाजहरुले आवतजावत सेवा प्रदान गरिरहेका छन् । यसका साथै यहांवाट नेपालगञ्ज, बुटवल,भरतपुर, पोखरा, काठमाडौ, हेटौडा, वीरगञ्ज,विराटनगर, झापालगायतका शहरहरुमा बस तथा अन्य सवारीका साधनहरुद्वारा प्रत्यक्ष जोडिएको छ ।

अत्याधुनिक तथा सुविधायुक्त विद्यालय तथा कलेज, निर्माणाधीन गेटा मेडिकल विश्वविद्यालय र टिचिङ हस्पिटल, खाद्य समाग्री संकलन तथा प्रशोधन, रसायनिक मल उत्पादन, दानाजन्य उद्योग तथा अन्य व्यापारिक गतिविधिहरु र एफएम रडियो समेत संचालन भईरहेका छन् । यसका अलावा, कृषि वजार केन्द्र समेत अत्तरिया वजार केन्द्रमा स्थापित भएको छ, जहां करिव ८० वटा व्यापारिक स्टलहरु रहेका छन, अत्तरिया कृषि बजारका आफ्नै व्यक्तिगत ढुवानीका साधनहरु ट्रक तथा ट्याकटरहरु रहेका छन भने यहा करिव १००० जना जनशक्तिहरुले प्रत्यक्ष रोजगारी पाईरहेका छन । यस केन्द्रमा संकलन भएका कृषि उत्पादनहरुलाई २०० ट्रकहरुले धनगढी, कन्चनपुर, टिकापुर, वर्दिया, नेपालगंज, दाङ, बुटवल तथा काठमाण्डा दैनिक रुपमा पठाउने गर्दछन् । यसका साथै, अत्तरिया वजार क्षेत्रमै करिव ९००० लिटर क्षमताको दुग्ध संकलन तथा प्रोसेसिङ्ग केन्द्रको समेत स्थापना गरिएको छ ।

यी माथि उल्लेखित साना ठूला उद्योग व्यापार तथा व्यवसायमार्फत नगरपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने गरेको छ भने यस नगरपालिकामा सडकहरुको विस्तार हुनु, गाउँवस्तीसम्म विद्युत पुर्याउनु, कृषि र वनमा आधारित उद्योगको लागि कच्चा पदार्थ नगरपालिकामा नै उपलव्ध हुनु, वैंकहरुको स्थापनाले कर्जा सुविधा हुनु, पानीको व्यवस्था हुनु, स्थानीय तथा प्रदेश सरकारले उद्योग क्षेत्रलाई प्राथमिकता दिनु, विदेशवाट फर्केका यूवाहरुले शीप सहित आउनु, रोजगारदातालाई सरकारले सम्मान गर्नु, उत्पादित वस्तुको लागि वजार प्राप्त हुनु आदि उद्योगको लागि अवसरहरु रहेका छन् ।

### ३.६.२ समस्या तथा चुनौती

संङघीय शासन प्रणाली कार्यान्वयन पछि उद्योग, ब्यापार तथा ब्यवसायको दर्ता, नवीकरण, कर तथा नियमन प्रक्रियामा रहेको नीतिगत तथा कानूनी जटिलताको कारण नगरपालिकामा धेरैजसो उद्योग, ब्यापार र ब्यवसायहरु दर्ता, नवीकरण नभै संचालनमा रहेका छन् । संचालनमा रहेका उद्योगहरु पनि परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि वित्तीय पहुंच नहुनु तथा स्थानीयस्तरमा विशेषज्ञ स्तरको दक्ष जनशक्तिको उपलब्धता नहुनु, उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना र प्रविधिमा कमीजस्ता उद्योग व्यवसाय विकासको समस्याकारुपमा रहेका छन् ।

साथै उद्योगमा लगानी नहुनु, कच्चा पदार्थको अभाव, स्थानीय श्रोत साधनको प्रयोग नहुनु, अग्रिम र पृष्ठ सम्बन्ध कमजोर रहनु, पूँजीको अभाव, दक्ष जनशक्तिको अभाव, उपयूक्त स्थानको अभाव, व्यावसायिकताको विकास नहुनु, उत्पादकत्व ज्यादै कम हुनु, उधमीको कमी, श्रोत तथा साधनको अपुग, शीपयूक्त श्रमिकको अभाव, ढुवानीको समस्या, लगानी महंगो पर्नु, उत्पादित वस्तुले वाहय वजारमा प्रतिस्पर्धा गर्न कठिन हुनु आदि समस्याहरु उद्योग क्षेत्रमा देखिएको छ ।

उद्योगको लागि उद्यमशिलता विकाससम्बन्धी चेतानमुलक क्रियाकलाप सञ्चालन गर्न, पुँजी सङ्कलन गर्न, तालिमको व्यवस्था गर्न, उद्योग स्थापना गर्ने उपयूक्त स्थानको छनोट गर्न, स्थानीय स्तरमा कच्चा पदार्थ उत्पादन र संकलन गर्न वन तथा कृषिमा आधारित उद्योगहरुलाई प्रोत्साहन गर्न, लगानीकर्तालाई आकर्षण गर्न, व्यावसायिक उत्पादन गर्न, सरोकारवालाको पहिचान गरी समन्वय र सहकार्य गर्ने जस्ता चुनैतिहरु रहेका छन्। नीतिगत तथा कानूनी प्रक्रियामा स्पष्टता ल्याई सो अनुसार उपरोक्त उद्योग, ब्यापार र ब्यवसायलाई नगरपालिकामा दर्ता गर्ने, सालबसाली नवीकरण गर्ने र नियमित र सहज रुपमा व्यावसाय कर तथा दस्तुर संकलन गर्ने प्रमुख चूनौती रुपमा रहेको छ,।यस नगरपालिकामा उद्योग व्यवसायमा संलग्न जनसंख्या न्यून रहेकोले उल्लिखित प्राविधक मानव श्रोतलगायत मानव श्रोतको सम्बन्धित क्षेत्रमा परिचालन गर्ने चुनौती रहेको देखिन्छ,।

### ३.६.३ सोच

नगरपालिकाको उद्योगको स्थापनावाट उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

### ३.६.४ लक्ष्य

कृषि वनमा आधारित उद्योगको स्थापनावाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास गर्ने ।

### ३.६.५ उद्देश्य

१. घरेलु तथा साना उद्योगवाट आय आर्जनमा वृद्धि गर्ने ।

२. कृषि तथा वनमा आधारित उद्योग सञ्चालन गरी रोजगार अभिवृद्धि गर्ने ।

३. उद्योग, व्यापार तथा व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि गर्ने ।

### ३.६.६ रणनीति

१. कृषिमा आधारित प्याकिङ्ग, प्रशोधन गर्ने उद्योगहरुलाई सहयोग गर्ने ।

२ उत्पादन भएका वस्तुको वजारीकरणको व्यवस्थापन नगरपालिकाले गर्ने नीति अवलम्वन गर्ने ।

३ नगरपालिकाको पहिचान, स्वरोजगार सहितको उद्यमशिल युवा अभियान कार्यक्रम लागु गर्ने ।

४ ग्रामीण क्षेत्र र वजार क्षेत्रसंग अन्तर सम्वन्ध कायम गरी समृद्धि हाशील गर्ने ।

५ उत्पादन वृद्धि गरी गरिब जनताको आय स्तर बढाउने कार्यक्रम गर्ने।

६ शुद्ध पिउने पानी प्रशोधन, आलुको चिप्स, फलफुलको जाम जस्ता उत्पादनमुखी उद्योगहरु विकासमा सहयोग गर्ने ।

७ कृषि तथा वन जन्य उद्योगवाट रोजगारीमा वृद्धि गर्ने

८ उद्योग स्थापना गर्न नगरपालिकाले सडक, विद्युत, खानेपानी लगायतका पूर्वाधार निर्माण गर्ने

९ विकासका गतिविधिहरुमा निजी क्षेत्रको लगानी आकर्षित हुने वातावरण तयार गर्ने ।

१०. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीप र रोजगारी सृजना गर्ने उद्योग, व्यवसायलाई प्राथमिकता दिई संचालन गर्ने

११. नगर क्षेत्रको विशेषता, मौलिकता र आर्थिक विकासको प्राथमिकता अनुसार औद्योगिक र ब्यवसायिक उत्पादनलाई विशिष्टीकरण गर्ने

१२. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने

१३. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता जोड दिने

१४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

### ३.६.७ उद्योग, व्यापार, तथा व्यवसाय उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ।

**तालिका ३.१०: उद्योग, व्यापार, तथा व्यवसाय उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ७.४ | ७.४ | ७.६ | ८ | ८.२ |
| स्थानीय व्यवसायिक कृषिफार्म | संख्या | ४५ | ७५ | ७५ | १०० | १२५ | १५० |
| सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | १३२ | १६२ | १६२ | १८२ | २०० | २२५ |
| खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | ३४०३७.८ | ४०००० | ४०००० | ४५००० | ५०००० | ५५००० |
| तरकारी उत्पादन | मे.ट. | ११३४.५६ | १३०० | १३०० | १५०० | २००० | २५०० |
| फलफुल उत्पादन | मे.ट. | १०८९.१८ | १२०० | १२०० | १३०० | १४०० | १५०० |
| मह उत्पादन | मे.ट. | २ | ३ | ३ | ३.५ | ४ | ५ |
| कम्पोष्ट र जैविकमल उत्पादन | मे.ट. | १८०० | २५०० | २५०० | ३५०० | ४५०० | ६००० |
| व्यवसायिक कृषि नर्सरी | संख्या | १५ | २५ | २५ | ३० | ४० | ५० |
| विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधी प्रयोग गर्ने | | | | | | | |
| औद्योगिक वस्तु र सेवा उत्पादन मूल्य ( बार्षिक) | रु. हजारमा | N/A | ४६५०००० | ४६५०००० | ४६७५००० | ४७००००० | ४८००००० |
| उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ५५ | ८५ | ८५ | १०० | १५० | २०० |
| निकासीजन्य उद्योग | प्रतिशत | N/A | ५ | ५ | ७ | ९ | १२ |

### ३.६.८ उद्योग, व्यापार, तथा व्यवसाय उपक्षेत्रकोखर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रकोमध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ३.११: उद्योग, व्यापार, तथा व्यवसाय उपक्षेत्रकोमध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२/८३.. | १०००००० | १०००००० | | | | १०००००० | | |
| २०८३/८४.. | ११००००० | ११००००० | | | | ११००००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४/८५.. | १२१०००० | १२१०००० | | | | १२१०००० | | |

### ३.६.९ उद्योग, व्यापार, तथा व्यवसाय उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ३.१२: उद्योग, व्यापार, तथा व्यवसाय उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | व्यवसाय कर शिक्षा, नियमित बजार अनुगमन | करशिक्षा सम्बन्धी चेतना दिने र समयमै कर तिर्ने बानीको विकास गर्ने | सालवसाली | | ३३१ | १०० | ११० | १२१ |
| | बेरोजगार युवा युवतीलाई उद्यमशिलता तालिम र लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन कार्यक्रम | बेरोजगार युवा तथा युवतिलाई व्यवसायीकरणमा जोड्नु । | सालवसाली | | ११३१ | ९०० | ११० | १२१ |

### ३.६.१० जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तहबीच नीति, कार्यक्रमबीच सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ । बेरोजगार युवाहरू कृषि तथा गैरकृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन् ।

## ३.७ पर्यटन तथा संस्कृति

### ३.७.१ पृष्ठभूमि

यस नगरपालिकामा धार्मिक तथा सामाजिक विविधताको धनी नगरपालिकाका रुपमा पनि चिन्न सकिन्छ । यहां विभिन्न जातजाती, धार्मिक आस्था, भेषभुषा तथा भाषाका मानिसहरू बसोबास गर्दछन् । यहां अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बसोवास छ भने बौद्ध, इस्लाम र इसाई धर्म मान्ने मानिसहरूको पनि वसोवास रहेको छ । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू रहेको पाईन्छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीकृष्ण जन्माष्टमी, गौरापर्व पहाडी समुदाय तथा हिन्दु धर्मालम्बीको मुख्य पर्व हुन् । त्यसैगरी, माघी र आईतवारी थारु चौधरी समुदायको मुख्य पर्वका रुपमा रहेको छ भने क्रिस्मस ईसाई धर्मालम्बीहरुका लागी महान् पर्वका रुपमा क्रीशमश डे रहदै आएको छ । विभिन्न धर्मालम्बीहरुका आ आफ्नै चाडपर्व भएतापनि वदलिदो समाजको स्वरुपका कारण सबै धर्मावलम्बीहरुले सबैका चाडपर्वहरुमा उत्सव मनाउदै आएको पनि पाईन्छ । त्यसैले परापूर्वकालदेखि नै चल्दै आएका यी र यस्ता सांस्कृतिक धरोहरहरुले समाजमा एकता र सौहार्दताको वातावरण सिर्जना गरेको पाईन्छ । त्यसकारण यी सांस्कृतिक उत्कृतष्टताहरुको जगेर्ना गर्नु जरुरी देखिन्छ ।

गोदावरी क्षेत्र एक प्रसिद्ध धार्मिक स्थल हुनुको कारण यो क्षेत्र पर्यटनकोलागि समेत महत्वपूर्ण वन्दै गएको छ । यद्यपी गोदावरी क्षेत्रको पर्यटकीय महत्वलाई गौमुखी झरना, गोदावरी शिवगंगा मन्दिर, त्रिवेणी धाम, बतासे डांडा जो चुरे पहाडको सबैभन्दा उच्च श्रृंखला मानिन्छ, यहांबाट कैलाश पर्वतको समेत अवलोकन गर्न सकिन्छ जस्ता महत्पपूर्ण क्षेत्रहरु गोदावरी नगरपालिकामा रहेका छन । तथापी, यो क्षेत्रको पर्यटन व्यवशायको विकास गर्न समग्र सुदूरपश्चिम प्रदेशलाई नै एकीकृत गर्नुपर्ने आवश्यकता रहेको छ । यस्तै जनस्तरवाट समेत धार्मिक तथा पर्यटनको महत्वलाई अगिंकार गरी यस नगरपालिकाको उत्तरी भेगमा जैविक सम्पदालाई वचाउन तथा समुदायको धार्मिक भावनालाई कदर गरि गाव्सी क्षेत्रमा समैजी मन्दिर, वनदेवी मन्दिर, हनुमान मन्दिर, भगवति मन्दिर, राधास्वामी संत्सग, मानव सेवा धर्म, तथा अत्तरिया क्षेत्रमा वौद्ध गुम्वाको समेत निर्माण गरिएको छ ।

यस नगरपालिकामा तालतलैया, मठ मन्दिर गुम्वा पनि रहेका छन् । त्यसैगरी उल्लेख्य सङ्ख्यामा प्राकृतिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका सम्पदाहरू रहेको हुँदा पर्यटन विकासको उल्लेख्य सम्भावना रहेको छ । यस नगरपालिकामा विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्व बोकेका सम्पदाहरू रहेका छन् । नगरपालिकामा जङ्गलमा विभिन्न किसिमका जनावर, पन्छी, विभिन्न फरक फरक किसिमको हावापानी हुनु, तराईका फाँट, लेक तथा चरन क्षेत्र हुनु, प्रत्येक डाँडाकाँडावाट सवै नगरक्षेत्र देखिने, विविध संस्कृति, रहन सहन हुनु, सुदूरपश्चिमी लोकभाका र रानाथारु समुदायको मौलिकसंस्कार हुनु, नगरमा पर्यटकीय संभावनाका लागि धार्मिक र पर्यावरणीय स्थानहरु रहनु आदि अवसरहरु रहेका छन् ।

### ३.७.२ समस्या तथा चुनौती

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि गुरुयोजना नहुनु, व्यवस्थित रुपमा थारु होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलब्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु प्रमुख समस्याको रुपमा देखिएका छन् । यसैगरी पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीति नियम नहुनु, पर्यटकीय विकासको लागि आवश्यक सूचना, पथ प्रदर्शकहरु लगायत प्रवर्धनात्मक कार्यहरुको कमी हुनु, पर्यटन विकासमा नीजि क्षेत्र, गैर सरकारी र समुदायको समन्वय र सहकार्यमा कमी हुनु र सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी नहुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेको देखिन्छ ।

स्वदेशी तथा विदेशी पर्यटकहरु उल्लेख्य मात्रमा आगमन नहुनु, धार्मिक तथा साँस्कृतिक स्थानहरुको पहिचान नहुनु, पर्यटकका लागि आवश्यक पूर्वाधार नहुनु, प्रवर्द्धन संरक्षण र प्रचार प्रसारको कमि निजी क्षेत्रवाट प्रयाप्त लगानी नहुनु, जस्ता समस्याहरु ग्रामीण पर्यटन क्षेत्रमा देखिएका छन् । यस्तैगरी पदमार्ग निर्माण गर्न नसक्नु, यूवाहरु नगरटोलमा नवस्नु, पर्यटकको लागि आवश्यक सामान वाहिरवाट ल्याउनु पर्ने वाध्यता हुनु, भाषा तालिम नहुनु, सहज यातायातको व्यवस्था नहुनु आदि पर्यटनसंग सम्वन्धित समस्याहरु रहेका छन्।

यस नगरपालिकामा भाषा, मौलिक कला तथा साँस्कृतिक सम्पदा प्रचुर संभावना भएर पनि सोको संरक्षण, प्रवर्धन र प्रचार प्रसारमा कमी रहेको देखिन्छ । कला, भाषा र सँस्कृति प्रवर्धनको लागि स्थापित पूर्णिमा साहित्य प्रतिष्ठानको भवन नभएको तथा साहित्यका विधाहरुमा प्रशिक्षणको अभाव रहेको छ । नगर क्षेत्रमा थारु संग्रालय निर्माण हुन बजेट लगायत स्थानको समस्या देखिएको छ भने थारु लगायत अन्य समुदायका परम्परागत भेषभुषा, बाजागाजा र सरसामानको लोप हुदैगएको छ । स्थानीयस्तरमा रहेका विभिन्न गुम्बा, मठ मन्दिरहरुको समोचित व्यवस्थापन हुन सकेको छैन । नगरपालिका भित्रका विभिन्न स्थानहरुमँ मठमन्दिरहरुको निर्माण अधुरा रहेका छन् ।

पर्यटन विकासको लागि आवश्यक पर्ने घरवास व्यवस्था गर्न, पर्यटन मार्ग निर्माण गर्न, भाषा तथा भान्सा व्यवस्थापन सम्वन्धी तालिम दिन, प्रचार प्रसार गर्न, पर्यटकको वसाई दिन लम्वाउन, पर्यटकको खर्च दर वढाउन, अरु गाउँसंग प्रतिस्पर्धा गर्न, लगानी वढाउन, यूवाहरुलाई ग्रामीण पर्यटनमा आर्कषण गर्न चुनौति रहेको छ ।

### ३.७.३ सोच

"विकासको आधार, सकरात्मक सोच, पर्यटन, प्रविधियूक्त मेहनती परिवार"

### ३.७.४ लक्ष्य

पर्यटनको माध्यमवाट नगरवासीको आर्थिक विकास गर्ने।

### ३.७.५ उद्देश्य

१.पर्यटनवाट आर्थिक स्थितिमा वृद्धि गर्ने

२. पर्यटनको लागि नयाँ ठाँउको पहिचान भई पुर्वाधार निर्माण गर्ने।

३. स्थानीय प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पूर्वाधार, सेवा सुविधा विकास तथा प्रवर्धन र पर्यटकीय आवागमनमा बृद्धि **गर्ने।**

### ३.७.६ रणनीति

१ पर्यटनलाई आर्थिक समृद्धिको प्रमुख सम्वाहकको रुपमा विकास गर्न पर्यटकिय स्थानको पहिचान तथा पूर्वाधार निर्माण गरी ग्रामीण पर्यटनलाई जोड गर्ने।

२. सरसफाईतथा सुन्दर वातावरण र घरवासको ब्यवस्था गर्ने ।

३ नगरपालिकाका पर्यटकीय क्षेत्रका विकासका लागि क्षेत्रहरुको पहिचान गरी सडक, खानेपानी, विद्युत सुविधा पुर्याउन नीति तयार गर्ने।

४ पर्यटकीय नगरको क्षमता अभिवृद्धि गरी ग्रामीण पर्यटनको नेतृत्व लिन सक्ने वनाईने ।

१. पर्यटकीय स्थल, स्रोत र सम्पदाको पहिचान नक्शाङ्कन, विकास र प्रवर्द्धन गर्ने

२. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने

३. पर्यटन क्षेत्रलाई नगर विकासको एक अग्रणी क्षेत्रको रुपमा विकास र प्रवर्धन गर्न संस्थागत आधार तयार गर्ने

४. पर्यटन विकासको माध्यमद्वारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने

५. थारु लगायत अन्य समुदायको स्थानीय कला, सँस्कृति भेषभुषा र सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकासको अवसरमा अभिबृद्धि गर्ने

### ३.७.७ पर्यटन तथा संस्कृति उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यसउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ३.१३:पर्यटन तथा संस्कृति उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.को अनुमानित उपलब्धि | ०८२।८३ | ०८३।८४ | ०८४।८५ |
|---|---|---|---|---|---|---|---|
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| नगरपालिका भ्रमण गर्ने बाह्य पर्यटक | संख्या | १०१६०० | १०१६०० | १०१६०० | १११७६० | १२२९३६ | १४१३७६ |

### ३.७.८ पर्यटन तथा संस्कृति उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यसउपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ३.१४: पर्यटन तथा संस्कृति उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | १०००००० | १०००००० | | | | १०००००० | | |
| २०८३।८४ | ११००००० | ११००००० | | | | ११००००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४।८५ | १२१०००० | १२१०००० | | | | १२१०००० | | |

### ३.७.९ पर्यटन तथा संस्कृतिउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ३.१५: पर्यटन तथा संस्कृतिउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | गोदावरी पर्यटकिय स्थल प्रवर्धन र विकास | स्थानीय स्तरमा पर्यटन प्रवर्धन गरी रोजगारी श्रृजना गर्ने | सालवसाली | | ३३१० | १००० | ११०० | १२१० |
| | अन्य मन्दिर निर्माण तथा प्रवर्धन | स्थानीय स्तरमा पर्यटन प्रवर्धनगर्ने | सालवसाली | | ३३१० | १००० | ११०० | १२१० |

### ३.७.१० जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, निजी क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र बेरोजगार युवाहरू पर्यटन व्यवसायमा आकर्षित हुनेछन्। पर्यटन, संस्कृतिका क्षेत्रमा आवश्यक बजेट कम भएमा वा पर्यटनसम्बन्धी कार्यक्रमले प्राथमिकता पाउन नसकेमा अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ।

### ३.८ भूमि व्यवस्था,सहकारी तथा वित्तीय सेवा

### ३.८.१ पृष्ठभूमि

यस नगरपालिकामा संचालित मूख्य वैकहरुमा राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैक लिमिटेड, बैंक अफ काठमाडौं लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, सिद्धार्थ विकास बैंक, एन आइ सी एशिया बैंक, एनएमवि बैंक,ग्लोबल आइएमइ बैंक आदि र निर्धन उत्थान बैंक जस्ता वित्तिय संस्थाहरु संचालनमा रहेका छन । यी सरकारी तथा प्राईभेट बैंक, सहकारी संस्थाहरु समेतबाट स्थानीय जनताहरुलाई व्यापार व्यवसायमा सहयोग पुर्याउनका लागि धितोमा र कतिपयले विना धितोमा अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन कर्जा उपलब्ध गराउदै आईरहेका छन । यस नगरपालिकाको आर्थिक क्रियाकलापहरु वढ्दै जानु, नागरिकहरुको आर्थिक स्थितिमा सुधार हुनु, नगरपालिकाले सेवा क्षेत्रको विकासको लागि विशेष प्रयासहरु अगाडि वढाउनु आदि अवसरहरु रहेका छन्।

### ३.८.२ समस्या तथा चुनौती

नगरपालिकाका सवै वस्तिमा सहज वैंकिङ्ग सुविधा नहुनु, आम्दानीको अधिकांश रकम घरखर्चमा नै प्रयोग हुनु, वैदेशिक रोजगारमा गएका पनि अदक्ष कामदारको रुपमा मात्र न्यून तलव सुविधामा जानु, उच्च किसिमका सेवा क्षेत्रको विकास नहुनु, लगानी गर्नको लागि आवश्यक श्रोतको अभाव रहनु, समाजमा वैदेशिक रोजगारवाट नकारात्मक असर देखिन थाल्नु, नोकरी खाए पछि गाउँ छोडी जाने प्रवृति वढि हुनु आदि समस्याहरु यस क्षेत्रमा रहेका छन्। सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीय समुदायमा आम्दानी तथा बचतको अभ्यासमा कमी रहनु यस क्षेत्रकोसमस्याहरुरहेका छन्।

उच्च स्तरको सेवा क्षेत्रको विकास गर्न, सवै क्षेत्रको समानुपातिक रुपमा विकास गर्न , प्रत्येक वडामा वैकंको स्थापना गरी स्थायीत्व दिन, प्रत्येक परिवारको वैंक खाता खोल्न, वसाई सराईलाई न्यूनीकरण गर्न, वैदेशिक रोजगार सीपयूक्त वढी पारिश्रमिक प्राप्त गर्ने क्षमताको विकास गर्न चुनौती रहेकोछ ।

### ३.८.३ सोच

सेवा क्षेत्रको विकासवाट आर्थिक समृद्धि

### ३.८.४ उद्देश्य

१. सेवा क्षेत्रको विकास गरेर नगरवासीकोआर्थिक स्थितिमा सुधार गर्न।

२. वैक तथा सहकारीता क्षेत्रमा सवैको पहुँच विस्तार गरेर जनताको जीवनस्तरमा व्यापक सुधार गर्न ।

३. वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि **गर्न** ।

### ३.८.५ रणनीति

१.सेवा क्षेत्रको विकास गरी जनताको जीवनस्तर सुधार गर्ने ।

२. सेवा क्षेत्रको विकासको लागि क्षमताअभिवृद्धि तथा सुदृढकरण नीति अवलम्वन गर्ने ।

३. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने

४. बैंकिङ तथा वित्तीय कारोवारमा नगरवासीको सहज पहुँच कायम गर्ने

### ३.८.६ भूमि व्यवस्था,सहकारी तथा वित्तीय सेवा उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ।

**तालिका ३.१६: भूमि व्यवस्था,सहकारी तथा वित्तीय सेवा उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को लक्ष्य | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### ३.८.७ भूमि व्यवस्था,सहकारी तथा वित्तीय सेवा उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस **उप**क्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ३.१७: भूमि व्यवस्था,सहकारी तथा वित्तीय सेवा उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |

### ३.८.८ भूमि व्यवस्था,सहकारी तथा वित्तीय सेवा उपक्षेत्रको उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस **उप**क्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ३.१८: भूमि व्यवस्था,सहकारी तथा वित्तीय सेवा उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ.व. | कुललागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ. | कुललागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## ३.९ श्रम, रोजगारी तथा गरिबी निवारण

### ३.९.१ पृष्ठभूमि

आर्थिक विकासको प्रमुख साधन मध्ये श्रम शक्ति एक हो । रोजगारीका प्रशस्त संभावना तथा अवसर उपलब्ध रहेको यस नगरका मुख्य क्षेत्रहरुमा २०० भन्दा बढी व्यापार, सेवा क्षेत्र, कृषि तथा पशुपंक्षी पालन, निर्माण क्षेत्र, पर्यटन, उद्योग तथा कलकाखाना रहेको देखिन्छ । युवा तथा वेरोजगार व्यक्तिलाई औद्योगिक तालिम, अवलोकन, आद्योगिक अभ्यासद्वारा दक्ष प्राविधिक मानव श्रोत उत्पादन गर्ने, विमा, पेन्सन, जीविकोपार्जन, स्वास्थ्योपचार लगायत सामाजिक सुरक्षाको माध्यमद्वारा श्रमको समस्या हल गरी रोजगारको अवसर सृजना गर्न सकिने देखिन्छ ।

नगरपालिकाका विभिन्न क्षेत्र तथा वडाहरूबीचमा भौगोलिक र विकासको अवस्थामा निकै भिन्नता रहेको छ । शहरी क्षेत्रका तुलनामा ग्रामीण क्षेत्रमा गरिबीको स्तर उच्च रहेको छ । गरिबी निवारणका लागि विभिन्न टुक्रे कार्यक्रमहरू रहेका भए पनि सञ्चालनमा आउन सकेको छैन र तिनले सकारात्मक परिणाम पनि आउन सकेको देखिँदैन ।

### ३.९.२ समस्या तथा चुनौती

सक्रिय उमेर समूहको जनसंख्यालाई उनीहरूको सीप ज्ञान, क्षमता अनुसार उचित रोजगारका अवसरहरूको कमी रहेको छ । रोजगारीका लागि सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा स्थानीय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन हुन सकेको छैन । फलतः आवश्यकता अनुसार सीप प्राप्त गरी स्थानीय स्रोत परिचालन एवम् आय आर्जनका काममा सक्रिय रहन सक्रिय जनसङ्ख्याको ठूलो हिस्सालाई अवसरको अभाव रहेकोले वैदेशिक रोजगारी लगायत बाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ । आर्थिक गतिबिधिमा देखा परेको शिथिलताका कारण रोजगारीको क्षेत्र सङ्कुचित भएको छ । दक्ष प्राविधिकको मानव श्रोतको उपलब्धता तथा श्रम समस्या (विमा, पेन्सन, जिविकोपार्जन, स्वास्थ्य उपचार आदि) लगायत सामाजिक सुरक्षा कार्यक्रम लागु नहुनु, श्रम शक्ति पलायन हुनु जस्ता यस क्षेत्रमा प्रमुख समस्या रहेको देखिएका छन् ।नगरपालिकाभित्र रहेका ग्रामीण तथा शहरी क्षेत्रहरूमा रहेका गरिबीका मूल कारणहरूको खोजी तदनुरुप योजना बन्न सकेको छैन । निरन्तरको बढ्दो महङ्गी, युवा पुस्तालाई रोजगारीका अवसरहरूको कमी, नयाँ व्यवसायका लागि आवश्यकता अनुसार ज्ञान, सीप र पूँजीको कमीजस्ता कारणहरूले गरिबी अझ बढेको छ र यसले गर्दा युवापुस्तामाथि आश्रित जनसङ्ख्याका समस्याहरू थप जटिल हुन जाँदा गरिबीको गहनता बढेको छ र भूमिहीनहरूको समस्या लामो समयदेखि सम्बोधन हुन सकेको छैन ।

सक्रिय उमेर समूहको जनसंख्यालाई उनीहरूको सीप ज्ञान, क्षमता अनुसार उचित रोजगारका अवसरहरू सिर्जना गर्नु, आर्थिक गतिबिधिमा तीब्रता ल्याउनु,र दक्ष प्राविधिकको मानव श्रोतको उपलब्धता बढाउनु,रगरिबको पहिचान गरी आवश्यक बजेटको व्यवस्था गर्नु आदि यस क्षेत्रमा प्रमुख चुनौतीरहेका छन्।

### ३.९.३ सोच

“नगरवासी र नगरपालिकाको सामुहिक अभियान, शान्ति र समृद्धि हाम्रो मुख्य पहिचान”

### ३.९.४ लक्ष्य

नगरपालिकाको जनसंख्याको उचित व्यवस्थापन गरी सम्पन्न र सुखी परिवारको निर्माण गर्ने ।

### ३.९.५ उद्देश्य

१. सानो र सुखी परिवारको निर्माण गर्नु ।

२. नगरपालिकावाट वसाईसराई गर्ने प्रवृतिलाई व्यवस्थापन गर्नु ।

३. श्रम तथा रोजमूलक आयोजना तथा कार्यक्रम विकास, विस्तर र प्रवर्धन **गर्नु** ।

### ३.९.६ रणनीति

१. एक परिवारमा वढिमा २ सन्तानको नीति अवलम्वन गर्ने ।
२. नगरपालिकावाट वसाई सर्नको लागि उत्प्रेरित गर्ने तत्वको पहिचान गरी सो स्थितिमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।
३. नगरपालिकामा संचालन हुने विकास निर्माण कार्य मार्फत श्रम तथा रोजगार प्रवर्धन गर्ने
४. नगरपालिकाको तत्कालिन, मध्यमकालिन र दीर्घकालिन अवधिका लागि रोजगार योजना बनाई सो अनुसार विकास निर्माण कार्य संचालन गर्ने
५. युवालाई लक्षित गरी उत्पादन, रोजगारी र आयमा बृद्धि गर्ने

### ३.९.७ श्रम, रोजगारी तथा गरिबी निवारणा उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ३.१९: श्रम, रोजगारी तथा गरिबी निवारणउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत | चालु | चालु | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|---|

| | | आ.व.सम्म को वास्तविक उपलब्धि | आ.व.को लक्ष्य | आ.व.सम मको अनुमानि त उपलब्धि | २०८२/८३ | २०८३/८४ | २०८४/८ ५ |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| **आर्थिक वृद्धिदर** | प्रतिशत | 6.8 | 7.4 | 7.4 | 7.6 | 8 | 8.2 |
| **प्रत्तिब्यक्तिआय** | डलर | 1400 | 1600 | 1600 | 1700 | 1800 | 2000 |
| **निरपेक्ष गरीवी** | प्रतिशत | 18.6 | १६ | १६ | १५ | १४ | १३ |
| **रोजगार दर** | प्रतिशत | 53.4 | ५७ | ५७ | ५८ | ६० | ६५ |
| **बेरोजगार** | प्रतिशत | 46.4 | ४० | ४० | ३८ | ३६ | ३० |
| **बैदेशिक रोजगार** | प्रतिशत | 28 | २७ | २७ | २६ | २५ | २४ |
| **विप्रेषण(प्रतिशत)** | वार्षिक रु) | N/A | 49 | 49 | 48 | 48 | 47 |
| **स्थानीय व्यवसायिक** | संख्या | 45 | 75 | 75 | 100 | 125 | 150 |
| **सक्रिय व्यवसायिक कृषक** | संख्या | 132 | 162 | 162 | 182 | 200 | 225 |
| **खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन** | मे.ट. | 34037.8 | 40000 | 40000 | 45000 | 50000 | 55000 |
| **तरकारी उत्पादन** | मे.ट. | 1134.56 | 1300 | 1300 | 1500 | 2000 | 2500 |
| **फलफुल उत्पादन** | मे.ट. | 1089.18 | 1200 | 1200 | 1300 | 1400 | 1500 |
| **मह उत्पादन** | मे.ट. | 2 | 3 | 3 | 3.5 | 4 | 5 |
| **कम्पोष्ट र जैविकमल उत्पादन** | मे.ट. | 1800 | 2500 | 2500 | 3500 | 4500 | 6000 |
| **व्यवसायिक कृषि नर्सरी** | संख्या | 15 | 25 | 25 | 30 | 40 | 50 |
| **सक्रिय व्यवसायिक कृषक** **समूह** | संख्या | 140 | 150 | 150 | 160 | 180 | 200 |
| **सहकारीमा आवद्ध कृषक** | संख्या | 4400 | 4800 | 4800 | 5000 | 5800 | 6400 |
| **उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति** | जना | 55 | 85 | 85 | 100 | 150 | 200 |
| **निकासीजन्य उद्योग** | प्रतिशत | N/A | 5 | 5 | 7 | 9 | 12 |
| **व्यवसायिक पशुपालनमा संलग्न परिवार** | संख्या | 436 | 455 | 455 | 465 | 480 | 500 |

### ३.९.८ श्रम, रोजगारी तथा गरिबी निवारण उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ३.२०: श्रम, रोजगारी तथा गरिबी निवारणउपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | १०००००० | १०००००० | | | | १०००००० | | |
| २०८३।८४ | ११००००० | ११००००० | | | | ११००००० | | |
| २०८४।८५ | १२१०००० | १२१०००० | | | | १२१०००० | | |

### ३.९.९ श्रम, रोजगारी तथा गरिबी निवारणउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र मध्यमकालीनकार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ३.२१: श्रम, रोजगारी तथा गरिबी निवारणउपक्षेत्र/ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |
| | | | | | | | | |

### ३.९.१० जोखिम पक्ष तथा अनुमान

श्रम, रोजगारी तथा गरिबी निवारणसम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । श्रम, रोजगारी तथा गरिबी निवारणका लागि समुदाय निजी क्षेत्र, स्थानीय सरकार, प्रदेश सरकार तथा सङ्घीय सरकारबीचको सहकार्यमा वृद्धि भएको हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा वा बजेटको अभाव भएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद-४
# सामाजिक विकास

## ४.१ सामाजिक विकास

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । संविधानतः शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरु मौलिक हकको रुपमा स्थापित भइसकेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । नेपाल सरकारले तर्जुमा गरेको १६ औं राष्ट्रिय योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधार हो भन्ने कुरालाई मनन गर्दै समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरालाई विशेष महत्व दिएको छ ।

शिक्षालाई वैज्ञानिक, व्यावसायिक, प्राविधिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुल नीतिअनुसार संरचनागत तथा नीतिगत आधारहरु  बन्दै गएका छन् । हालको अवस्थामा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता तर्फ थप अग्रसरता जरुरी देखिएको छ । सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्न आजको मख्य आवश्यकता रहेको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारको रुपमा लिई नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ ।

## ४.२ शिक्षा,कला, भाषा तथा साहित्य

### ४.२.१  पृष्ठभूमि

यस नगरपालिकामा ५३ सामुदायिक तथा २४ वटा निजी विद्यालयहरु  रकूल बिद्यार्थी अध्ययनरत संख्या ७१९९६ रहेता पनि शिक्षा क्षेत्रमा विभिन्न समस्या रहेका छन्। सरकारी तथा निजी क्षेत्रको सहयोगमा विद्यालयहरु क्रमश संचालन हुदै आएका छन । विद्यालय भर्नादर क्रमशः बृद्धि भइरहेकाले साक्षरता स्थितिमा समेत निकै बृद्धि भएको छ । जनगणना २०७८ अनुसार ७९.४० प्रतिशत जनता साक्षर रहेकोमा ८७.८० प्रतिशत पुरूष र ७२.० प्रतिशत महिला रहेका छन् । शिक्षा र मानव संशाधनको विकास सामाजिक विकासका आधारस्तम्भहरु भएको तथा यी दुई विषय एकआपसमा अन्तरसम्बन्धित भएका हुँदा आवधिक विकास योजना तर्जुमाका लागि शिक्षा तथा मानव संशाधनलाई सामाजिक विकास क्षेत्रको एक उपक्षेत्रका रुपमा लिइएको छ ।  छन् ।.

यस नगरपालिकामा गुणस्तरीय, व्यवसायिक र जीवपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरु विकास हुन सकेको छैन । समुदायको जनसंख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त रहेको छैन भने विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ । शिक्षाको क्षेत्रमा ठुलो संम्भावना बोकेको यस नगरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन हुन सकेको छैन । विद्यालयमा छात्रामैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागू हुन सकिरहेको छैन ।

### ४.२.२ समस्या तथा चुनौती

मा.वि. तहसम्मको विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवार स्थानीय तहलाई दिनु तर जनशक्तिको लागि आर्थिक ब्यबस्थापन तथा दरबन्दी सिर्जना गर्न नपाउनु शिक्षा क्षेत्रको सवै भन्दा ठूलो समस्या हो । आधारभुत तहमा जीवन उपयोगी शिक्षा नहुनु, माध्यमिक तहमा प्राविधिक र व्यावहारिक शिक्षा कमी, सामुदायिक र संस्थागत विद्यालय बीच गुणस्तरमा फरक रहनु, भौगोलिक दूरी, अभिभावकमा चेतनाको कमी, विद्यार्थीको सङ्ख्या घट्दै जानु, शिक्षकहरु पेशा प्रति आकर्षित नहुनु आदि समस्या देखिएका छ । यस्तै गरी साधन स्रोत र प्रभावकारी कार्यान्वयनमा कमी, दलित समुदायका वालवालिकाको भर्ना दर न्यून हुनु, बीचमा छोड्ने दर अधिक हुनु, विषयगत शिक्षकको समस्या, माग र विद्यालयहरुमा पूर्वाधार तथा प्रविधि विकास गर्नको लागि लगानीका श्रोतको कमी, छात्रावासको समस्या, वच्चाहरुलाई ल्याउन लैजानको लागि वस तथा अन्य सवारी साधनको कमी आदि समस्याहरु रहेका छन्।

वालविकास केन्द्रहरुमा वालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु, आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अविभावकहरुमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासन विहिनता अवस्था समेत देखिन थालेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाई रहेको र प्रधानाध्यापक तथा शिक्षकबीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सुचना प्रविधि साधनहरुको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक संग्राहलय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ । यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनपयोगी, व्यवसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा विद्यार्थी र अविभावकहरुमा विद्यमान शिक्षा प्रणाली प्रति नै वितृष्णा बढ्दै गएको स्थिति देखिन्छ ।

विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न, साक्षरता दरमा लिङ्ग, जातीगत, फरक हुंदा समानस्तरमा ल्याउन, शिक्षालाई समतामूलक, समावेसी वनाउन, विद्यालयको सवै तहमा गुणस्तरिय शिक्षाप्रदान गर्न, भौतिक पूर्वाधारको लागि लगानीका श्रोत प्राप्त गर्न, लगानीको अनुपातमा प्रतिफल प्राप्त गर्न, विद्यालयहरु आपसमा गाभ्न तथा मर्ज गर्न, आवशिय विद्यालय सञ्चालन गर्न, विद्यालयहरुमा जीवन उपयोगी र रोजगार प्राप्त गर्ने शिक्षा दिन, सिमान्तकृत समुदायका वालवालिकाको शैक्षिक स्तर उकास्न, प्राविधिक शिक्षा दिने व्यवस्था मिलाउन, शिक्षकलाई पढाउनउत्प्रेरणा जनगरन, विद्यालयमा छोड्ने दर शुन्यमा झार्न, समुदायलाई विद्यालय प्रति अपनत्व कायम गर्न आदि चुनौतीहरु रहेका छन्।

### ४.२.३ सोच

”शिक्षित र समुन्नत वालवलिका गौरवपूर्ण हाम्रो नगरपालिका“

### ४.२.४ लक्ष्य

नगरपालिका शिक्षण पद्धतिमा सुधार गरेर जनताको जीवनस्तरमा व्यापक परिवर्तन गर्ने ।

### ४.२.५ उद्धेश्य

१. गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी आय आर्जन र विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्ने ।

२. उच्च सिकाई, वालमैत्री र जवाफदेही विद्यालय प्रशासन निर्माण गर्ने ।

३. सुविधा सम्पन्न, भौतिक सुविधायूक्त, दक्ष, योग्य र उत्प्रेरित जनशक्ति भएको विद्यालय व्यवस्था गर्ने ।

### ४.२.६ रणनीति

१ गुणस्तरिय शिक्षा प्रदान गर्न आवश्यक पहल तथा कार्यान्वयन गर्ने ।

२ उच्च सिकाई, वालमैत्री र जवाफदेही  विद्यालय प्रशासन निर्माण गर्ने ।
३ सञ्चालनमा रहेका विद्यालयहरुको पढाइको स्तर उच्च राख्नको लागि पाठ्यक्रम, अध्यापन विधि, विषय शिक्षकको छनोट प्रणालीको विकास गर्ने ।
४ विद्यालयको शिक्षण पद्धतिलाई व्यापक सुधार गर्ने ।

### ४.२.७ शिक्षा,कला, भाषा तथा साहित्यउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ४.१: शिक्षा कला, भाषा तथा साहित्यउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | | जोखिम पक्ष | | |
|---|---|---|---|---|---|---|
| | | आधाररेखा ०८१/८२ सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| शिक्षा | | | | | | |
| साक्षरता दर | प्रतिशत | 85 | 87 | 90 | 92 | |
| महिला साक्षरता दर | प्रतिशत | 80 | 85 | 90 | 95 | |
| पुरुष साक्षरता दर | प्रतिशत | 90 | 92 | 94 | 95 | |
| तेस्रो लिङ्गी | प्रतिशत | | | | | |
| वालक्लव | संख्या | 34 | 35 | 40 | 45 | |
| शिक्षक विद्यार्थि अनुपात | अनुपात | 67 | 70 | 73 | 75 | |
| सामुदायिक विद्यालय | संख्या | 54 | 55 | 55 | 56 | |
| सिकाई उपलब्धी दर | प्रतिशत | 45 | 50 | 55 | 56 | |
| विद्यालय संख्या | संख्या | 79 | 80 | 80 | 81 | |
| अध्ययनरत विद्यार्थी | संख्या | 24500 | 25000 | 26000 | 27000 | |
| छात्र छात्रा | अनुपात प्रतिशत | 10 | 15 | 20 | 25 | |
| खुद भर्नादर | प्रतिशत | 58 | 60 | 65 | 70 | |
| पुर्व प्राथमिकत तह | संख्या प्रतिशत | 10 | 10 | 10 | 10 | |
| आधारभूत (१ देखि ८) | संख्या | 30 | 30 | 31 | 31 | |
| लेखपढ गर्न जान्ने | संख्या | 7800 | 8000 | 9000 | 10000 | |
| स्नातक तह उतीर्ण अपाङ्ग | संख्या प्रतिशत | 10 | 10 | 10 | 10 | |
| स्नातक तह उत्तिर्ण गर्ने महिला | संख्या | 6500 | 7000 | 8000 | 10000 | |
| अनलाइन शिक्षा चालु रहेको | प्रतिशत | 15 | 20 | 25 | 30 | |
| विद्यालय केन्द्रित साक्षरता कक्षा संचालन गर्नेविद्यालय | प्रतिशत | 15 | 20 | 25 | 30 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| छात्रा तथा अपांगतामैत्री विद्यालय | प्रतिशत | 40 | 50 | 60 | 75 | |
| प्राविधिक शिक्षा | प्रतिशत | 20 | 25 | 30 | 35 | |
| विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | 40 | 50 | 50 | 50 | |
| कक्प्युटर (आई टी) प्रणाली भएका विद्यालय | प्रतिशत | 15 | 25 | 35 | 50 | |
| बालमैत्री विद्यालय | प्रतिशत | 85 | 90 | 95 | 96 | |
| अनौपचारिक शिक्षा | प्रतिशत | 7 | 10 | 13 | 15 | |
| वालमैत्री सिकाई विधि अबलम्बन गर्ने विद्यालय | प्रतिशत | 20 | 25 | 35 | 50 | |
| विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | 10 | 30 | 50 | 100 | |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | प्रतिशत | 10 | 30 | 50 | 75 | |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | प्रतिशत | 5 | 10 | 15 | 20 | |
| वालक्लव गठन भएका विद्यालय | संख्या | 45 | 55 | 65 | 75 | |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | 76 | 78 | 80 | 85 | |
| महिला शिक्षकको अनुपात | संख्या | 315 | 320 | 330 | 350 | |
| उच्च शिक्षा क्याम्पस | संख्या | | | | | |
| महिला हिंसा | प्रतिशत | 40 | 30 | 20 | 10 | |
| साक्षर महिला | प्रतिशत | 80 | 85 | 90 | 95 | |
| साक्षर तेस्रो लिङ्ग | प्रतिशत | 30 | 50 | 70 | 95 | |
| वलविवाह | प्रतिशत | 40 | 30 | 20 | 5 | |
| छात्रछात्रा | अनुपात | 1M1 | 1M1 | 1M1 | 1M1 | |
| आधारभूतबाट माध्यमिकमा जाने प्रतिशत | प्रतिशत | 98 | 99 | 100 | 100 | |

### ४.२.८ शिक्षा,कला, भाषा तथा साहित्यउपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ४.२: शिक्षा,कला, भाषा तथा साहित्यउपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक | बजेट अनुमान | बजेटको स्रोत |
|---|---|---|

| वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ९४१४२२६८ | ९४१४२२६८ | | | | ९४१४२२६८ | | |
| २०८३।८४ | १०३५५६४९५ | १०३५५६४९५ | | | | १०३५५६४९५ | | |
| २०८४।८५ | ११३९१२१४४ | ११३९१२१४४ | | | | ११३९१२१४४ | | |

### ४.२.९ शिक्षा, कला, भाषा तथा साहित्यउपक्षेत्र/ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ४.३: शिक्षा,कला, भाषा तथा साहित्यउपक्षेत्र/ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

**(रु हजारमा)**

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजा उपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा | भौतिक पुर्वाधार सुधार मार्फत गुणस्तरीय शिक्षामा | ि न | य | ि म 8275 | त 2500 | 2750 | 3025 |
| | वालविकास र आधारभुत तहका विद्यार्थीहरुका लागी | सवै वालवालीकाहरुलाई सहज विद्यालयको | सालबसाली | | 5428 | 1640 | 1804 | 1984 |
| | नगरशिक्षक अनुदान | विद्यालय तहमा | सालबसाली | | 175761 | 53100 | 58410 | 64251 |
| | प्रारम्भिक बाल विकास कार्यक्रम | सबै बालबालिकालाई प्रारम्भिक बाल विकास अनुभव सहित | सालबसाली | | 993 | 300 | 330 | 363 |
| | आधारभूत शिक्षा कार्यक्रम | सबै बालबालिकालाई आधारभूत तहको गुणस्तरीय शिक्षामा पहुँच | सालबसाली | | 5958 | 1800 | 1980 | 2178 |
| | माध्यमिक शिक्षा कार्यक्रम | न ,अव प्र अ न | सालबसाली | | 8275 | 2500 | 2750 | 3025 |

### ४.२.१० अनुमान तथा जोखिम

सङ्घीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकुल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नवीनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवालाबीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ ।

### ४.३ स्वास्थ्य तथा पोषण

#### ४.३.१ पृष्ठभूमि

मानवको लागि स्वस्थ जीवन अपरिहार्य रहेको छ। दिगो विकासकालागिशिक्षा, स्वास्थ्य र यातायात सबैभन्दा महत्वपुर्ण पुर्वाधार हुन । शारिरीक तथामानसिक स्वस्थ मानवजीवनको लागिअति नै आवश्यक मानिन्छ र स्वस्थ जीवन प्राप्त गर्नु मानव अधिकारको रुपमा पनि स्वीकार गरी सकिएको छ। नेपालमा स्वास्थ्यसम्वन्धी अधिकार नेपालको संविधानमा नीतिगतरुपवाट समेत उल्लेख गरेर नेपाल सरकारले स्वास्थ्यलाई महत्व दिएको छ । नेपालको स्वास्थ्य स्थिति सुधार गर्न विश्व स्वस्थ्य संगठन लगायत विभिन्न देश तथा अन्तर्राष्ट्रिय संघ संगठनवाट सहयोग प्राप्त भएको छ। २० वर्षे स्वास्थ्य गुरु योजना कार्यान्वयनको अन्तिम चरणमा रहेकोछ। स्वास्थ्यसम्वन्धी विभिन्न प्रयासवाट स्वास्थ्य स्थितिमा व्यापक सुधार हुन गएकोछ।

गोदावरी कैलाली जिल्लाकै दुर्गम क्षेत्रका बस्तीहरु पनि भएकोले सुविधा सम्पन्न अस्पताल स्थापनाहुन सकिरहेको छैन । नेपाल सरकारको नीतिगतव्यवस्थाअनुसार एक पालिका एक अस्पतालको अवधारणा अनुसार सबैलाई पायक पर्ने गरी नगरपालिकाको वडा नम्बर ३ मालाखेतीमा १५ शैयाको पालिका स्तरीय अस्पताल निर्माण भईरहेको छ। सरकारी तवरबाट सबै वडाहरुमा पुग्ने गरी स्वास्थ्य सेवा केन्द्र, ईकाइ र गाउघर क्लिनिकहरु मात्र रहेका छन्। खोप सेवाले जनताको स्वास्थ्यमाप्रत्यक्ष रूपमाप्रभावपार्ने र उचित समयमाखोप पाएका बालबालिकाहरूमा रोगसँग लड्ने क्षमतामा अभिबृद्धि हुने गर्दछ। तसर्थ खोपका कारण बालस्वास्थ्यमा सुधार आउने गर्दछ।खोप नदिएका बालबालिका विभिन्न प्रकारका प्रकोपको शिकार हुने भएकाले नेपाल सरकारले खोप सेवालाई निकै ठूलो महत्वदिने गरेको छ।

यस नगरपालिकामा स्वास्थ्य सेवा प्रदान गर्दै आएका पद्मा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, तथा निजी क्षेत्रहरुवाट संचालित अन्य मेडिकल सर्भिसहरुले जनस्तरमा रोग लाग्नू अघिको रोकथामयूक्त, प्रतिकारात्मक एवम् प्रवर्द्धनात्मकभन्दा पनि उपचारात्मक सेवामा लागि रहनु पर्ने स्थिति देखिन्छ । यी संस्थाहरुमा तहगत रुपमा आवश्यक भौतिक सामाग्रीको अभाव त एकातिर छंदैछ अर्कोतर्फ आवश्यक स्वास्थ्यकर्मीहरुको पनि कमी रहेको अवस्था छ। स्वास्थ्य संस्थाहरुलाई भौतिक उपकरण सम्पन्न गर्नूपर्ने, आवश्यक जनशक्तिको आपूर्ति गर्नूपर्ने, र जनशक्तिलाई तालिमप्राप्त, दक्ष बनाउनुपर्ने खाँचो देखिन्छ। साथैकूल जनसंख्या स्वास्थ्यकर्मीहरुको अनुपात समेत ज्यादै न्यून रहेको छ।

यस नगरपालिका अर्न्तगत रहेका स्वास्थ्य केन्दहरुमा बिभिन्न प्रकारका स्वास्थ्यसेवाहरु जस्तै प्रसूति सेवा, ल्याब, परिवार नियोजन, खोप, परामर्श, सुरक्षित मातृत्व आदि सेवा रहेको देखिन्छ भने एक्सरे सेवा र रक्त संचार सेवा कुनै पनि स्वास्थ्य केन्दमा उपलब्ध रहेको देखिदैन। नगरपालिकाले डाक्टरको पदपूर्तिका लागी सम्वन्धित निकायसँग मांग गर्नुपर्ने देखिन्छ। कुनैपनि स्वास्थ्य चौकीहरुमा एम्वुलेन्सहरु रहेको छैनन् र रिफर गर्नुपर्ने विरामीहरुलाई स्वास्थ्य जोखिम पनि बढी हुने गरेको छ। दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामा नै शतप्रतिशत सुत्केरी हुने सुविधा उपलब्ध हुने देखिन्छ । स्वास्थ्य क्षेत्र हेर्नको लागि नगरपालिकामा स्वास्थ्य इकाइ जनशक्ति सहित स्थापना हुनु, नेपाल सरकारले आधारभूत आवश्यक औषधिहरु निःशुल्क उपलव्ध गराउने व्यवस्था मिलाउनु, प्रत्येक स्थानीय स्तरमा सुविधा सम्पन्न अस्पताल वनाउने नीति लिईनु, नगरपालिकालाई अस्पतालसम्म सञ्चालन गर्ने जिम्मेवारी पाउनु, प्रदेश सदरमुकाममा निजी तथा सरकारी लगानीमा ठूला तथा सुविधा सम्पन्न अस्पताल सञ्चालनमा रहनु, नगरपालिकाले एम्वुलेन्स सुविधाको व्यवस्था मिलाउनु, स्वास्थ्य क्षेत्रमा वजेटको मात्रा प्रत्येक वर्ष वृद्धि हुदै जानु, वस्तीहरुसम्म यातायातको व्यवस्था गरिनु, जनताको आय स्तर वढ्दै जानु आदि अवसरहरु हुन।

#### ४.३.२ समस्या तथा चुनौती

नगरपालिका योजनाबद्ध र व्यवस्थित शहरतर्फ उन्मुख भई अगाडी बढीरहेको अवस्थामा समेत जनस्वास्थ्य जस्तो संवेदनशिल विषयमा सबै नगरवासीको सहज पहुँच नहुनु, प्रयाप्त मात्रामा प्रयोगशाला र सबै खालका परीक्षण र सघन उपचारको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन्। नगरमा आधारभुत स्वास्थ्य संस्था तथा जनशक्तिको

अभाव, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला व्यवस्थापन गर्ने इन्सिनेरेटरको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् । स्थानीय स्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता पहुँच नभएको कारण विशिष्ट स्वाथ्य उपचारको लागि महेन्द्रनगर, काठमाडौं र भारतको दिल्ली जानुपर्ने बाध्यता रहेको छ । सवै स्वास्थ्य संस्थाहरुमा क्षयरोग, कुष्ठ रोगको कार्यक्रम संचालन नहुनु लगायत प्रयोगशाला र नियमित परीक्षण सेवा उपलब्ध हुन सकेको छैन । स्वास्थ्य चौकीहरुमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र वर्थिङ्ग सेन्टरको कमी रहेको छ । विरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान नगर क्षेत्रमा एम्वुलेन्स सेवा प्रर्याप्त रहेको छैन ।

कोभिड १९ जस्ता स्वास्थ्य सम्बन्धी महामारीको अवस्थालाई सम्बोधन गर्न छुट्टै अस्पताँल, आइसोलेसन वार्ड, प्रयोगशाला तथा परीक्षण सामाग्री र किट, सघन उपचार कक्ष, भेन्टीलेटर र सो अनुसारको स्वास्थ्यकर्मी व्यवस्था हुन नसकेको देखिन्छ । अस्पताल बाहेक स्थानीय स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको नियमिततामा र औषधीको प्रर्याप्ततामा कमीका कारण उपलब्ध स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । समाजमा विद्यमान रुढीवादी सोच र मानसिकताको कारण अझैपनि घरमा सुत्केरी हुने प्रचलन कायम रहेको छ भने आङ खस्ने र यौन संक्रमण बारे लुकाउने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित सोच कायम रहेको छ । बालबालिकाको नियमित तौल, अनुगमनमा ध्यान दिने गरिएको देखिदैन । खानपिन र पौष्टिकताको ख्याल गर्ने आनिबानी र धुम्रपान र मद्यमानको कुलतका कारण स्वास्थ्यमा नकारात्मक प्रभाव परेको देखिन्छ । नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रममा नगरका बासिन्दाको पहुँच अत्यन्त न्युन रहेको छ ।

दीर्घकालिन दिगो विकासका स्वास्थ्य सम्वन्धी लक्ष्यहरु नगरपालिकास्तरमा प्राप्त गर्न, यस नगरपालिकामा सुविधायूक्त नगरपालिका स्तरको अस्पताल निर्माण गरी सञ्चालनमा ल्याउन र अस्पताल सञ्चालन गर्न, वडामा रहेका सबै स्वास्थ्य चौकिहरुमा भवन तथा प्रयोगशाला सहित जनशक्तिको व्यवस्थापन गर्न र स्तर उन्नति गर्न, आवश्यक वजेट तथा श्रोत साधनको व्यवस्था गर्न, सवै वडामा प्रसुति गृह र स्वास्थ्य चौकिको नयाँ निर्माण गरी सञ्चालनमा ल्याउन, स्वास्थ्य चौकीमा स्वास्थ्य कर्मीको दरवन्दी थप गरी पूर्ति गर्ने, आधारभूत औषधिको सहज उपलव्ध गराउन, स्वास्थ्य उपचार ज्यादै महङगो भएकोले सोको लागत कम गर्न दीर्घ रोगीहरुको नियमित उपचार गराउन, नगर वस्तिमा रहेका जेष्ठ नागरीक, प्रसुती, महिला, वालवच्चाको नियमित स्वास्थ्य परिक्षण गराई निरोगी तुल्याउन, नसर्ने रोगमा कमि ल्याउन, पोषणयूक्त खाना र शुद्ध पिउने पानी सेवनमा जोड दिदै वैकल्पिक उपचार विधि अपनाउन, सिमित श्रोत साधनको समुचित व्यवस्थापन गर्न, परिवारका अन्य सदस्य नभएका विरामीहरुको हेरचाह र उपचार गराउन, वस्तीस्तरमा उपचार गर्ने व्यवस्था गर्न, व्यायाम योगका कार्यक्रम वस्ती तथा घरसम्म पुर्याउने आदि स्वास्थ्य क्षेत्रको विकास गर्न चुनौतीहरु रहेका छन्।

### ४.३.३ सोच

नगरवासीको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच

### ४.३.४ लक्ष्य

१. नगरवासीको स्वास्थ्य स्थितिमा गुणात्मक सुधार गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

### ४.३.५ उद्धेश्यहरु

१. स्वस्थकर जीवन शैलीको प्रवर्द्धन, गुणस्तरीय सेवा प्रवाह तथा वैकल्पिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

२. स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण तथा विस्तार गर्ने ।

### ४.३.६ रणनीति

१.स्वास्थ्य सेवामा सवैको पहुच सुनिश्चत गर्ने ।

२.स्वास्थ्य सेवा सुविधा भरपर्दो, स्तरीय, जनताले थोग्न सक्ने किसिमको वनाउन जोड दिने।

३ आयूर्वेद चिकित्सा पद्धतिको विकास गरी एक वडा एक योग केन्द्र स्थापना गर्न जोड दिने

. ४.३.७ **स्वास्थ्य तथा पोषण उपक्षेत्रको  मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

यस **उप**क्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ।

**तालिका ४.४:स्वास्थ्य तथा पोषण उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | जोखिम पक्ष | | | |
|---|---|---|---|---|---|---|
| | | आधाररेखा ०८१/८२ सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्यचौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | संख्या | ६५००० | ६०००० | ५५००० | ५०००० | |
| २५०० ग्राम भन्दा कम जन्मतौल भएका शिशु | संख्या | १८ | १६ | १२ | १० | |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | संख्या | ७०० | ७२० | ७५० | ८०० | |
| भाडापखालाको संक्रमण दर (प्रति हजारमा) | प्रतिशत ( जना) | ४० | ३५ | ३० | २० | |
| स्वाशप्रश्वासको संक्रमण (ARI) दर प्रतिहजारमा) | प्रतिशत ( जना) | १९० | १७० | १५० | १३० | |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | १४५ | १४५ | १४५ | १४५ | |
| भिटामिन ए प्राप्तगर्ने बालबालिका | प्रतिशत | १००% | १००% | १००% | १००% | |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | ९३% | ९५% | ९६% | ९७% | |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | १९% | २०% | २२% | २५% | |
| स्वास्थ्य विमा गर्ने परिवार | संख्या | ६१० | ७१० | ८१० | ९१० | |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचतना कार्यक्रममा सहभागि | जना | ५०० | ७०० | ९०० | १२०० | |
| स्वास्थ्य शिविर पटक | जना | ३/१५०० | ३/२००० | ३/२२०० | ३/२३०० | |
| मासिक रुपमा फलोअपमा आएका विरामी | संख्या | १५०० | १५०० | १५०० | १५०० | |
| स्वास्थ्य संस्थामा उपलब्ध न्यूनतम सेवा सुविधा | प्रकार | १२ | १२ | १२ | १२ | |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | १०५ | १०५ | १०५ | १०५ | |
| निजीतथा समुदायमा आधारित स्वास्थ्यकर्मी | संख्या | ३०० | ३०० | ३०० | ३०० | |
| आयोडिनयुक्त नूनप्रयोग गर्ने जनसंख्या | जना | ७५०० | ८००० | ९००० | ९५०० | |
| धुवारहित चुल्हो वा वैकल्पिकइन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | १५ | १५ | २० | २० | |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ६ | ६ | ६ | ६ | |
| स्वास्थ्य संस्थामा थपभएको वेड संख्या | संख्या | ० | ० | ० | ० | |
| स्वास्थ्य संस्थामा कोभिडको लागि | संख्या | ५ | ५ | ५ | ५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| छुट्याएको वेड संखया | | | | | | |
| १० मिनेट भन्दाकम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ४५ | ४५ | ४५ | ४५ | |
| ३० मिनेट भन्दाकम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ४० | ४० | ४० | ४० | |
| ६० मिनेट भन्दाकम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | १० | १० | १० | १० | |
| ६० मिनेट भन्दा बढी समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ५ | ५ | ५ | ५ | |
| स्वास्थ्य केन्द्र | संख्या | १७ | १७ | १७ | १७ | |
| निजी क्लिनिक | संख्या | २० | २० | २० | २० | |
| CHU | संख्या | ० | ० | ० | ० | |
| FCHVs | संख्या | १०५ | १०५ | १०५ | १०५ | |
| स्वास्थ्य संस्थामावच्चापाउने | प्रतिशत | ३९ | ४० | ४१ | ४५ | |
| प्रजननउमेर समूहकाविवाहितमहिला | संख्या | २४५०० | २४६०० | २४६५० | २४७०० | |
| किशोर अवस्थामागर्भधारण | प्रतिशत | ६% | ५% | ४% | ३% | |
| स्वास्थ्यचौकी | संख्या | १५ | १६ | १६ | १६ | |
| एम्वुलेन्स | संख्या | ३ | ३ | ३ | ३ | |
| स्वास्थ्यकर्मी | प्रतिशत | १०० | १०० | १०० | १०० | |

### ४.३.८ स्वास्थ्य तथा पोषण उपक्षेत्रको  खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस**उप**क्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ४.५:स्वास्थ्य तथा पोषण उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | २३७००००० | १८२७०००० | ५४३०००० | | | ९८४६००० | १३८५४००० | |
| २०८३।८४ | २६०७०००० | २००९७००० | ५९७३००० | | | | २६०७०००० | |
| २०८४।८५ | २८६७७००० | २२१०७००० | ६५७०००० | | | | २८६७७००० | |

रकम रु. हजारमा

### ४.३.९  स्वास्थ्य तथा पोषण उपक्षेत्र/ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस **उप**क्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ४.६: स्वास्थ्य तथा पोषणउपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | मालाखेतीअस्पताल सञ्चालन | मालाखेतीअस्पताल सञ्चालन तथा व्यवस्थापन | नियमित | | ३९७२० | १२००० | १३२०० | १४५२० |
| | विपन्न नागरिकका लागी स्वाथ्य विमा आयोजना | आर्थिक जोखीममा रहेका परिवारलाई सहज स्वास्थ्यको पहुच वृदी गर्ने । | सालवसाली | | ५४६१५ | १६५०० | १८१५० | १९९६५ |
| | पुर्ण खोप सुनिश्चितता र दिगोपनाका लागी सुक्षम योजना अद्यावधि | नगरका सवै वालवालीकाहरु सवै प्रकारको खोप मा पहुचमा ल्याउने | सालवसाली | | ३५७१ | १०७९ | ११८७ | १३०६ |
| | मातृ तथा नवशिशु | उत्तर प्रसुति सेवा प्रदान गर्नु | सालवसाली | | ४६३४ | १४०० | १५४० | १६९४ |
| | पोषणमैत्री स्थानीय तह घोषण अभियान कार्यक्रम | स्वस्थ सुपोषित समाज निर्माण र कुपोषणको दरमा कमी | सालवसाली | | १५२२६ | ४६०० | ५०६० | ५५६६ |
| | शुन्य होमडेलिभरि कार्यक्रम | सम्पुर्ण गर्भवती आमाहरुलाई गुणस्तरिय र मापदण्ड अनुसारको प्रसुति सेवामा पहुँच वृदी गर्ने | सालवसाली | | ९९३० | ३००० | ३३०० | ३६३० |
| | गर्भवती महिलाका लागी नि:शुल्क ग्रामिण भिडियो एक्सरे सेवा कार्यक्रम | गर्भवति महिलाहरुले समयमा पाईकपर्ने स्थानवाट भिडियो एक्सरे सेवा पाई गर्भमा रहेको वच्चाको स्वास्थ्य अवस्था थाहा पाउने छन | सालवसाली | | २२८३९ | ६९०० | ७५९० | ८३४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत स्वास्थ्य, उपचारात्मक, रोकथाम र प्रवर्द्धनात्मक, प्रासमक सेवा तथा सालवसाली कार्यक्रम | वडा तहमा स्वास्थ्य संस्था सञ्चालन तथा सुदृढीकरण गरी नियमित रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु | सालबसाली | | ७८१६५७ | २३६१५० | २५९७६५ | २८५७४२ |

### ४.३.१० जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तरसरकार र सरोकारवालाबीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा कोभिड-१९ जस्ता महामारीले जनस्वास्थ्य तथा नगरबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.४ खानेपानी तथा सरसरफाइ

### ४.४.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई मानव जीवनमा आधारभूत आवश्यकताहरु मध्ये एकमहत्वपूर्ण पक्ष हो । यसले मानिसको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सुरक्षित खानेपानीको कारणवाट समय वचत, सर्ने रोगवाट टाढा रहने र स्वास्थ्य नागरीक तयार भई देश विकासमा सहयोग पुग्न जान्छ । नगरपालिकामा ८१.२९ प्रतिशत मानिसहहरु ट्युवेल वा हातेपम्प वाट खानेपानीको प्रयोग गरिरहेका छन् भने १७.७९ प्रतिशत मानिसहरुले धाराको पानी प्रयोग गरिरहेका छन्

दिगो विकास लक्ष्य अवस्था तथा मार्गचित्र २०१६ का अनुसार आधार वर्ष २०१५ मा नेपालमा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसङ्ख्या १५ प्रतिशत मात्र रहेको देखिन्छ । यसलाई क्रमशः वृद्धि गर्दै सन् २०१९ मा ३५ प्रतिशत, २०२२ मा ५० प्रतिशत, २०२५ मा ६५ प्रतिशत पुर्याउँदै सन् २०३० सम्ममा सुरक्षित पानी प्रयोगकर्ता जनसङ्ख्याको हिस्सा ९० प्रतिशत पुर्याउने लक्ष्य राखिएकोछ । यस आधारमा हेर्दा गोदावरी नगरपालिका दिगो विकास लक्ष्य-६ हासिल गर्ने दिशामा गन्तव्य पुग्न थालेको देखिन्छ, यद्यपि उपलब्ध खानेपानीको गुणस्तर भने सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

यस नगरपालिकामा पाइप प्रणालीबाट वितरित खानेपानी सुविधा हाल खानेपानी सेवाको संरचना पुगेको जनसंख्या ३.६ प्रतिशत रहेको छ । यस गोदावरी नगरपालिकामा ८१.२९ प्रतिशत मानिसहरुले अहिले सम्म ट्युवेल वा हातेपम्पबाट पानीको प्रयोग गरिरहेका छन् भने जम्मा १७.७९ प्रतिशत मानिसले मात्र खानेपानीको सेवा धाराबाट लिई रहेको पाईयो । स्वच्छ खानेपानीको प्रयोग गर्ने परिवार संख्या वडा नं.७ मा सबभन्दा वढी छन भने त्यसपछि ४ र ६ मा रहेको पाईन्छ । नगरपालिकाको पुरानो बजार क्षेत्र भएको कारण वार्ड नं. ७ मा धारा पाईपबाट पानी खानेको संख्या सबभन्दा धेरै ८४५ घरपरिवार रहेको छ जो अरु वार्डहरु भन्दा बढी छ । त्यसैगरी स्वच्छ खानेपानी सेवाबाट वडा नं. ४, ५, ६, ८ र १० मा ११ घरधुरी बंचित भएको देखिन्छ ।

### ४.४.२ समस्या तथा चुनौती

यस नगरपालिकाका वासिन्दालाई पिउने पानी गुणस्तरको खुवाउन, एकघर एक धारा निति कार्यान्वयनमा ल्याउन, सरसफाई सम्वन्धी जन चेतना कार्यक्रम राम्रोसंग संचालन गर्न, सवै खानेपानी आयोजनाहरुको मर्मत सम्भार व्यवस्था मिलाउन, खानेपानीको उचित रेखदेख गर्न, पानीको श्रोत नभएका वस्तीहरुमाा लिफ्टीङ खानेपानी ल्याउनचुनौती रहेकोछ । वजार क्षेत्रमा ढल व्यवस्था गर्न , फोहर सङ्कलन गरी व्यवस्थपन गर्न, जनसहभागिता जुटाउन र खानेपानीको लागि आवश्यक श्रोत जुटाउन आदि चुनौतीहरु रहेकाछन्।

यस नगरपालिकामा खानेपानी तथा सरसफाई सुविधामा बढोत्तरीका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन । शुद्ध खानेपानी उपभोग बारे जनचेतनाको कमी हुनु, पानी

शुद्धिकरण गर्ने सामग्रीको सहज पहुँच नहुनु जस्ता समस्या रहेका छन् । खुला दिशा मुक्त क्षेत्र घोषणा भएता पनि यसको पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक सौचालयको व्यवस्था नहुँदा पूर्ण सरसफाई कायम राख्न कठिनाई रहेको तथा बजार क्षेत्रमा घुम्ती शौचालयको अभाव रहेको छ । सञ्चालित खानेपानी आयोजनाको नियमित मर्मतसंभार र दिगोपनाको कमी रहेका कारण पुनःनयाँ निर्माण गर्नुपर्ने अवस्था रहेको छ ।

**४.४.३.सोच**

स्वच्छ तथा सुविधायुक्त खानेपानी एवं सरसफाई

**४.४.४.उद्धेश्य**

१. नगरवासीलाई स्वच्छ र सहज खानेपानी ब्यबस्था गर्ने।

२.नगरका वजार क्षेत्रमा ढलको व्यवस्था तथा सवै वस्तिमा वातावरण स्वच्छता प्रदान गर्ने।

**४.४.५.रणनीति**

१. सवै वस्तीहरुमाा एक घर एक धारा कार्यनीति अवलम्वन गर्ने ।

२ सरसफाईयुक्त छुवाछुत मुक्त नगरपालिकाको रणनीति कार्यान्वयन गर्ने ।

३ वजार क्षेत्रमा ढलको व्यवस्था गर्ने ।

४ एक वस्ति एक पोखरी नीति अवलम्वन गर्ने

५ कुहिने र नकुहिने फोहर श्रोतमा नै छुट्याउने र फोहरलाई मोहर प्राप्त गर्ने नीति अवलम्वन गर्ने ।

**४.४.६ खानेपानी तथा सरसरफाइ उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ४.७:खानेपानी तथा सरसरफाइ उपक्षेको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | | जोखिम पक्ष | | |
|---|---|---|---|---|---|---|
| | | आधाररेखा ०८१/८२ सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| निजीधारा उपलब्ध घर परिवार | संख्या | 2700 | 3000 | 3500 | 4000 | |
| पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | 12000 | 15000 | 17000 | 19000 | |
| सामुदायिक धाराबाट खानेपानी सुविधा पाउने घर परिवार | संख्या | 12000 | 15000 | 17000 | 19000 | |
| मुहान तथा खोलावाट संकलित खानेपानी सुविधाप्राप्त घर धुरी | संख्या | 30 | 15 | 5 | 0 | |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | संख्या | 12000 | 15000 | 17000 | 19000 | |
| स्वच्छ -फ्यान भएको) शौचालय भएका घरधुरी | संख्या | 19400 | 19800 | 20000 | 21000 | |
| खाल्डे चर्पी प्रयोग गर्ने | संख्या | 200 | 100 | 50 | 0 | |
| सार्वजनिक शौचालय | संख्या | 45 | 50 | 55 | 60 | |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | 700 | 800 | 1000 | 15000 | |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | | | | | |
| खानेपानी सेवा उपलव्धभएको जनसंख्या | प्रतिशत | ७० | ७२ | ७५ | ८० | |

### ४.४.७ खानेपानी तथा सरसरफाइ उपक्षेत्रकापशुपंक्षीाा क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ४.८: खानेपानी तथा सरसरफाइ उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | १५00000 | | १५00000 | | | १५00000 | | |
| २०८३।८४ | १६५0000 | | १६५0000 | | | १६५0000 | | |
| २०८४।८५ | १८१५000 | | १८१५000 | | | १८१५000 | | |

### ४.४.८ खानेपानी तथा सरसरफाइ उपक्षेत्रकाकार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रका मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ४.९: खानेपानी तथा सरसरफाइ उपक्षेत्र/ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | एक घर एक धारा खानेपानीका लागी लिफ्ट खानेपानी आयोजना | स्वच्छ र गुणस्तरीय खानीपानीको दिगो ब्यबस्थापन गर्ने | सालवसाली | | ४९६५ | १५०० | १६५० | १८१५ |
| | डम्पीडसाईडको सन्चालन तथा सरसफाई तथा स्वच्छता प्रवर्द्धन सालबसाली कार्यक्रम | सरसफाई युक्त वातावरणको सृजना गर्ने | सालवसाली | | ६६२० | २००० | २२०० | २४२० |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

यस योजनामा प्रस्ताव गरिए अनुसार बजेट सुनिश्चित भई आयोजना सञ्चालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.५. महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण

### ४.५.१ पृष्ठभूमि

समाजमा रहेका हरेक वर्ग, क्षेत्र, लिङ्ग, उमेर समुह, शारीरिक स्थितिका मानिसहरु पनि सुखि, खुसी भएर वाँच्न पाउनु पर्ने हुन्छ । विकास गर्दा सवै क्षेत्रलाई अनिवार्यरुपमा प्रत्येक चरणमा सहभागि गराउने र समेट्नु पर्दछ । समाजमा पुरुष भन्दा महिला अधिकारले कमजोर स्थितिमा रहेका छन् । यस्तै गरी वालवालिका भोलिका कर्णाधार भएकोले उनिहरु स्वच्छ वातावरणमा खुसी साथ हुर्कने वातावरण सिर्जना गर्नु पर्ने हुन्छ । उनीहरुको लागि पौष्टिक आहार, खोप लगायतका स्वास्थ्य सुविधा, स्वच्छ विद्यालय वातावरण, न्यानो तथा मायालु घरको वातावरण हुनु आवश्यक रहेको छ । यसै अनुसार जेष्ठ नागरीकहरुको लागि माया सहितको स्वच्छ र शान्त परिवार, उचित खानपिन, मनोरञ्जन व्यवस्था, स्वास्थ्य सुविधा आदि व्यवस्था आवश्यक भएको हुन्छ । यसै अनुसार शारीरिक तथा मानसिकरुपले अपाङ्ग रहेका व्यक्तिहरुलाई सवैको माया, स्वास्थ्य तथा रोजगार लगायतका सुविधाको व्यवस्था निजको परिवार, समाज, स्थानीय निकाय, प्रदेश तथा संघले गर्नु पर्छ । माथिका सवै क्षेत्रमा भेदभाव नगरी समान आवसर दिलाउन तथा सहभागी गराउन नेपालले विभिन्न अन्तर्रष्ट्रिय सन्धी, अभिसन्धीहरुमा हस्ताक्षर गरी आफनो दायित्व पुरा गर्न कटिवद्धता व्यक्त गरेको छ । यसै अनुसार गोदावरी नगरपालिकाले पनि महिला, वालवालिका, किशोर किशोरी, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोग, सहभागिता, पहुँच पुर्याउने नीति लिएको छ ।

नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तीकरण क्षेत्रमा ८ वटा संघ/संस्था क्रियाशिल रहेका छन् । नगरपालिकामा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, श्रोत तथा वातावरण संरक्षण, जेसी, सामाजिक परिचालन, नेतृत्व विकास, मानव अधिकार, सुशासन र सहकारी विकास लगायतका विषयमा सचेतनामूलक तालिम प्राप्त गर्ने कूल महिलाको अनुपात २५ प्रतिशत रहेको छ । यसैगरी नगरपालिकाको पहलमा स्थानीय स्तरमा विकास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्न, विकास कायको निगरानी गर्न, जनसुमदाय परिचालन गर्न टोलस्तीमा टोल विकास संस्था, युवा क्लब तथा अन्य सामुदायिक संस्थाहरु क्रियाशिल रहेका छन् । यसैगरी बालबालिकासँग सम्बन्धीत क्षेत्रमा क्रियाशिल संघ/संस्थाहरुले बाल संरक्षण, विकास तथा सहभागिता अभिबृद्धिमा पैरबी गर्न र सो सम्बन्धी कार्यहरु संचालन गरीरहेका छन् । हालका दिनमा एकातिर महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा अधिकार बारे उनीहरुमा सचेतनाको वृद्धि हुँदै गएको छ भने अर्कोतिर आर्थिक, सामाजिक र राजनीति अवसरमा समेत बढोत्तरी भएको छ । नगरपालिकामा महिला तथा बालवालिका शाखा स्थापना भई महिला, बालबालिका र लक्षित वर्ग सशक्तिकरण, संरचना र प्रोत्साहनका कार्यक्रमहरु संचालनमा रहेका छन् ।

### ४.५.२ समस्या तथा चुनौती

माथि उल्लेखित यस नगरपालिकामा रहेका वर्ग तथा समुहका व्यक्तिहरुको लागि आ-आफ्नै समस्याहरु रहेका छन् । अपाङ्गहरुको लागि समाजमा हेय भावनावाट हेर्ने दृष्टिकोण हुनु, रोजगारीको समस्या, गरीवी, स्वास्थ्य उपचारमा पहुँचपुग्न नसक्नु, विद्यालय जान समस्या, भौतिक पूर्वाधाहरु अपाङ्ग मैत्री नहुनु आदि रहेका छन् । जेष्ठ नागरीकहरुमा हेरचाह गर्ने व्यक्तिको समस्या, खानपान, मनोरञ्जन स्थलको समस्या, विरामी हुदा उपचार गर्न लैजाने परिवारको हैसियत नहुनु, स्वास्थ्य उपचार गराउन लैजाने परिवारका सदस्य नहुनु तथा आर्थिक समस्या रहेको छ । वालवालिकाहरुको लागि उचित पोषणको समस्या, मनोरञ्जनको समस्या, विद्यालाय लैजान समस्या, उपचार गर्न समस्या आदि रहेको छ । किशोर किशोरीहरुको लागि मनोरञ्जनको समस्या, उचित वातावरण

नपाउनु, विद्यालयहरुमा किशारीहरुको लागि सुविधा सम्पन्न शौचालयको अभाव रहनु, किशोर किशोरीको लागि आवश्यक जानकारी दिने व्यवस्थाको समस्या, व्यक्तिगत सुरक्षाको समस्या आदि रहेको छ ।

अन्य क्षेत्र सरहनै यहां पनि महिला र वालवालिकाको अवस्था नाजुक नै देखिन्छ । करिव करिव, वरावर संख्यामा रहेका महिला पुरुषको तथ्यांकलाई आधार मान्दा २०७१ सालमा कक्षा ५ सम्म अध्ययन गर्ने वालक वालिका मध्ये करिव ६० प्रतिशत वालक र ४० प्रतिशत वालिका रहेको देखिन्छ । जुन प्रतिशतले पनि महिला र पुरुषमा वाल्यवस्था देखिनै विभेद रहेको पुष्टि गर्दछ । तराई मूलका अधिकांश वासिन्दाहरुले छोरीको विवाह प्रायः सानै उमेरमा गरिदिने कारण महिला तथा वालिकाहरु पुरुष र वालकहरुको तुलनामा शैक्षिक उन्नतिमा पछि परेका देखिन्छन । यस्तो किसिमको विभेद शिक्षित तराईवासी र पहाडी मूलका वासिन्दामा पनि केही मात्रामा रहेको पाइन्छ । अधिकांश पहाडी मूलका वासिन्दा तथा शिक्षित तराईवासी परिवारले भने छोरा, छोरीलाई समान अवसर प्रदान गर्नु पर्ने कुरा विस्तारैमहसुस गर्न थालेको पाइन्छ । तर पनि यस्ता जानकार तथा आर्थिक हैसियत भएका अभिभावकहरुले छोराहरुलाई निजी विद्यालयमा पठाउने र छोरीलाई सरकारी विद्यालयहरुमा पठाउने गरेका थुप्रै उदाहरणहरु अन्य क्षेत्र जस्तै यहां पनि देख्न सकिन्छ । यसो गरिनुमा अझै पनि महिलाहरु प्रतिको मानिसहरुको परंपरागत दृष्टिकोण पूर्णरुपमा हटि नसकेको पाइन्छ । यहांको महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थालाई तलको तालिकामा प्रश्तुत गरिएको छ ।

यस नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भएता पनि रणनीतिक पहल र अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । नगरपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूवाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक तथा महिला प्रतिको सोच र व्यवहार अझपनि सकारात्मक वन्न सकिरहेको छैन । उपरोक्त वर्गमाथि हिंसाजन्य व्यवहार कायमै देखिन्छ ।

लक्षित वर्गमा अधिकार र कर्तव्य सम्बन्धी सचेतनामा कमी रहेको छ । महिलामा बहुकार्य वोझको अवस्था कायमै रहेको छ । लक्षित वर्ग सशक्तीकरण सम्बन्धी तालिम प्रभावकारी हुन नसक्दा उनीहरुको अवस्थामा आशातित सुधार हुन सकेको छैन । बालश्रम र हिंसा उत्मूलन हुन सकेका छैनन् । लक्षित वर्गमा आत्मविस्वासको कमी रहेको छ । सामाजिक सुरक्षा वृत्ती वितरणमा समस्या र गुनासो कायमै रहेको छ । भाषिक र सचेतना लगायतका समस्याका कारण थारु र मधेशी समुदायमा अधिकारको अ रभ्यास, सेवासुविधा पहुँच र उपयोग तथा  संस्थागत विकासको समेत कमी रहेको अवस्था छ ।

यी माथि उल्लेखितमहिला, बालबालिका, दलित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक एवम्अन्य सीमान्तीकृत समुदायका लागि जीवनोपयोगी सीप र आय आर्जनका आधार सिर्जना गन र अन्य समस्याहरु समाधान गन’ निकै चुनौतीपूर्ण रहेका छन् ।

### ४.५.३. सोच

“सवैको पहिचान सहितको सुखी र समुन्नत नगरपालिका”

### ४.५ ४ लक्ष्य

सार्वजनिक स्थल एवम्संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने।

### ४.५.५ उद्धेश्य

१. समाजमा पछि परेका वर्गको सामाजिक तथा आर्थिक स्थितिमा व्यापक सुधार गर्ने।

२. महिला, बालबालिका, दलित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक एवम्अन्य सीमान्तीकृत समुदायका लागि जीवनोपयोगी सीप र आय आर्जनका आधार सिर्जना गर्ने।

३ समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण सहित कार्यान्वयनमा जाने

### ४.५.६ रणनीति

१.अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थल एवम संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने र विद्यमान संरचनालाई तदनुरुप सुधार गर्ने ।

२.समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण गर्ने ।

३.अपाङ्ग, महिला, दलित, जनजाती लगायत विपन्न वर्गलाई उद्यम व्यवसायमा आकर्षित गर्ने ।महिला, अपाङ्गता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने ।
४.गर्भवती तथा सुत्केरी महिलाहरूको पोषणमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.५.७ महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यसउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ४.१०: महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | | जोखिम पक्ष | | |
|---|---|---|---|---|---|---|
| | | आधाररेखा ०८१/८२ सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| साक्षरता दर | प्रतिशत | 85 | 87 | 90 | 92 | |
| महिला साक्षरता दर | प्रतिशत | 80 | 85 | 90 | 95 | |
| पुरुष साक्षरता दर | प्रतिशत | 90 | 92 | 94 | 95 | |
| तेस्रो लिङ्गी | प्रतिशत | | | | | |
| वालक्लव | संख्या | 34 | 35 | 40 | 45 | |
| शिक्षक विद्यार्थि अनुपात | अनुपात | 67 | 70 | 73 | 75 | |
| अध्ययनरत विद्यार्थी | संख्या | 24500 | 25000 | 26000 | 27000 | |
| छात्र छात्रा | अनुपात प्रतिशत | 10 | 15 | 20 | 25 | |
| खुद भर्नादर | प्रतिशत | 58 | 60 | 65 | 70 | |
| विद्यालय केन्द्रित साक्षरता कक्षा संचालन गर्नेविद्यालय | प्रतिशत | 15 | 20 | 25 | 30 | |
| छात्रा तथा अपांगतामैत्री विद्यालय | प्रतिशत | 40 | 50 | 60 | 75 | |
| बालमैत्री विद्यालय | प्रतिशत | 85 | 90 | 95 | 96 | |
| अनौपचारिक शिक्षा | प्रतिशत | 7 | 10 | 13 | 15 | |
| वालमैत्री सिकाई विधि अबलम्बन गर्ने विद्यालय | प्रतिशत | 20 | 25 | 35 | 50 | |
| विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | 10 | 30 | 50 | 100 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, | प्रतिशत | 10 | 30 | 50 | 75 | |
| वालक्लव गठन भएका विद्यालय | संख्या | 45 | 55 | 65 | 75 | |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | 76 | 78 | 80 | 85 | |
| महिला शिक्षकको अनुपात | संख्या | 315 | 320 | 330 | 350 | |
| महिला हिंसा | प्रतिशत | 40 | 30 | 20 | 10 | |
| साक्षर महिला | प्रतिशत | 80 | 85 | 90 | 95 | |
| साक्षर तेस्रो लिङ्ग | प्रतिशत | 30 | 50 | 70 | 95 | |
| वलविवाह | प्रतिशत | 40 | 30 | 20 | 5 | |
| खेलकुदमा महिला सहभागिता | प्रतिशत | 40 | 50 | 70 | 75 | |
| खेलकुदमा अपाङ्ग | प्रतिशत | 15 | 20 | 25 | 30 | |
| बर्गिकृत अपाङ्गहरुको संख्या | संख्या | १८७६ | १८७६ | १८७६ | १८७६ | |
| अपाङ्गताको परिचयपत्र भएका | प्रतिशत वा संख्या | 100 | 100 | 100 | 100 | |
| गृहिणि महिला | प्रतिशत | 60 | 50 | 45 | 40 | |
| वाहिरी काममा महिला सहभागिता | प्रतिशत | 45 | 55 | 70 | 80 | |
| छात्रछात्रा | अनुपात | 1M1 | 1M1 | 1M1 | 1M1 | |
| आधारभूतबाट माध्यमिकमा जाने प्रतिशत | प्रतिशत | 98 | 99 | 100 | 100 | |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्यचौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | संख्या | ६५००० | ६०००० | ५५००० | ५०००० | |
| २५०० ग्राम भन्दा कम जन्मतौल भएका शिशु | संख्या | १८ | १६ | १२ | १० | |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | संख्या | ७०० | ७२० | ७५० | ८०० | |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | १०५ | १०५ | १०५ | १०५ | |
| धुवारहित चुल्हो वा वैकल्पिकइन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | १५ | १५ | २० | २० | |
| १० मिनेट भन्दाकम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ४५ | ४५ | ४५ | ४५ | |
| ३० मिनेट भन्दाकम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ४० | ४० | ४० | ४० | |
| ६० मिनेट भन्दाकम समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | १० | १० | १० | १० | |
| ६० मिनेट भन्दा बढी समयमा नजिकको स्वास्थ्य केन्द्रमा पहुँचको घर परिवार | प्रतिशत | ५ | ५ | ५ | ५ | |
| स्वास्थ्य संस्थामावच्चापाउने | प्रतिशत | ३९ | ४० | ४१ | ४५ | |
| प्रजननउमेर समूहकाविवाहितमहिला | संख्या | २४५०० | २४६०० | २४६५० | २४७०० | |
| किशोर अवस्थामागर्भधारण | प्रतिशत | ६% | ५% | ४% | ३% | |

### ४.५.८ महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस **उप**क्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ४.११: महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ४१५०००० | ४१५०००० | | | | ४१५०००० | | |
| २०८३।८४ | ४५६५००० | ४५६५००० | | | | ४५६५००० | | |
| २०८४।८५ | ५०२१५०० | ५०२१५०० | | | | ५०२१५०० | | |

### ४.५.९ महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ४.१२: महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | महिला सशक्तिकरण कार्यक्रम । | आर्थिक, सामाजिक र राजनैतिक विकास गर्न । | सालबसाली | | ११५८५ | ३५०० | ३८५० | ४२३५ |
| | बाल संरक्षण कार्यक्रम । | बालबचाउ , संरक्षण , विकास र सहभागितामा अभिवृद्धि गर्न | सालबसाली | | ११५८५ | ३५०० | ३८५० | ४२३५ |
| | जेष्ठनागरीक सम्मान र दिवासेवा केन्द्र स्थापना । | जेष्ठनागरिकहरुकोसम्मान र संरक्षण गर्न | सालबसाली | | १५५५७ | ४७०० | ५१७० | ५६८७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण तथा आयआर्जन कार्यक्रम । | वर्गीकृत परिचय पत्र , सम्मान सहायक समाग्री, चेतना अभिवृद्धि र आर्थिक स्तरमा सुधार गर्न | सालबसाली | | २११८४ | ६४०० | ७०४० | ७७४४ |
| | सामाजिक सुरक्षा तथा लक्षित वर्गका बालबालिका हरुलाई सहयोग कार्कयम । | कल्याणकारीसेवा प्रदान गर्न | सालबसाली | | ४५०८ | १३६२ | १४९८ | १६४८ |

### ४.५.१० जोखिम पक्ष तथा अनुमान

यस विषय क्षेत्रमा नगरपालिकाको प्राथमिकता, तदनुरुप बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.६. युवा, खेलकुद तथा नवप्रबर्तन

### ४.६.१ पृष्ठभूमि

साधारणतया युवा भन्नाले १६ वर्ष देखि ४० वर्ष उमेर समुहलाई जनाउछ । देशको समृद्धि युवाहरुको जोस, जाँगर, क्षमता, प्रतिभाले सम्भव हुन्छ । युवावर्ग राष्ट्र निर्माणका संवाहक हुन् । यिनीहरुले देश, प्रदेश, स्थानीय स्तरको विकासको लागि महत्वपूर्ण भूमिका निभाएका हुन्छन् । युवाहरुको लागि उचित शिक्षा, रोजगार, मनोरञ्जन, खेलकुद, व्यायाम, योग आदि सुविधाको आवश्यकता पर्दछ । यी तत्वहरुले कस्तो युवा निर्माण गर्ने भन्ने कुरा निर्धारण गरेको हुन्छ । खेलकुद र मनोरञ्जन मानिसको लागि नभइ नहुने कार्यहरु हुन् । सकरात्मक सोच, जोस, जाँगर, हौसला आदि निर्माण खेलकुद तथा मनोरञ्जनको माध्यमवाट विकास गर्न सकिन्छ । यसको साथै हुर्केको वातावरण, प्राप्त गरेको शिक्षा दिक्षा, संस्कारले समेत व्यक्तिको सोचाइमा असर पारेको हुन्छ । नगरपालिकाको विकासको लागि यो उमेर समुह ज्यादै उर्वरा उमेर समुह हो । यो समुहका युवाहरु विद्यालय तथा कलेज स्तरामा अध्ययन गर्ने, स्वदेश तथा विदेशमा काम गर्ने , राजनीति तथा समाजसेवा गर्ने गरेका हुन्छन् । यो समुहका नागरीकहरु आफ्नै नगर तथा वस्तीमा रहने तथा देशमा रहेर सेवा गरे मात्र विकास हुन्छ । मनोरञ्जनका लागि स्थानीय चाडपर्वहरु नै मुख्य रहेकाछन्।

यस नगरपालिकाको वार्ड न.२ र ३ बाहेक सबै वार्डहरुमा खेल मैदानहरु रहेका छन् । जुन खेलमैदानहरु नयां निर्माण तथा केहीको स्तरोन्नति गर्ने काम भैरहेको देखिन्छ । त्यसको उचित व्यवस्थापन गर्नका लागी संस्थागत संरचनाको आवश्यकता पनि देखिन्छ । साथै राज्यको समावेशी विकासको नीति अनुसार खेलमैदानहरुमा पनि सबै अवस्थाका (वालवालिका, युवा अपांगहरु) व्यक्तिहरुले खेल्न सक्ने गरी खेलमैदानको विकास गर्नुपर्ने देखिन्छ ।

.

### ४.६.२ समस्या तथा चुनौती

युवाहरुमा पूर्ण रोजगार नहुनु, विदेशिनु, उचित शिक्षा प्राप्त गर्ने अवसर प्राप्त नहुनु, बीचैमा पढ्न छोड्नु, सिपयूक्त तालिम प्राप्त युवाकोकमि, युवाहरुमा अनुभव र आत्म विश्वासको कमि हुनु, कुलतमा फस्नु, अर्काको लहै लहैमा लाग्ने प्रवृतिको विकास हुनु, गरीवीको कुचक्रमा फस्नु, युवाहरुको क्षमता अभिवृद्धि कार्यक्रम आवश्यकता अनुसार दिन नसक्नु, युवा विकास सम्वन्धीस्पष्ट नीति नहुनु, उद्यमी विकासका लागि लगानी गर्ने पूजी नहुनु आदि समस्याहरु रहेका छन्। नगरपालिकामाखेलकुदको लागि कभर्ड हलको व्यवस्था नहुनु, जेष्ठ नागरीकको लागि र युवाहरुको लागि मनोरञ्जनका साधन तथा व्यवस्था नहुनु आदि रहेका छन्।

नगरमा युवा तथा खेलकुदका क्षेत्रमा प्रर्याप्त सम्भावना तथा अवसर हुदा हुदै यस नगरपालिकामा व्यवसायिक रुपमा खेलकुद प्रशिक्षण, विकास र खेलाडी उत्पादनमा कमी रहेको छ । पेशागत खेल प्रशिक्षक र प्रशिक्षणको

व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने प्रचलन नभएको र नियमित खेल आयोजना कमी रहेको कारणले खेलकुदको विकास हुन सकेको छैन । वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्थानीय रुपमा स्वरोजगारका अवसरमा कमी तथा युवा पलायन, वेरोजगा युवाहरुलाई रचनात्मक काममा लगाउन नसकको यस नगरपालिकाको प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

### ४.६.३. सोच

युवाहरुको पौरख नगरपालिकाको समृद्धि

### ४.६.४. उद्धेश्य

१.युवा जनशक्तिलाई उद्यमशिल, रोजगारीको माध्यमवाट आर्थिक समृद्धि प्राप्त गर्ने ।

२. खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था गरी शारीरिक, मानसिकरुपले सक्षम नागरिकको निर्माण गर्ने ।

### ४.६.५. रणनीति

१.परिवर्तनका मुख्य वाहकको रुपमा युवाहरुलाई परिचालन गर्ने ।

२ युवाको विकासमा जोड दिने नीति अवलम्वन गर्ने ।

३ सवैको स्वास्थ्यको लागि खेलकुद र मनोरञ्जन भन्ने नीतिलाई कार्यान्वयन गर्ने।

### ४.६.६ युवा, खेलकुद तथा नवप्रबर्तन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ४.१३: युवा, खेलकुद तथा नवप्रबर्तन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | | जोखिम पक्ष | | |
|---|---|---|---|---|---|---|
| | | आधाररेखा ०८१/८२ सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| वालक्लव गठन भएका विद्यालय | संख्या | 45 | 55 | 65 | 75 | |
| वैदशिक रोजगारीमा गएका युवा | प्रतिशत | 42 | 40 | 35 | 30 | |
| वैदेशिक रोजगारबाट फर्किएर पेशा व्यवसाय गर्नेको संख्या | प्रतिशत | 20 | 25 | 30 | 35 | |
| युवा क्लब, संजाल तथा संस्था | प्रतिशत | 20 | 25 | 30 | 35 | |
| युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | प्रतिशत | 20 | 25 | 30 | 35 | |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | 20 | 25 | 30 | 35 | |
| कवर्डहल तथा खेलकुद मैदान | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| नगरपालिकामा संचालित खेलकुद प्रतियोगिता | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संख्या | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| विद्यालय स्तरीय खेलकुद मैदान संख्या | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| पालिका स्तरीय खेलकुद प्रतियोगिता | प्रतिशत | 10 | 10 | 15 | 15 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| संरक्षितकला, सँस्कृति र सम्पदाकाप्रकार | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | प्रतिशत | 10 | 10 | 15 | 15 | |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य संबन्धी अध्ययन तथा अनुसन्धान | प्रतिशत | 10 | | 15 | 15 | |
| स्थानीयकला, संस्कृति, सम्पदा, भाषा | प्रतिशत | 10 | | 15 | 15 | |

### ४.६.७ युवा, खेलकुद तथा नवप्रबर्तन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ४.१४:युवा, खेलकुद तथा नवप्रबर्तन उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | २०००००० | २०००००० | | | | २०००००० | | |
| २०८३।८४ | २२००००० | २२००००० | | | | २२००००० | | |
| २०८४।८५ | २४२०००० | २४२०००० | | | | २४२०००० | | |

### ४.६.८ युवा, खेलकुद तथा नवप्रबर्तनउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ४.१५: युवा, खेलकुद तथा नवप्रबर्तन उपक्षेत्र कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्त ( सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | राष्टपति रनिडशिल्ड तथा मेयर कप खेलकुद प्रतियोगीतान आयोजना | स्वस्थ, सक्षम, अनुसाशित नागरिक विकास गर्न | सालबसाल ी | | ९५९ ९ | २९०० | ३१९० | ३५०९ |

**४.६.९ जोखिम पक्ष तथा अनुमान**

युवा तथा खेलकुदका कार्यक्रमका लागि सङ्घबाट प्राप्त हुने बजेटको व्यवस्था नियमित नभए यसले समुदायमा युवाहरुमा कुलत तिर लाग्न सक्ने जोखिम रहन्छ ।खेलकुदले सामाजिक सुरक्षाको भावना जागृत भएको हुनेछ अन्यथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

**४.७. सामाजिक सुरक्षा तथा पञ्जीकरण**

**४.७.१ पृष्ठभूमि**

मानिस सामान्य अवस्थामा बाहेक जेष्ठ नागरिक, असहाय र अन्य कारणले आधारभ''त मानवीय आवयकताबाट बन्चित ह'ने अवस्था भएमा ती प्रकारका आवयकताहरु प''रा ह'ने स'निश्चितता हन नै सामाीजक स'रक्षा हो । सामाीजक सुरक्षा अन्तर्गत नेपाल सरकारले सामाीजक सुरक्षा भत्ता नागरिकहरु लाई नगद उपलध गराउने कार्य गरिरहेको छ । लाभग्राहीले यस्तो भत्ता रकम ब'झेकोमा कृनै पनि दायित्व बहन गर्न नपर्ने भएकाले यो निःशर्त अनुदानको रुपमा रहको ह'न्छ । यस किसिमबाट प्रदान गरिदै आएकोसामाजिक सुरक्षा भत्ता देशैभरकाविभिन्न वर्गका लाभग्राही समहहरुलाई धनी-गरीब, विशेष क्षेत्र आदिमा लक्षित नगरी समान रुपमा लाग' भएको छ । यसगरी नगरपीलकाले समेत आधारभ''त आवश्यकताबाट बन्चित ह'ने प्रकृतिका उच्च जोखिममा रहेका बालवालिका, गरिब,दलित, अपाङग, लोपोन्म'ख लगायतलाई लाभान्वित ह'ने गरी आवश्यक कार्य संचालन गर्न आवश्यक ह'न्छ । देशमा बसोबास गर्ने प्रत्येक नागरिकको महत्वप''र्णव्यक्तिगत घटनाहरु लाई आधिकारिक रुपमा रेकर्ड राख्न र यो कार्यका लाीग घटनादर्ताको सर्वमान्य सिध्दान्त अन'सार यसलाई निरन्तरता दिन' आवश्यक छ। तसर्थ जन्म, मृत्य', विवाह, बसाईसराई र सबन्धविच्छेद गरी पाँचकिसिमका घटनाहरु लाई दर्ता गर्ने आधिकारीक रुपमा नगरपालिकाले गन'पर्ने ह'नाले यसका लागि आवश्यक रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसबन्धिकार्यहरु संगसगै गन'पर्दछ ।

**४.७.२ समस्या तथा चुनौती**

लाभग्राही व्यक्तिको सचेतना र जानकारीवाट बन्चित भई स'विधाबाट विम'ख हुन एवम् अति आवश्यक परेपछि मात्र

जन्म, मृत्य',विवाह, बसाईसराई र सम्बन्धविच्छेदका घटनादर्ता गर्ने परपाटिले यथार्थ विवरण अभिलेखनमा समस्याभैरहको देखिन्छ ।

निरक्षर लाभग्राहीलाई समेत वैकिङग प्रणालीबाट भ'क्तानी भैरहको सामाजिक सुरक्षाभत्तालाई आवश्यक सहजीकरण गरी प्रभावकारी व्यवस्थापन गर्ने च'नौती रहेको छ ।

**४.७.३ सोच**

सामाीजक सुरक्षाको स'निश्चिततासहित सबै नागरिकको प''र्ण अभिलेख

**४.७.४ उद्धेश्य**

- सवै प्रकारका आधारभूत हक एव आवश्यकताबाट बन्चित नागरिकहरु लाई सामाीजक सुरक्षाको सम'चित

व्यवस्थापन गर्ने ।

- समयमा नै सवै प्रकारका घटनादर्ता गरी विवरण अलवधिक गर्ने ।

### ४.७.५ रणनीति

- आधारभूत आवश्यकताबाट बन्चित उच्च जोखिममा रहेका नागरिकको सम्मान र सरक्षण गर्ने ।
- घटनादर्ता प्रकियालाई सरल, सहज र प्रभावकारी बनाउने ।

### ४.७.६ सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको  मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ४.१६: सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | | जोखिम पक्ष | | |
|---|---|---|---|---|---|---|
| | | आधाररेखा ०८१/८२ सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| खेलकुदमा अपाङ्ग | प्रतिशत | 15 | 20 | 25 | 30 | |
| बर्गिकृत अपाङ्गहरुको संख्या | संख्या | १८७६ | १८७६ | १८७६ | १८७६ | |
| अपाङ्गताको परिचयपत्र भएका | प्रतिशत वा संख्या | 100 | 100 | 100 | 100 | |

### ४.७.७ सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको  खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको  मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ४.१७:सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ६२३७७३२ | ६२३७७३२ | | | | ६२३७७३२ | | |
| २०८३।८४ | ६८६१५०५ | ६८६१५०५ | | | | ६८६१५०५ | | |
| २०८४।८५ | ७५४७६५५ | ७५४७६५५ | | | | ७५४७६५५ | | |

### ४.७.८ सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ४.१८: सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्र कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण कार्यक्रम | जन्म, दर्ता, मृत्यु भएका ब्यक्तिहरुको अनलाई अभिलेखीकरण गर्ने | सालवसाली | | | ५९५८० | १८००० | १९८०० | २१७८० |
| सामाजिक सुरक्षा वितरण तथा सालवसाली कार्यक्रम | जेष्ठ नागरिक, अपांगता, एकलमहिला लगायतका ब्यक्तिहरुलाई सामाजिक सुरक्षा वाफत भत्ता वितरण गर्ने | सालवसाली | | | ५९०८७ | १७८५१ | १९६३६ | २१६०० |

### ४.७.९ जोखिम पक्ष तथा अनुमान

सवै प्रंकारका आधारभूत आवश्यकताबाट बन्चित हुने एव उच्च जाोखिममा रहेका बालवालिका, गरिब, दलित, अपाङग, लोपोन्मुख, लगायतलाई प्रत्यक्ष लाभान्वित हुने गरी कार्यक्रम संचालन गर्दा सर्वपक्षिय सहयोग प्राप्त हुनेछभन्ने अनुमान गरिएको छ । वास्तबिक लाभग्राही पहिचान नभई अनुचित रुपमा परोक्ष लाभ लिने अवस्थाको नियन्त्रण र सापेक्ष एवम् सहि विवरणसहितको घटनादर्ता एवम् विवरण अद्यावधिकको प्रक्रियामाा नागरिकहरु सचेत नभएमा जोखिम समेतनिम्तिने देखिन्छ ।सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्वन्धमा अभिमुखीकरण, कार्यक्रम व्यवस्थापन भएको हुने ।

# परिच्छेद-५
# भौतिक पूर्वाधार विकास

## ५.१ पृष्ठभूमी

विकासको अवस्थालाई सजिलै महसुस गर्ने, देख्न सकिने र त्यसलाई सहज उपयोग गर्न सकिने अवस्थाको सिर्जना पूर्वाधार विकासवाट मात्र संभव रहन्छ । पूर्वाधार ज्यादै व्यापक अर्थमा प्रयोग हुने अवस्था हो । यस भित्र समयानूसार विभिन्न विषयगत क्षेत्रहरुलाई समेटिएको हुन्छ । जस्तै यातायात, सिंचाई, खानेपानी, भवन निर्माण, ढल निर्माण, विद्यूत, संचार आदी वाहेकपनि अन्य कतिपय यस भित्र रहन्छन । गोदावरी नगरपालिकामा हाल सम्म संचालित तथा विकसित पूर्वाधारको अवस्थालाई यसभित्र समेटिएको छ ।

गोदावरी नगरपालिकाको समग्र विकास कृयाकलापहरु संचालन गर्न यातायत एक महत्वपूर्ण पूर्वाधार हो । हवाईसेवा र सडक यातायात नै गोदावरी नगरपालिकाको मूख्य यातायातको साधनहरु हुन् । कैलाली जिल्ला स्थित गेटा विमानस्थल जो विगतमा यसै नगरपालिका अन्तर्गत रहेको थियो, यसवाट गोदावरी नगरपालिकाका सहित सम्पूर्ण सुदूपश्चिम प्रदेश लाभान्वित रहेको छ । यो जिल्लामा यातातका प्रमूख साधनहरुमा हवाई यातायात, सडक यातायात, घोडेटो, गोरेटो आदी रहेका छन । प्रमूख सडकहरुमा पक्कि पूलहरु तथा कल्भर्ट आदीको व्यवस्था गरिएको छ भने घोडेटो तथा गोरेटो वाटोहरुमा झोलूगें पूलको व्यवस्था भएको पाईन्छ । यद्यपी, यी सवै साधनहरु प्रयाप्त नरहेको अवस्था विद्यमान छ । सडक यातायातको विकासको दृष्टिकोणले पनि यो नगरपालिकाका सवै वडाहरुमा समान विकास भएको पाईदैन तात्कालिन अवस्थाका अत्तरिया नगरपालिका भित्रका वार्डहरुमा सडकको विकास तुलनात्मक रुपमा निकै अगाडी छ भने पूर्नसंरचना पश्चात निर्मीत गोदावरी नगरपालिकाका अन्य वडाहरुमा सडकको विकास तुलनात्मक रुपमा पछाडी परेको छ । देशकै दुईवटा ठुला राजमार्गहरु पूर्व–पश्चिम राजमार्ग र सहीद भिमदत्त राजमार्ग यसै नगरपालिकाको अत्तरिया वजारमा क्रस सेक्सन वनाई अगाडी वढेका छन । यस नगरपालिकामा विद्यमान सडकको अवस्था निम्नानूसार देखिन्छ ।

यस नगरपालिकामा ६०.५ किमि सडक पक्कि अवस्थामा रहेको पाईन्छ, जस अन्तर्गत राष्ट्रिय राजमार्ग जिल्ला तथा फिडर सडकहरु र नगरपालिका आफैले पिच गरेका सडकहरु पर्दछन । यी मध्ये केहि सडकहरुको स्तर उन्नति गर्नुपर्ने अवस्था देखिन्छ भने केहि सामान्य चालु हालतमा मात्र रहेका छन । त्यस्तै कच्चि सडक तर्फ ६४५ कि.मि. सडक र घोरेटो वाटो तर्फ ३०.२२ किमि. यस नगरपालिकामा रहेको छ । यस नगरपालिकामा सडक यातायात तथा वजार केन्द्रको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

भौतिक पूर्वाधार क्षेत्रको विकास कुनै पनि स्थान/क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक र भौतिक सेवा तथा सुविधा प्रवाह गर्ने भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो निर्माण र संचालनका साथसाथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरुको अवलम्बन जरुरत पर्दछ । नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा संचालन गरी सामाजिक, आर्थिक र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

अन्तरराष्ट्रिय प्रतिवद्धता प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, शहरी गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुल्ला ठाउँहरु उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । यसै लक्ष्य अनुरुप भूउपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधारको विकास द्रुत गतिमा गर्ने, बढी फलदायी र वातावरणमैत्री आयोजना कार्यान्वयन गर्ने, निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयन गर्न जरुरी छ ।

## ५.२ आवास, भवन तथा वस्ती विकास

### ५.२.१ पृष्ठभूमी

गोदावरी नगरपालिकामा अत्तरिया, मालाखेती, गोदावरी, बुढीतोला, श्रीपुर आदी प्रमुख वजार केन्द्रहरु हुन । ग्रामिण समुदायलाई मध्यनजर राखि विकसित भएका यी वजार केन्द्रहरुमा आधारभुत विकासका पूर्वाधारहरु स्थापना हुन सकेका छैनन । केवल व्यापारिक उद्देश्यका लागि स्थापीत भएका यी वजार केन्द्रहरु सेवामुखि भन्दा वढी नाफाका उद्देश्यले स्थापना भएको पाईन्छ । समग्रतामा हेर्दा वडा १ देखि १२ सम्मको अवस्थामा वडा नं. १ र ११ मा कुनै पनि वजार केन्द्र स्थापना भएको पाईदैन भने अन्य वडाहरुको आधारमा ८८ वटा किराना पसल, १६३ वटा होटल तथा लजहरु, १९० वटा खाजा पसल तथा रेष्टुरेण्ट (साना ठुला सवै गरि), ४७ वटा मेडीकल तथा औषधि पसल, १३१ तरकारी तथा फलफूल पसल, ५४ मोटर गाडी मर्मत केन्द्रहरु, २५० रेडिमेट तथा अन्य कपडा पसलहरु र २७ वटा अन्य पसलहरु समेत रहेका छन । तलको तालिकामा गोदावरी नगरपालिकामा शहरकरणको स्वरुपका वारेमा वर्णन गरिएको छ ।

नगरपालिकाको मुख्य गरी शहरी क्षेत्रमा नगर विकास समितिको प्राविधिक सहयोग र नगरपालिकाको सहजीकरणमा सडक, नाली, पेटी, जग्गा एकीकरण र विकास तथा विद्युतीकरण जस्ता पूर्वाधार निर्माण भएका छन् । नगरपालिकामा राष्ट्रिय भवनसंहिता अनुरुप नगरपालिकाको भवन संहिता २०७२ तयार तथा स्वीकृत भई घरनक्शा पास तथा भवन निर्माण मापदण्ड संचालनमा रहेको छ । यसैगरी नगरपालिकामा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य भइरहेको छ ।

नगरपालिकाको पूर्वाधार विकास शाखा अनुसार नगरपालिकाका सबै वडामा सडकहरुको विस्तार भईसकेको छ । तर ती सडकहरु कालोपत्रे हुन भने बाँकी रहको देखिन्छ । नगरपालिकामा विभिन्न यातयातका साधनको आवागमन हुने गर्दछ । मुख्यतया यस नगरपालिका भित्र मिनि वस, ट्याक्टर, जीप, मोटरसाईकल, साईकल, अटो रिक्साहरु चल्ने गरेको पाईन्छ । प्राय जसो मानिसले दैनिक कामकाजका लागी साईकलको प्रयोग गर्ने गरेको पाईन्छ । यस नगरपालिकामा सडक संञ्जालको पहुँच राम्रो देखिन्छ । समथर भूमि भएको तथा योजनाबद्ध तरिकाबाट बसोवास गराईको कारण थोरै लागतमा पनि सडक विस्तार गर्न सकिन्छ । तर मुख्य सडकका रुपमा रहेको धनगढी ( गोदावरी ( बेलौरी ( महेन्द्रनगर सडकहरु भने हाल सम्म पनि पक्की हुन सकेका छैनन् जसले गर्दा यहाँका वासिन्दाहरुलाई सदरमुकाम सम्म आवागमन गर्नका लागी वढी समयलाग्ने गरेको पाईन्छ भने वर्षायाममा यात्रामा सास्ती भोग्नुपर्ने हुन्छ । त्यसैले नगरपालिकाले यी मुख्य सडकको स्तरोन्नतिका लागी सम्वन्धित निकायसँग पहल गर्नुपर्ने देखिन्छ ।

गोदावरी नगरपालिका भित्रमा गोदावरी वसपार्क र सिद्धेश्वर वसपार्क लगाएर दुईवटा वसपार्कहरु रहेको छ । अन्य स्थानको हकमा भने सडकको वरीपरी नै गाडी, मोटरहरु पार्कीङ गरी राख्ने गरेको देखिन्छ । अव्यवस्थित वसविसौनी तथा गाडीहरु पार्किङका कारण दुर्घटनाको जोखिम त छदैछ त्यस माथी वजारको सुन्दरतामाथी नराम्रो असर पुर्याईरहेको छ ।

यसैगरी वडा नं. १, २, ३, ७ र ८ मा वडा कार्यालय आफ्नै भवनमा संचालनमा रहेको र अन्य कार्यालय भाडामा संचालन गरी स्थानीय सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

आवास क्षेत्रमा नगर विकास समितिबाट तयार तथा स्वीकृत जग्गाको प्लटिङको क्षेत्रफल धेरै कम रहेकोले भवन निर्माण मापदण्ड पालना गर्न गराउने कठिनाई देखिएको छ भने अर्कोतिर यसबाट व्यवस्थित आवास निर्माणमा चूनौति थपिएको छ । पश्चिम नेपालको आवासीय शहरको रुपमा विकास तर्फ लम्कदै गरेको यस नगरपालिका क्षेत्रमो भवन संहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका नीजि, व्यावसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसार नियमन हुन सकेको छैन । लामो दुरीको बसपार्कमा सवारी साधन पार्किङ र यातायातको सहज व्यवस्थापनको लागि क्षेत्र कम भएको नगरपालिकाको अन्य क्षेत्रमा पाकिङ स्थलको व्यवस्था हुन सकेको छैन ।

नगरपालिकामा भएको तरकारी तथा फलफूल बजारमा पानी निकासको लागि नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, शित भण्डार र अन्य पूर्वाधार र सूविधाको कमी रहेको छ । नगर विकास समितिले प्रस्ताव गरेको भूउपयोगको क्षेत्र अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार वस्ती विकास र भवन तथा फोहोरमैला व्यवस्थँपनको सम्वन्धमा यस नगरपालिकामा डम्पीङसाईटको व्यवस्था हालसम्म भएको छैन ।

नेपाल सरकार वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय (तात्कालिन वातावारण मन्त्रालय) ले गरेको जलवायु परिवर्तन संकटासन्न नक्शाङ्कन प्रतिवेदनमा उल्लेखित ईण्डेक्सको आधारमा यो जिल्ला न्यून जोखिमको अवस्थामा ०.१८१ (०.३५५, ˈयिध च्वलप) सुचिकृत छ । अति उच्च जोखिम वडा न. ४ र ५, उच्च जोखिममा वडा नं. ३, ६, ७ र ९ रहेका छन भने वडा नं. ३ र ८ न्युन जोखिममा रहेका  छन । नगरको शहरी तथा ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन नगर कार्यपालिकाको एकीकृत भवन, वडा भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ ।

### ५.२.३ सोच

सामाजिक सुरक्षाको स'निश्चिततासहित सबै नागरिकको प''र्ण अभिलेख

### ५.२..४ उद्धेश्य

१ : वातावरणमैत्री, सुरक्षित र व्यवस्थित वस्ती, आवास र शहरी सुविधामा अभिबृद्धि गर्नु

### ५.२..५ रणनीति

१. वडा कार्यालयलाई सेवा प्रवाह केन्दको विकास गर्ने

२. नगरको व्यवस्थित विकासको लागि भूउपयोग क्षेत्र निर्धारण गरी सोअनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्र निर्धारण गर्ने

३. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने

४. नगरपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने

### ५.२..६ आवास, भवन तथा वस्ती विकासउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ।

**तालिका ५.१: आवास, भवन तथा वस्ती विकासउपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| भौतिक पुर्वाधार विकास संग सम्बन्धित आवश्यक सुचकहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | इकाई | | | | | जोखिम |
| | | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| विद्यालय भवन | संख्या | 170 | 170 | 165 | 175 | |
| निजी आवास | संख्या | 21250 | 21255 | 21300 | 21400 | |
| वडा कार्यालय भवन | प्रतिशत | 50 | 79 | 90 | 100 | |
| नेशनल ग्रिडको विजुली जडान घर | संख्या | 20500 | 20600 | 20700 | 20900 | |
| शौचालय भएको घर | संख्या | 20700 | 20900 | 21000 | 21200 | |
| प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र ( भूक्षय, नदी तथा खहरे जोखिममा नरहेको बस्ती) | प्रतिशत | 80 | 82 | 85 | 88 | |
| प्रवर्द्धित तथा सुरक्षित जनता आवास भवन | प्रतिशत | 12 | 15 | 20 | 30 | |
| भूकम्प प्रतिरोधी भवन निर्माण संम्बन्धी दक्ष जनशक्ति | प्रतिशत | 25 | 30 | 50 | 70 | |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | प्रतिशत | 30 | 50 | 70 | 90 | |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर ( नक्सापास भएका) | प्रतिशत | 20 | 30 | 35 | 40 | |
| आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार.सडक, विद्युत, टेलिफोन, खानेपानी .....) | प्रतिशत | 10 | 20 | 25 | 30 | |
| अव्यवस्थित बसोबासी (सुकुम्बासी बस्ती) परिवार | प्रतिशत | 15 | 10 | 5 | 5 | |
| ऐलानी/पर्ती र सार्वजनिक जग्गामा बसोवासी परिवार | प्रतिशत | 7 | 5 | 3 | 2 | |

### ५.२..७ आवास, भवन तथा वस्ती विकासउपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ५.२:आवास, भवन तथा वस्ती विकासउपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | २४,९००,००० | | २४,९००,००० | | | २४९००००० | | |
| २०८३।८४ | २७,३९०,००० | | २७,३९०,००० | | | २७३९०००० | | |
| २०८४।८५ | ३०,१२९,००० | | ३०,१२९,००० | | | ३०१२९००० | | |

### ५.२..८ आवास, भवन तथा वस्ती विकासउपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यसउपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ५.४:आवास, भवन तथा वस्ती विकासउपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | | ३९०५८ | ११८०० | १२९८० | १४२७८ |
| विद्यालयहरुको भवन निर्माण, मर्मत र घेरवारलगायत विद्यालय सुधार आयोजना | शिक्षाको गुणस्तर वृदी गर्ने | सालबसाली | | ४३०३ | १३०० | १४३० | १५७३ |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

सवै प्रंकारका यस उप क्षेत्रका कार्यक्रम संचालन गर्दा सर्वपक्षिय सहयोग प्राप्त हुनेछ भन्ने अनुमान गरिएको छ ।।

### ५.३.१ सडक,पुल तथा यातायात

गोदावरी नेपालका राम्रा शहरी विकास गुरुयोजना भएका शहरहरूमध्येको एक नगरपालिका हुनेछ । शैक्षिक, प्रशासनिक, व्यावसायिक केन्द्र हुने सम्भाबना भएकाले यहाँ शहरीकरण तीव्र बढने छ । यस नगरपालिका सबै बस्तीहरुमा मोटर बाटा बनेको र पूर्व पश्चिम राजमार्ग यस नगरपालिकाको ठिक वीचभागवाट राजमार्ग गएको छ भने भीमदत्त राजमार्गको अत्तरीया-बुढीतोला सडक र अन्य वडा जोड्ने पक्की र कच्ची सडकहरुले यो नगरपालिकाको यातायात व्यवस्थालाई सहज बनाएका छन् ।

### ५.३.२ समस्या तथा चुनौती

यस नगरपालिकका १२ वटै वडामा वाह्रैमास यातायात सञ्चालन गर्ने गरी नगरपालिकावाट वडा कार्यालय जोड्ने सडकहरु र जिल्ला सदरमुकाम जोड्ने अत्तरिया-मालाखेती-मालबेला-..सडक कालो पत्रे गर्न आवश्यक पर्ने लगानी रकम जुटाउन, अति जरुरी स्थानहरुमा पक्की पुल तथा कज्वे, कल्वर्ट निर्माण गर्न वजेटको व्यवस्थापन गर्न, आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्न,थोरै लगानीमा गुणस्तरीय सडक निर्माण गर्ने प्रविधिको पहिचान गर्न, नगरपालिकाले वजेट निश्चित क्षेत्रमा मात्र खर्च गर्न सक्ने वनाउन, निर्माण गरिएका संरचनाहरुको नियमित मर्मत गर्न, पर्यटकीय पदमार्गको पहिचान गरी निर्माणको लागि श्रोत जुटाउन, निर्माण गरिएका पूर्वाधारहरु र आर्थिक उपार्जन संग समन्वय गर्न, वाह्रैमास सवै वस्तीहरुमा सार्वजनिक वस सेवा सञ्चालन गर्न चुनौती रहेको छ ।

### ५.३.३ सोच

सार्वजनिक सडक, पुलतथा यातायातको स’निश्चितता

### ५.३.४ उद्धेश्य

१. सवै वडाहरुमा वाह्रैमास सार्वजनिक यातायात सञ्चालन भई जनताको आर्थिक स्थितिमा व्यापक सकारात्मक परिवर्तन गर्न’।

२. नगरपालिकाका मुख्य सडकहरुमा आवश्यक पुल,कल्भर्ट र अन्य पूर्वाधार निर्माण भई सार्वजनीक यातायातमा सहज पहुच पुर्याउनु ।

### ५.३.५रणनीति

१ जिल्ला सदरमुकाम जोड्ने सडक र नगर सदरमुकाम जोड्ने सडकलाई प्राथमिकता दिई स्तरोन्नति गर्ने ।

२ सवै वडाहरुमा वाह्रैमास सार्वजनिक यातायात सञ्चालन गर्ने ।

३ नगरपालिकाले तयार पार्ने सडक गुरुयोजना अनुसार सडक तथा पूल निर्माण कार्य गर्ने ।

४ वस्तीहरुमा पर्यटक क्षेत्रको विकासको लागि यातायात सहजता लगायतका पूर्वाधार निर्माण गर्न जोड दिने ।

### ५.३.६ सडक, पुल तथा यातायात उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ५.४:सडक, पुलतथा यातायात उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | | | | जोखिम |
|---|---|---|---|---|---|---|
| | | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| सडक तथा यातायात | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | 300 | 320 | 340 | 375 | |
| कालोपत्रे | कि.मि. | 136 | 160 | 180 | 200 | |
| ग्राभेल सडक | कि.मि. | 200 | 225 | 250 | 300 | |
| धुले सडक | कि.मि. | 30 | 25 | 15 | 5 | |
| सडकबाट जोडिएको वडा केन्द्र | संख्या | 12 | 12 | 12 | 12 | |
| राष्टीय राजमार्गको पहुंच | किमि | 25 | 30 | 35 | 40 | |
| पक्की सडकमा पहुँच | प्रतिशत | 75 | 80 | 85 | 90 | |
| ग्राभेल सडकमा पहुँच | प्रतिशत | 55 | 65 | 75 | 85 | |
| ढयाक सडकमा पहुँच | प्रतिशत | 20 | 25 | 30 | 35 | |
| सडक पहुँच नभएको | संख्या | 0 | 0 | 0 | 0 | |
| सडक सहुंच भएका प्रमुख बजार | संख्या | 10 | 12 | 14 | 15 | |
| स्थानीय बजारमा उपलब्ध एकीकृत सेवा र सुविधाका प्रकार (सरकारले परिभाषा गरे अनुसार) | संख्या | 7 | 10 | 12 | 15 | |
| नदी तथा सहायक नदीमा झोलुङ्गे पुल | संख्या | 8 | 8 | 9 | 9 | |
| कलात्मक काठे पुलको संरक्षण र मर्मत र निर्माण | संख्या | 1 | 1 | 1 | 1 | |
| यातायात सुचारु सडक लम्बाई | किमी | 350 | 375 | 400 | 400 | |
| सडक नालीको लम्बाई | किमी | 20 | 30 | 35 | 40 | |
| नियमितमर्मत संभार भएको सडकको लम्बाई | किमी | ६ | ८ | १० | १२ | |
| वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | १० | १५ | २५ | ३० | |

### ५.३.७ सडक, पुलतथा यातायात उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस **उप**क्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ५.५: सडक, पुलतथा यातायात उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ६९,५००,००० | | ६९,५००,००० | | | ६९५००००० | | |
| २०८३।८४ | ७६,४५०,००० | | ७६,४५०,००० | | | ७६४५०००० | | |
| २०८४।८५ | ८४,०९५,००० | | ८४,०९५,००० | | | ८४०९५००० | | |

**५.३.८ सडक, पुलतथा यातायात उपक्षेत्रको उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ५.६:सडक, पुलतथा यातायात उपक्षेत्रकाकार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| सडक स्तरोन्नती तथा अन्य सडक मर्मतसंभार अन्य साल- बसाली कार्यक्रम | सेवा तथा सुविधामा पहुच बढाउनु | सालबसाली | | १८७०१५ | ५६५०० | ६२१५० | ६८३६५ |

**५.३.९ जोखिम पक्ष तथा अनुमान**

नगरपालिकाका प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयनमा सङ्घीय तथा प्रदेश सरकारको सहकार्य हुनेछ । नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.४ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ५.४.१ पृष्ठभूमी

यस नगर क्षेत्रका सबै वडा र वस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको देखिन्छ र लगभग शतप्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ । यस नगरपालिकाका सवै वडा तथा वस्तिहरुमा विजुलीको सेवा पुगिसकेको छ भने ९०.७३ प्रतिशत घर परिवार परिवारले विजुलीको सेवा उपयोग गरिरहेका छन् । यसका अलावा यस जिल्लामा विद्युत उर्जा सम्बन्धी योजनाहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

गोदावरी नगरपालिकामा ९०.९२ प्रतिशत घरधुरीहरुले विद्युत सेवा प्रयोग गर्ने गरेको पाईयो । त्यस्तै सोलार प्रयोग गर्ने घरपरिवार ०.७५ प्रतिशत रहेका छन ।

### ५.४.२ समस्या तथा चुनौती

यस नगरपालिका ६४५८ अर्थात ५३.४९ प्रतिशत घरधुरीले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । वायोग्यास, सुधाएिको चुल्हो तथा स्वस्थ ऊर्जाको प्रयोग अवस्था न्यून रहेको देखिन्छ । नगरपालिकाको शहरी तथा व्यापारिक क्षेत्रमा विद्युतको पोलहरु पुराना रहेको, तारहरु यत्रतत्र छरिएर रहेको र विद्युत लाईनलाई हाल सम्म भूमिगत रुपमा प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय संचालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ । नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन ।

नगर क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य नगर विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ ।

### ५.४.३ सोच

"समृद्धको आधार भरपर्दो, मापदण्डसहितको पूर्वाधार"

### ५.४.४ उद्देश्य

१. जलस्रोत तथा जलाधार संरक्षण, सदुपयोग एवम्उपलब्ध ऊर्जाको उत्पादनशील कार्यमा वृद्धि गर्नु ।

२. विद्युत खपत बढाउने र जीवाश्म इन्धनमाथिको निर्भरता न्यून गर्नु ।

### ५.४.५ रणनीति

१.जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र संवर्द्धनमा समुदायको क्षमता विकास र परिचालन गर्ने।

२.जलस्रोत र जलाधारहरूको समुचित विकासमा निजी क्षेत्र र समुदायसँग अर्थपूर्ण साझेदारी गर्ने ।

३.जलस्रोत व्यवस्थापन, जलविद्युत तथा वैकल्पिक ऊर्जा उत्पादन बढाउन संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने ।

४. विद्युत लाइन तथा क्षमता वृध्दि गर्ने

५. नवीकरणीय ऊर्जा प्रविधिको  विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने

### ५.४.६ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको  मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ५.७: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | | | | | जोखिम |
|---|---|---|---|---|---|---|
| | | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| **एलपीग्यास प्रयोग गर्ने परिवार** | प्रतिशत | 50 | 55 | 60 | 65 | |
| **दाउरा प्रयोग गर्ने** | प्रतिशत | 45 | 40 | 35 | 30 | |
| **वायोग्यास** | प्रतिशत | 10 | 15 | 20 | 25 | |
| **मट्टितेल** | प्रतिशत | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | |
| उर्जा तथा विद्युत | | | | | | |
| **सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार** | प्रतिशत | 92 | 94 | 95 | 96 | |
| **सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने** | प्रतिशत | 75 | 80 | 85 | 90 | |
| **सुधारिएको धुवारहित चुल्हो जडान भएका परिवार** | प्रतिशत | 25 | 25 | 30 | 30 | |
| **विद्युत सेवा पुगेको जनसंख्या** | संख्या | 92821 | 93809 | 94796 | 95700 | |

### ५.४.७ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाउपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ५.८: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | २८८३००० | | २८८३००० | | | २८८३००० | | |
| २०८३।८४ | ३१७१३०० | | ३१७१३०० | | | ३१७१३०० | | |
| २०८४।८५ | ३४८८४३० | | ३४८८४३० | | | ३४८८४३० | | |

### ५.४.८ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ५.९: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ.व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| नगर विद्युत ब्यबस्थापन, सडक बत्ती लगायत जलविद्युतको सम्भाब्यता अध्ययन सालवसाली कार्यक्रम | विद्युतमा पहुच विस्तार गर्ने | सालबसाली | | ४९६५ | १५०० | १६५० | १८१५ |

### ५.४.९ जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । अन्यथा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.५ सूचना तथा संचार प्रविधि

### ५.५.१ पृष्ठभूमी

समाजको हरेक क्षेत्रको विकासको लागि आजको संसारमा संचार सुविधाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । गोदावरी नपा कैलाली जिल्लाको प्रशासनिक, आर्थिक, राजनैतिक, सामाजिक तथा व्यापारिक सम्पर्क विन्दुको रुपमा विकसित भैरहेको छ । यसकारणले गर्दा यस नपामा संचारको अझ महत्वपूर्ण स्थान रहेको छ ।

संचार साधन अन्तरगत हुलाक, टेलिफोन, रेडियो, टेलिभिजन र पत्र-पत्रिका पर्दछन्। यसैगरी नगरपालिकाका सवै वडाहरुमा टेलिफोन सुविधा उपलव्ध रहेको छ । हाल नपाका सवै सवै वडाहरुमा डिजिटल, भि.एच.एफ, मार्टस र सि.डट एक्सचेन्ज मार्फत टेलिफोन सुविधा उपलव्ध छ । नपाका सवै क्षेत्रमा रेडियो नेपालको सेवा पुगेको छ । यसरी नै नेपाल टेलिभिजनको सेवा पनि प्रायः जिल्लाको सवै क्षेत्रमा पुगेको छ । नेपाल टेलिभिजनलाई भू- उपग्रहसंग सम्पर्क गरिएकोले नपाका सवै ठाउंबाट प्रष्टसंग टेलिभिजन हेर्न सकिने छ । यसको अलावा शहरी क्षेत्रमा केवुलको माध्यमबाट विभिन्न अर्न्तराष्ट्रिय टिभी स्टेशनहरुको प्रशारणले पनि संचारको कार्य गरेको पाइन्छ । यसका अलावा जिल्लामा तथा यस नपामा संचालित एफ यम रेडिया सर्भिस संचार कार्यमा सहयोग गरेको पाइन्छ । कैलाली जिल्ला तथा यस नपा वाट प्रकाशित हुने स्थानीय दैनिक पत्रिकाले निरन्तर संचार क्षेत्रमा सेवा पु-याइरहेका छन्। यसको अलावा इमेल, इन्टरनेट, फ्याक्सको सुविधा पनि यहां उपलव्ध छ । तर इमेल, इन्टरनेट सेवाको उपयोग सरकारी र निजी क्षेत्रमा भन्दा खासगरी अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्थाहरुले बढी मात्रामा गरेका छन्।३.३० प्रतिशत घरपरिवारसंग ल्याण्डलाईन रहेको छ । टेलिविजन भएका घरपरिवार ४५.९४ प्रतिशत रहेका छन भने ६२.३५ प्रतिशत व्यक्तिहरुले मोवाईल फोनको प्रयोग गर्ने गरेको पाईयो ।

नेपाल टेलिकम र एनसेलको 4G Network सेवा उपलब्ध छ । गोदावरीनगरपालिका भित्र ल्क्रृभर्ा र ल्त्क्रृ ले इन्टरनेट सेवा उपलब्ध गराउदै आईरहेका छन् । विभिन्न केवल नेटवर्क तथा होमडिस मार्फत नगरपालिकाका नागरिकहरुले विभिन्न किसिमका समाचारका साथै मनोरञ्जनात्मक कार्यक्रम हेर्ने मौका पाएका छन् । नगरपालिकाको जम्मा घरधुरी १२,०७३ मध्ये टेलीफोन PSTN अथवाLandline र मोबाईल प्रयोगकर्ता १०,३८९ घरपरिवार रहेका छन भने इन्टरनेटका सेवाग्राहीहरु जम्मा ३९१ वटा परिवार रहेको पाईयो । त्यसै गरी गोदावरीमा १४ वटा मोवाईल टावर रहेको छ ।

### ५.५.२ समस्या तथा चुनौती

नगरपालिका केही घरपरिसँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ भने अझै २० प्रतिशत घरपरिवारमा कम्प्युटर, इन्टरनेट र टेलिभिजनको पहुँच नभएको देखिन्छ । कतिपय वस्ती र स्थानहरुमा मोबाइल टेलिफोन सेवाको गुणस्तरीयता कमजोर रहेको छ । नगर क्षेत्र भित्र, सवै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन ।

### ५.५.३ सोच

"समृद्धको आधार भरपर्दो, मापदण्डसहितको पूर्वाधार"

### ५.५.४ लक्ष्य

सूचना र प्रविधिको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको जीवन स्थितिमा सुधार गर्ने ।

### ५.५.५ उद्धेश्य

१. नगरवासीलाई सहज, सर्वसुलभ रुपमा सूचना प्राप्त हुने अधिकार प्रदान गर्ने ।

२. नगर वस्ती तथा वजारमा टेलिसेन्टरको माध्यमवाट इन्टरनेट सेवा, टेलिफोन सेवामा विस्तार गरी प्रविधियूक्त वस्तिको निर्माण गर्ने ।

### ५.५.६ रणनीति

१.नगरपालिका सूचना र प्रविधिमैत्री भई सेवा प्रवाहमा सुधार गर्ने ।

२. इन्टरनेट सेवाको पहुँच अभिबृद्धि गर्ने

३. टेलिफोन सेवा प्रभावकारी बनाउने

४. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने

५ नगरपालिका तथा वडामा आधुनिक प्रविधिको विकास गरी कागज रहित भएको वनाउने प्रयास गर्ने।

६ प्रत्येक वस्ती तथा टोल-टोलमा इन्टरनेट सेवाको पहुँच हुने

### ५.५.७ सूचना तथा संचार प्रविधि उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ५.१०: सूचना तथा संचार प्रविधि उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| भौतिक पुर्वाधार विकास संग सम्वन्धित आवश्यक सुचकहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | | | | | | जोखिम |
| | | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| **इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या** | संख्या | 3400 | 3450 | 3500 | 4000 | |
| **ल्याण्डलाइन टेलिफोन सुविधा** | संख्या | 550 | 560 | 575 | 600 | |
| **मोबाइल प्रयोगकर्ता** | संख्या | 31600 | 31700 | 31800 | 32000 | |
| **टेलीभिजन प्रयोग गर्ने घर** | संख्या | 10500 | 10600 | 10700 | 11000 | |
| **स्थानीय पत्रिका प्रकाशन** | प्रतिशत | 5 | 5 | 5 | 5 | |
| **इन्टरनेट सुविधा भएका विद्यालय संख्या** | प्रतिशत | 40 | 43 | 45 | 50 | |
| **उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति** | प्रतिशत | 10 | 12 | 15 | 20 | |
| **हुलाक संख्या** | गोटा | 1 | 1 | 1 | 1 | |

### ५.५.८ सूचना तथा संचार प्रविधि उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ५.११: सूचना तथा संचार प्रविधि उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

### ५.५.९ सूचना तथा संचार प्रविधि उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ५.१२: सूचना तथा संचार प्रविधि उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| वडा कार्यालयलाई डिजीटलाईजेसन आयोजना | सेवालाई प्रविधिमैत्री बनाउने | सालबसाली | | १६५५ | ५०० | ५५० | ६०५ |
| नगरमा डिजिटल प्रविधि प्रोफाईल तथा सूचना तथा सञ्चार व्यबस्थापन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन का लागी नगरपालिकाका मुख्य वजार क्षेत्रमा सिसिटिभी क्यामरा मार्फत निगरानी गर्ने | सालबसाली | | ५१२१ | १५४७ | १७०२ | १८७२ |

**५.५.१० जोखिम पक्ष तथा अनुमान**

यस विषय क्षेत्रमा नगरपालिकाको प्राथमिकता, तदनुरुप बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा सूचना प्रविधिको उच्चतम उपयोग गरी चौतर्फीरुपमा लाभ लिन नीति निर्माण तहमा यस क्षेत्रले प्राथमिकता पाउनु आवश्यक छ, अन्यथा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ

# परिच्छेद-६
# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ पृष्ठभूमी

नेपालको संविधानको भाग ३ धारा ३० ले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ । प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधँरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्ने सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दीगो उपयोग गर्ने व्यवस्था गरेको छ । यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गरेको छ ।

उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् । सोही अनुसार प्रदेश नीति तथा कानून पनि तयारीको अवस्थामा रहेका छन् भने स्थानीय सरकारहरु स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन तर्जुमा गरी कार्यान्वयनको प्रयास गर्दैछन् । उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामना गर्ने रहेको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दीगो विकासमा योगदान पुर्‍याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ । संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ । यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, वातावरण व्यवस्थापन नीति, राष्ट्रिय वन तथा जलवायु नीति लगायतका नीतिहरुले प्राकृतिक तथा गैर प्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभ जस्ता विषयहरुमा स्पष्ट व्यवस्था गरेको छ ।

संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । उपरोक्त संवैधानिक तथा नीतिगत कार्यसूचीको आधारमा योजनामा प्रस्तावित रणनीति, कार्यनीति तथा कार्यक्रमहरु समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास तथा प्रदेश र संघीय सरकारका सम्बन्धीत निकायसँग समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा तथा प्रस्तावित गरिएका छन् ।

संविधान, संघ र प्रदेश नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ ।

## ६.२ वन,भू संरक्षण तथा जैविक विविधता

### ६.२.१पृष्ठभूमी

वन क्षेत्र यस नगरपालिकाका लागि प्रमुख प्राकृतिक स्रोत हो ।आर्थिक तथा सामाजिक विकासमा वातावरणको ठूलो महत्व रहेको छ । यहा साल, सिसौ, आँप, खयर, उत्तिस, धुपि सल्ला,बाज, रहिच,साल,सल्लो,साजजस्ता रुखविरुवा र मृग घोरल कालिज, भालु, बाघ, मृग वन र वन्यजन्तुहरु रहेकाछन् । वन जङ्गल, खोलानाला, स्वच्छ हरियाली भएकोले यहाँको वातावरण ज्यादै रमणीय रहेको छ ।

गरिबीको रेखामुनि रहेको जनसंख्यामध्ये ७० प्रतिशत वनस्रोतमा आश्रित रहेका छन्। हाल विश्वव्यापी उष्णता तथा जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपको आवृत्ति तथा प्रवृत्तिमा व्यापक परिवर्तन आएको र पर्यावरणीय सन्तुलन कायम गर्नु अपरिहार्य हुँदै गएको सन्दर्भमा वन क्षेत्रको महत्व दिगो विकासका लागि समेत अझ बढी महत्वपूर्ण हुन गएको छ । गोदावरी नगरपालिका वनको क्षेत्रफल तथा जैविक विविधताका दृष्टिकोणले धनी क्षेत्र हो । नगरपालिकाको कुल क्षेत्रफलको ६४ प्रतिशत भूमि वनजंगलले ढाकेको छ । तर हालका वर्षहरूमा वन अतिक्रमण बढ्दै जांदा चोरी निकासी गर्नेहरूको संख्या समेत निरन्तर वृद्धि भएकै कारण यहां वनको क्षति बढ्दो अवस्थामा देखिन्छ । जिल्ला वन कार्यालयले आ.व. २०७०/७१ मा ३३ जना वन पैदावर चोरी निकाशी र वन अतिक्रमण गर्नेहरूमाथि मुद्दा चलाएकोमा आ.व. २०७१/७२ मा आइपुग्दा ६४ जनामाथि यस्तो मुद्दा चलाएको देखिन्छ । वन क्षेत्रमा भएको चोरी निकासीको तत्कालीन असरका रुपमा वनको आकारमा गत दशकमा उल्लेख्य क्षति भएको देखिन्छ । वन विभागले तराई क्षेत्रको वनमा सन् १९९०/९१ देखि सन् २०००/०१ को अवधिमा भएको परिवर्तन अध्ययन प्रतिवदेन अनुसार यहां वनको क्षति उल्लेख्य रुपमा भएको देखिन्छ ।

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासको लागि वन तथा वनस्पति सम्पदाको ठूलो महत्व रहेको छ । कृषि क्षेत्रको विकास तथा पशुपालन र उद्योगको लागि वनको योगदान उल्लेखनिय रहेको छ । गोदावरी नगरपालिका तराइ र चुरे पर्वतमा समेत रहेकोले यहाँको वनमा जडिवुटी प्रचुर मात्रमा रहेकोले र जिविकोपार्जनको लागि तथा दाउरा इन्धनको मुख्य श्रोत पनि वन जङगल भएकोले मानव जीवनमा यसको ठूलो महत्व रहेको छ ।
यहाँ सरकारी संरक्षित वन, सामुदायिक वन रहेको छ । यहां. बाघ, भालु, हात्ती, वँदेल, चितुवा, वादर, मृग आदि जङगली जनावर पाईन्छ ।साल, सिसौ, खयर, आँप, लिची, भुईं कटहर, चिलाउने, वास, कटुस, उत्तिस, सल्लो आदि प्रजातीका रुखहरु छन् । हालका वर्षहरुमा खेती गर्ने पाखो तथा खेतमा रुखहरुले ढाकेकोले कृषि उत्पादनमा समेत ह्रास आएको छ ।

यस नगरपालिकामा कुल १०८५३.१ हे. वन समुदायलाई हस्तान्तरण गरिएको छ । यस वन क्षेत्रमा कुल ८४ वटा सामुदायिक वन रहेको छ, जसमध्ये महिला सामुदायिक वनको हिस्सामा २२ वटा रहेका छन । सामुदायिक वनमा कुल १६०८० घरपरिवार प्रत्यक्ष संलग्न रहेका छन् । यसका साथै ग्रामीण क्षेत्रमा कृषि बनको रुपमा खेतबारीका डिल र खोला खोल्सीमा डालेघाँस, अम्रिसो, बाँस तथा सिसौ लगायतका बोट विरुवमा व्यवस्थापन गरिएको छ । जडीबुटी संरक्षण, खेती, प्रवर्धन, व्यावसायिक उत्पादन र बजारीकरणको दृष्टिकोणले समेत नगरपालिकाको ग्रामीण क्षेत्र अत्यन्त सम्पन्न रहेको छ । प्रर्याप्त मात्रामा जडिबुटी उपलब्ध रहेको यस नगरपालिका क्षेत्र भित्र काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, खेती र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ । यहाँ बाँस, वेत, कुरिलो, बोझो, अमला लगायत विभिन्न जडीबुटी पाइन्छ । एकातर्फ नगरपालिका क्षेत्रको जंगलमा बाघ, विभिन्न जातका मृग र लगायतका संरक्षित वन्यजन्तुहरु पाइन्छन् भने जङ्गली बदेल बाँदर, दुम्सी र बाघले बालीनाली र पशुपंक्षीमा क्षती पुऱ्याइरहेका छन् ।

उक्त खोनानाला र तालतलैयाबाट सिंचाई, घरपालुवा जनावर र वन्यजन्तुको लागि पानी र नुहाउने सुविधा उपलब्ध भईरहेको छ । यसैगरी उपरोक्त खोलानालाबाट स्थानीय उपभोगको लागि गिट्टी र बालुवा समेत उपलब्ध हुने गरेको छ । उपरोक्त खोलानाला तथा तालको जलाधार क्षेत्रमा घना जंगलले ढाकेको, कृषि तथा सार्वजनिक क्षेत्रमा समेत हरियाली रहेको हुँदा यस नगरपालिका क्षेत्रमा पानीको श्रोत र जमीनको उर्वराशक्ति तुलनात्मक रुपमा राम्रो रहेको छ । वन, जमीन र जलश्रोत लगायत जलाधारका

श्रोतको संरक्षण र व्यवस्थापनद्धारा नगरपालिकामा आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ ।

### ६.२.२ समस्या तथा चुनौती

यस नगरपालिकाको ६४ प्रतिशत भन्दा बढी क्षेत्र वनजङ्गलले ढाकेको भएका पनि वातावरणीय स्वच्छता वाहेक यसबाट नगरबासीले व्यावसायिक आर्थिक लाभ लिन सकेका छैनन् । नगर क्षेत्र भित्र पर्ने सामुदायिक र सरकारी वनसमेतको समूचित व्यवस्थापन हुन सकिरहेको छैन । वनको सीमाना स्पष्ट रहेको छैन र फलस्वरुप वन क्षेत्र अतिक्रमित हुने गरेको अवस्था देखिन्छ । यसै गरी हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुने गरेको छ । वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा नियन्त्रण तथा प्रति कार्ययोजना समेतको अभाव रहेको छ । वन, जैविक विविधता र जलाधारका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेकोछ ।

जलवायुजन्य अतिशय परिणाम (Climate Extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न नगरपालिका र स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । नगर क्षेत्रमा योजना बीना भू-उपयोग तथा स्वरुपमा परिवर्तन, भौतिक पूर्वाधार विकासमा अव्यवस्थित बृद्धि, जनसंख्या र शहरीकरणमा अनियन्त्रित बृद्धि भैरहेको छ । वन तथा वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्दा वन क्षेत्रमाथि चाप बढ्दो छ । उपलब्ध वन र वातावरणीय सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको अवस्था छ । कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी वस्ती र संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, वन, जमीन र जलस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू वन तथा वातावरण क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

वन क्षेत्रलाई आर्थिक उपार्जनसंग समन्वय हुन नसक्नु वन जङगलमा काम लाग्ने भन्दा कुकाठ वढी हुनु, आगलागी तथा डढेलो वढि लाग्नु , खेति योग्य जमिनमा अनावश्यक वोट विरुवाको व्यवस्थापन नहुनु, जडिवुटिको पहिचान र संरक्षण हुन नसक्नु,वन जङगलको फडानी, भू-क्षय, रसायनिक पदार्थको प्रयोग, प्लाष्टिकजन्य वस्तुको जथाभावी प्रयोग, पूर्वाधारवाट भू-क्षय, मृत जनावर व्यवस्थापन नगर्ने, प्रभावकारी समन्वयको अभाव, जनचेतनाको अभाव,नागरीक सुसुचित नहुनु, ऐन, निति नियम विनियमको पालन नहुनु, फोहर मैलाको व्यवस्थापनमा समस्या, जिम्मेवारी वहन नगर्नु, वातावरणमा असर, मानविय स्वास्थ्य रोगको प्रकोप,उर्वरा खेती योग्य जमिनको विनास र वाढी पहिरो, कार्यक्रम प्रभावकारी नहुनु, वन संरक्षण तथा वृक्षारोपण कार्यमा जनसहभागीतामा कमी, विकास निर्माणमा वन्यजन्तु समस्या आदि समस्याहरु देखिएका छन्।

वैज्ञानिक वन व्यवस्थापन नहुँदा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व कम रहेको छ । परम्परागत रुपमा घाँस दाउरा र काठ बाहेक वन क्षेत्रबाट आयआर्जन तथा उद्यम व्यवसायमूकल क्रियाकलाप संचालन गरी यथोचित लाभ लिन सएिको छैन । सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ । चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन कायम रहेको छ । यसबाट जैविक विविधता र वनमा आधारित आयमूलक क्रियाकलापका नकारात्मक असर परेको छ । वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

यस नगरपालिकामा कैलाली जिल्लाको महत्वपूर्ण जङ्गल क्षेत्र पर्ने मध्येको नगरपालिकामा रहेको छ । सरकारी संरक्षित वन र सामुदायिक वन हुनु, संरक्षित वनको क्षेत्र पनि यसैनगरपालिकामा रहनु, सरकारी वनको रुपमा वन हुनु, नर्सरी सम्वन्धी व्यवस्था हुनु, धेरै किसिमका जडिवुटीहरु हुनु, विभिन्न किसिमका चराचुरुङगी जङ्गलमा पाइनु, आदि खोला खोल्सा तथा जलाधारको मुख्य श्रोत नै यहाँ को वन जङ्गल हुनु नगरवासीको अवसर रहेको छ । यसै अनुसार जैविक विविधता, जलवायु परिवर्तन अनुकुलन योजना, दिगो कृषि एवं चक्ला बन्दी कार्यकम यस नगरपालिकामा सञ्चालन सकारात्मक अवसरको रुपमा रहेकोछ ।

जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार नगरपालिका अन्तर्गतका सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन । फलस्वरुप जमीन जलश्रोत र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण हुन सकेको छैन । तटबन्धन तथा नदी नियन्त्रण बाहेक नगरपालिका तथा सम्बन्धीत निकायहरुबाट सुक्ष्म जलाधार क्षेत्रहरुको व्यवस्थापन तथा भूसंरक्षण सम्बन्धी कार्यक्रम र बजेट नगण्य मात्रामा लगानी हुने गरेको छ । जमीन र जलश्रोतको व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ ।

वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पालना हुन सकेको छैन । सडक तथा पुल, सिंचाई कुलो, पोखरी तथा खानेपानी र भवन निर्माणमा टेवा पर्खाल लगायत संरक्षणमा ध्यान दिन सकेको छैन । भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, सुक्ष्म जलाधार क्षेत्रको पहिचान तथा व्यवस्थापन योजना उपलब्ध नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

### ६.२.३ सोच

'समृद्ध गोदावरी एउटै निकास सबैको आर्थिक उन्नती र दिगो विकास

### ६.२.४ लक्ष्य

प्राकृतिक श्रोत साधनको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको आर्थिक सुधार गर्ने ,

### ६.२.५ उद्धेश्य

१. वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा नगरपालिकाको समृद्धिमा योगदान गर्ने।

२. वन, वनस्पती, जडिवुटी, वन्यजन्तु, जैविक विविधता तथा जलाधारको समुचित संरक्षण सवर्द्धन गरी प्रकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्नवर्गको जीविकोपार्जनमा सुधार र वातावरण प्रणाली वीच सन्तुलन कायम गर्ने।

३. वन क्षेत्रको उत्पादकत्व र वनपैदावारको उत्पादन गरी स्थानीय आवश्यकता परिपूर्ति गर्दै नगरवासीको आयमा वनको योगदान अभिवृद्धि गर्ने।

४.वन, हरियाली र जैविक विविधताको संरक्षण र सतत उपयोग वृध्दि गर्नु

५. जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा वृध्दि गर्नु

### ६.२.६ रणनीति

१ अनावश्यक झाडी तथा अनुत्पादक वोट, रुख, हटाई वनमा उत्पादन मुलक जस्तै अम्रीसो, अलैची, आँप, लिची, अमला. अम्बा लगायतका रुखहरुको खेती गर्नेमा जोड दिने ।.

२. जलाशय, नदी नाला, सिमसार क्षेत्र तथा जैविक विविधता संरक्षण गर्न नदी संरक्षण क्षेत्र निर्धारण गरी नदी तथा खोलाको प्राकृतिक बहावलाई यथास्थितिमा राखी नदीजन्य स्रोतको अधिक दोहन नियन्त्रण गर्ने।

३. सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रर्वद्धन गर्ने

४. वन पैदावारमा आधारित उद्योगहरुको स्थापना गर्ने

५. विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

६. वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने
७. वन पैदावरको सतत उत्पादन बृद्धि गरी वन पैदावरको आपुर्ती सहज बनाउने र आम्दानीमा बृद्धि गर्ने
८. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने
९. लघु जलाधार व्यवस्थापन योजनाको अवधारणा अनुसार भिरालोपनाको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधार संरक्षण गर्ने
१०. सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन काय संचालन गर्ने

| वन, वातावरण तथाविपदव्यवस्थापन सूचक | | | | | |
|---|---|---|---|---|---|
| सूचक | इकाई | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | 68 | 70 | 75 | 80 |
| संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | 109500 | 110000 | 120000 | 125000 |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | हेक्टर | 850 | 850 | 850 | 850 |
| उत्पादित काठ | प्रतिशत | 15 | 20 | 20 | 20 |
| उत्पादित दाउरा | प्रतिशत | 10 | 12 | 12 | 15 |
| उत्पादित गैह्रकाष्ठ वन पैदावर | प्रतिशत | 20 | 25 | 30 | 40 |
| वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | 55 | 65 | 75 | 100 |
| हरित आय कार्यक्रमबाट लाभन्वित विपन्न परिवार | प्रतिशत | 10 | 15 | 25 | 45 |
| | | | | | |
| वनको संचिती दर (मि/हेक्टर) | प्रतिशत | 30 | 30 | 35 | 35 |
| वन प्रजाती प्रति हेक्टर | प्रतिशत | | | | |
| व्यवस्थित सामुदायिक वन क्षेत्र | हेक्टर | 11200 | 11500 | 12000 | 12500 |
| कबुलियती वन क्षेत्र | प्रतिशत | 10 | 15 | 15 | 20 |
| सरकारद्धारा व्यवस्थित वन क्षेत्र | हेक्टर | 130800 | 130900 | 130900 | 130900 |
| निजी वन क्षेत्र | प्रतिशत | 5 | 7 | 10 | 10 |
| वृक्षारोपण क्षेत्र | हेक्टर | 900 | 950 | 1000 | 1200 |
| आयमूलक कार्य संचालित वन क्षेत्र | प्रतिशत | 7 | 10 | 15 | 20 |
| जैविक विविधता युक्त क्षेत्र | प्रतिशत | 50 | 55 | 60 | 70 |
| गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरिएको अद्यावधिक क्षेत्रफल | प्रतिशत | 10 | 15 | 20 | 25 |
| | | | | | |
| संरक्षित पानी मुहान क्षेत्रफल | प्रतिशत | 30 | 30 | 30 | 30 |
| संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | 350 | 375 | 400 | 450 |
| नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन | प्रतिशत | 10 | 10 | 15 | 20 |
| नदी नियन्त्रण लम्बाई | किमी | 8 | 10 | 12 | 15 |
| स्पर तथा बाँध, चेकड्याम | किमी | 3 | 5 | 8 | 10 |
| उपचार गरिएको/संरक्षित गल्छी र पहिरो | प्रतिशत | 5 | 10 | 10 | 15 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संरक्षित भू-क्षय र बाढी संवेदनशील घर संख्या | संख्या | 200 | | 150 | 100 | 50 |
| संरक्षित र व्यवस्थित ताल तलैया र सिमसार क्षेत्र | प्रतिशत | 35 | | 35 | 35 | 35 |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | 7 | | 10 | 15 | 20 |
| व्यवस्थित संरक्षण तथा Ridge पोखरी | प्रतिशत | 5 | | 5 | 6 | 8 |
| | | | | | | |
| मनोरञ्जन स्थल, पार्क र हरित क्षेत्र | संख्या | 10 | | 12 | 15 | 15 |
| प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | | 1 | 1 | 1 | 1 |
| कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | | 25 | 30 | 40 | 50 |
| निष्काशित फोहोरमैलाको औषत परिमाण | प्रतिशत | | | | | |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | | 15 | 10 | 5 | 5 |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | | 55 | 65 | 75 | 80 |
| घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | | 45 | 55 | 75 | 90 |
| सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र घरधुरी (वडा नं. २ र ३ का घरधुरी) | प्रतिशत | | 10 | 10 | 10 | 10 |
| वस्ती अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | प्रतिशत | | 4 | 3 | 2 | 0 |
| विपदबाट क्षतीभएको घरधुरी (भुकम्प) | प्रतिशत | | 0 | 0 | 0 | 0 |
| विपदबाट क्षतीभएको घरधुरी (बाढी पैरो र आगलागीजन्य) | संख्या | | 125 | 115 | 100 | 50 |
| तालिम प्राप्त स्वयंसेवक | जना | | 175 | 200 | 200 | 300 |
| विपद् व्यवस्थापन स्थानीय कोष हजारमा) | रु. | | 500 | 500 | 500 | 500 |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | | 5 | 6 | 8 | 10 |
| स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | संख्या | | 3 | 3 | 4 | 4 |

### ६.२..७ वन तथा भू संरक्षण र जैविक विविधता उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ।

**तालिका ६.१: वन तथा भू संरक्षण र जैविक विविधता उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| वन, वातावरण तथाविपदव्यवस्थापन सूचक | | | | | |
|---|---|---|---|---|---|
| सूचक | इकाई | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| रुख विरुवाले ढाकेको वा हरियाली वा वन | प्रतिशत | 68 | 70 | 75 | 80 |
| संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | 109500 | 110000 | 120000 | 125000 |

| | | | | | |
|---|---|---|---|---|---|
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | हेक्टर | 850 | 850 | 850 | 850 |
| उत्पादित गैह्रकाष्ठ वन पैदावर | प्रतिशत | 20 | 25 | 30 | 40 |
| वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | 55 | 65 | 75 | 100 |
| हरित आय कार्यक्रमबाट लाभन्वित | प्रतिशत | 10 | 15 | 25 | 45 |
| वनको संचिती दर (मि/हेक्टर) | प्रतिशत | 30 | 30 | 35 | 35 |
| व्यवस्थित सामुदायिक वन क्षेत्र | हेक्टर | 11200 | 11500 | 12000 | 12500 |
| कबुलियती वन क्षेत्र | प्रतिशत | 10 | 15 | 15 | 20 |
| सरकारद्धारा व्यवस्थित वन क्षेत्र | हेक्टर | 130800 | 130900 | 130900 | 130900 |
| निजी वन क्षेत्र | प्रतिशत | 5 | 7 | 10 | 10 |
| वृक्षारोपण क्षेत्र | हेक्टर | 900 | 950 | 1000 | 1200 |
| आयमूलक कार्य संचालित वन क्षेत्र | प्रतिशत | 7 | 10 | 15 | 20 |
| जैविक विविधता युक्त क्षेत्र | प्रतिशत | 50 | 55 | 60 | 70 |
| गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरिएको अद्यावधिक क्षेत्रफल | प्रतिशत | 10 | 15 | 20 | 25 |

### ६.२.८ वन तथा भू संरक्षण र जैविक विविधता उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ६.२:वन तथा भू संरक्षण र जैविक विविधता उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |

### ६.२.९ वन तथा भू संरक्षण र जैविक विविधता उपक्षेत्रकोकार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ६.३:वन तथा भू संरक्षण र जैविक विविधता उपक्षेत्रकोकार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुललागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुललागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**६.२.१० जोखिम पक्ष तथा पूर्वानुमान**

सङ्घ तथा प्रदेश सरकारको नीतिगत प्राथमिकता र यस योजनाको नीतिबीच तादात्म्यता मिल्न गई सो अनुसार बजेट विनियोजन र कार्यान्वयन भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, विभिन्न महामारी र अन्य विपद्जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन्तथा अनियन्त्रित निर्माण जस्ता जोखिम कायम भएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

**६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन**

**६.३.१ पृष्ठभूमी**

नगरपालिकामा वन क्षेत्र, सार्वजनिक स्थान र निजी खेतबारीमा हरियालीको अवस्था रहेको हुँदा हालसम्म वातावरण स्वच्छताको अवस्था देखिन्छ । हालसम्म वायु र जल प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ । तर शहरी क्षेत्रमा शहरी पूर्वाधार र सेवा सुविधाको बृद्धिसँग जनघनत्वमा बृद्धि हुँदै गएको छ । फलस्वरुप नगरपालिकाको शहरी क्षेत्रमा ठोस तथा तरल फोहोरमैलाको विसर्जनको मात्रा बढ्दै गएको देखिन्छ ।

नगरपालिकाको मुख्य गरी शहरी क्षेत्रमा प्लाष्टिक लगायत प्रदुषणजन्य पदार्थको प्रयोग बढ्दै गईरहेको छ । तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिष्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ । यसैगरी अस्पताल र मेडिकल सेवाको बृद्धिसंगै अस्पतालजन्य फोहोर पनि बढ्दो क्रममा रहेको छ ।

नगरपालिकामा निजी घर तथा संस्थागत फोहोर व्यवस्थापन र विसर्जनको लागि कम्पोष्ट विन, पिट, प्रशोधन केन्द्र, घरभित्र फोहोरमैला व्यवस्थापनको आवश्यकता देखिएको छ । संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन् । राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना बृद्धि हुदै गएको छ ।

**६.३.२ समस्या तथा चुनौती**

नगरपालिकाको शहरी, बजार र ग्रामीण वस्ती रहेका क्षेत्रमा समेत प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल जस्ता फोहोरमैला र घर, व्यावसायिक स्थल तथा कार्यालयहरुबाट विसर्जन हुने फोहोर पानीको फलस्वरुप वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ । फोहोर वर्गीकरण, पुन:प्रयोग तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र अभ्यासमा कमी रहेको छ । प्लाष्टिक, सिसा तथा बोतल  निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत

असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित ठोस रणनीति अबलम्बन गर्नु पर्ने देखिन्छ ।

कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएको छ भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ । फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ । वन क्षेत्र, खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर खोला र नालीमा बगाउने प्रचलन बढ्दै जाँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहेको छ ।
विश्वव्यापी रुपमा बढेको तापमान र जलवायु परिवर्तनको असरबाट यस नगर क्षेत्रको जैविक, भौतिक र आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक असरहरु समेत देखिन थालेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असरको रुपमा अति वृष्टि, अनावृष्टी, सुख्खा खडेरी आदी देखिएका छन भने नदीनाला र जमीनमूनीको पानीको तह समेत घट्दै गएको महशुस गरिएको छ । बर्षायाममा डुवान र नदी कटानको समस्या बढ्दै गएको देखिन्छ । ठोस तथा तरल फोहोरमैलाको पुनःप्रयोग संकलन, प्रसोधन र विसर्जन व्यवहारिक तथा नविन प्रयोग, स्वच्छ व्यवहारको अवलम्बन, जलवायु परिवर्तन असरसँग अनुकुलनका अभ्यासहरुको प्रयोग र वातावरणीय स्वच्छता कायम गर्नु आदि यस क्षेत्रमा देखिएका प्रमुख चुनौतिहरु हुन् ।

वातावरण संरक्षणका दृष्टिकोणले नगरपालिकामा दैनिक रुपमा निष्काशन हुने फोहोरमैला व्यवस्थापन, बढ्दो वायु प्रदूषण, ढल व्यवस्थापन, बढ्दो ध्वनी प्रदूषण तथा बढ्दो भूमि प्रदूषण प्रमुख समस्याहरूका रुपमा रहेका छन्। नगरपालिकामा प्लाष्टिकजन्य फोहोरमैलाकोप्रयोग बढ्दै गएको छ । निष्काशन स्थलमै वर्गीकरणको समयमा नै अभ्यास गर्न आबस्यक छ । जसरी र जहिले फोहरमैला निष्काशन गरे पनि हुन्छ भन्ने भावना हावी नहु"दै व्यबस्थापन गर्दा राम्रो हुन्छ । फोहर व्यवस्थापनका लागि नगरपालिका स्पष्ट योजना सहित अगाडि बढ्नु आजको आबस्यकता हो । ल्याण्डफिल साइटका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरेर काम गर्दा कार्यसंचालनमा सहजाता आउनेछ ।

### ६.३.४ सोच

“सफा स्वच्छ हरियाली सडक ,खोला र नदी,पर्यटनको विकाससँगै हुन्छ गोदावरीको उन्नति” ,

### ६.३.५ लक्ष्य

प्राकृतिक स्रोतले सुसम्पन्न र वातावरणीय रुपले सन्तुलित, हरियाली, स्वच्छ वातावरणले युक्त रमणीय नगरको स्थापना

### ६.३.६ उद्देश्य

१. प्रकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्नवर्गको जीविकोपर्जनमा सुधार र वातावरण प्रणाली वीच सन्तुलन कायम गर्न’ ।

२. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु

३. फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम संचालन गर्नको लागि घरघरमा डस्वीन राख्ने वातावरण तयार गर्न’ ।

४. विपद् व्यबस्थापनको लागि आपतकालिन कार्यसंचालन केन्द्रलाई साधनस्रोतले सम्पन्न बनाउन’

### ६.३.६ रणनीति

१. सडक र खोला किनारहरुमा हरियाली प्रबर्द्धन गर्न ।

२. नगरपालिका भित्र ४० माइक्रो भन्दा तलका प्लाष्टिको प्रयोगको प्रतिबन्ध लगाउने ।

३. नगरले ५ वर्ष भित्रमा ल्याण्डफिलसाइट निर्माण गर्ने ।

४. सार्वजनिक क्षेत्रमा मदिराजन्य विक्रिमा प्रतिबन्ध लगाउने ।

५ पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री गर्ने सडकमा सडक प्लस कार्यक्रम (वृक्षारोपण, निगालो र अम्रिसो रोपण आदि) सञ्चालन गर्ने ।

६. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने

७. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने

८. विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था नियमपालनामा अभिबृद्धि गर्ने

### ६.३.७ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ६.४: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| वन, वातावरण तथाविपदव्यवस्थापन सूचक | | | | | |
|---|---|---|---|---|---|
| सूचक | इकाई | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| प्रयोग भएका फोहोरमैला व्यवस्थापन | संख्या | 1 | 1 | 1 | 1 |
| कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने | प्रतिशत | 25 | 30 | 40 | 50 |
| निष्काशित फोहोरमैलाको औषत परिमाण | प्रतिशत | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | 15 | 10 | 5 | 5 |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | 55 | 65 | 75 | 80 |
| घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | 45 | 55 | 75 | 90 |
| सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र घरधुरी (वडा नं. २ र ३ का घरधुरी) | प्रतिशत | 10 | 10 | 10 | 10 |
| वस्ती अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | प्रतिशत | 4 | 3 | 2 | 0 |

### ६.३.८ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस **उपक्षेत्रको** मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ६.५:वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रकोमध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ४,१००,००० | | ४,१००,००० | | | ४,१००,००० | | |
| २०८३।८४ | ४,७१५,००० | | ४,७१५,००० | | | ४,७१५,००० | | |
| २०८४।८५ | ५,४२२,२५० | | ५,४२२,२५० | | | ५,४२२,२५० | | |

### ६.३.९ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ६.६: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| हरियाली तथा बृक्षरोपण | वृक्षा रोपण,हरियाली क्षेत्र विस्तार, जैविक विविधता संरक्षण तथा वनको दिगो व्यवस्थापन गर्नु | सालबसाली | | | ६९५१ | २१०० | २३१० | २५४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| फोहोर व्यवस्थापन, ढल निकास तथा अन्य सालवसाली कार्यक्रम | फोहोरलाई शुन्यमा ल्याएर सफा,स्वच्छ सुन्दर नगर वनाउनु | सालबसाली | | | ६९५१ | २१०० | २३१० | २५४१ |

### ६.३.१० जोखिम पक्ष तथा अनुमान

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा सरोकारवालाहरूको आवश्यक सहयोग अपेक्षा गरिएको छ । उल्लेख गरिएअनुसारका उपलब्धीहरू हासिल गर्न आवश्यक बजेटको सुनिश्चितता हुन सकेको छैन । नीति अनुरुप बजेट विनियोजन नहुने, विनियोजन अनुसार खर्च नहुने र कार्ययोजना पालना नभएमा अपेक्षित उपलब्धी हासिल गर्नु कठिन हुनेछ ।

## ६.४ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.४.१ पृष्ठभूमी

यस नगरपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये हुरीवतास, आगलागी, बाढी, सडक दुर्घटना, भुकम्प र सर्पदंशको असर प्रमुख रुपमा देखिएका छन् । विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि नगरपालिकामा नगरस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र स्थापना भई संचालनमा रहेको छ । नगरपालिकाको संवेदनशिल क्षेत्रमा डुवान र चट्याङ्गको लागि पुर्व सूचना यन्त्र जडान गर्न आवश्यक रहेको छ । नगरपालिका केन्द्र र वडास्तरमा खोज उद्दार तालिम प्रदान गरिएको छ भने स्थानीय प्रतिकार्य दल निर्माण र खोज उद्दारका लागि सामग्रीको भण्डारण शुरुवात गरिएको छ ।

विपद प्रतिकार्यको लागि नेपाल रेडक्रसको सहजीकरणमा नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण भएको छ । प्रत्येक वडाहरुमा रेडक्रसकर्मी तथा स्वयंसेवकको रुपमा परिचालन गरिएको छ । जलवायुजन्य प्रकोप रोकथाम र नियन्त्रणका लागि मौसमी क्यालेन्डर तयार गरी सार्वजनिक गरिएको छ । यसै गरी नगर क्षेत्रमा मलेरिया र डैंगु रोकथामा लागि झुल वितरण गरिएको छ ।

स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतनामा बृद्धि हुँदै गएको छ । यस नगरपालिकामा रहेका खोलानाला तालतलैयाबाट सिंचाई सुविधा विस्तार गरी खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ । नगरपालिकाको ग्रामीण क्षेत्रमा ताल पोखरी निर्माण संभावना र आवश्यकता रहेको छ ।

गोदावरी नगरपालिकामा धरातलीय उचाईको विविधताले गर्दा समतलदेखि पहाडी भू-भाग समेत रहेका छन् । तराइ क्षेत्रहरू नगरपालिकाकै घना बस्ति तथा प्रमुख उत्पादन जस्ता उत्पादनका क्षेत्रहरू पनि यस नगरपालिकामा पर्दछन् । माटो पाँगो दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ । चुरे पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भूक्षय, पहिरो जाने संभावना बढी हुन्छ भने यस भेगमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भूक्षय र पहिरोको दृष्टिले बढी संवेदनशील मानिन्छ । भौगोलिक हिसाबले कमजोर भूभाग र मध्यमखालको जलाधारीय अवस्थाले गर्दा यस नगरपालिकामा पनि वर्षेनी भूक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ । अत्यधिक गर्मी, खडेरी, आगलागी, आँधी-हुरी, चट्याङ, अतिवृष्टि, अनावृद्धि, भूक्षय, यस नगरपालिकाका अन्य प्रमुख प्रकोपहरू हुन् । यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षति समेत हुने गरेको छ । यस नगरमा विभिन्न प्रकोपहरू जस्तै बाढी तथा पहिरो, सडक दुर्घटना, आगलागी र महामारीले प्रत्यक्ष प्रभाव पारिरहेको छन्।

### ६.४.२ समस्या तथा चुनौती

विपद् व्यवस्थापनका लागि नगरपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिएको भए पनि यसको प्रभावकारी परिचालन हुन सकेको छैन । विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन । व्यवस्थित ढल निकास नहुदा जथाभावी पानी जम्ने र कटान गर्ने भइरहने गरेको छ । जनसङ्ख्या वृद्धिसँगै खोलानाला अतिक्रमण भइरहेको छ । खोलाको अधिकार क्षेत्र निर्धारण हुन सकेको छैन । खोला किनार तथा पुराना दलदल भएको ठाउँमा अव्यवस्थित बस्ती विकास भइरहेकाले बाढी तथा डुबानको जोखिम समेत बढेको छ । वर्षातको समयमा खहरे खोलाहरू बढेर जमिन कटान भइरहेको छ । साथै यी क्षेत्रहरूमा बाटाहरू र गल्लीहरू सांघुरा भएकाले आपत्कालीन व्यवस्थापन कठिन छ । शहरी नापी नहुनाले पर्ति तथा सार्वजनिक जग्गा, वन तथा प्राकृतिक स्रोतको अतिक्रमण निरन्तर बढ्दो छ । पहिरो तथा भू-क्षयजन्य प्रकोपका कारण भौतिक पूर्वाधार, बस्ती व्यवस्थापन तथा विकासमा कठिनाइ रहेको छ ।

यस नगरपालिकामा आगलागी (वन डडेलो समेत), हावाहुरी, भूकम्प, बाढी कटान तथा ढुवान तथा चट्याङ प्रकोपको रुपमा रहेका छन् । यी मध्ये आगलागी, बाढी दोहोरिरहने प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च नै रहेको छ । महामारी, आगलागी, बाढी विपद्जन्य घटनाका आवृत्ति (ँrequency) तथा सघनता (Intensity) बढ्दै गएको छ भने अर्कोतिर विपद्सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा संरचना निर्माण र विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन । व्यवस्थित तथा वैज्ञानिक रुपमा भूमिको उपयोगको लागि भूउपयोग योजना निर्माण गरी कार्यान्वयन नहुँदा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ ।

नेपाल सरकार वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय (तात्कालिन वातावारण मन्त्रालय) ले गरेको जलवायु परिवर्तन संकटासन्न नक्शाङ्कन प्रतिवेदनमा उल्लेखित ईण्डेक्सको आधारमा यो जिल्ला न्यून जोखिमको अवस्थामा ०.१८१ (०.३५५, ायध च्वलप) सुचिकृत छ ।

नगर क्षेत्रका नाङगो तथा खाली क्षेत्र, अति चरीचरण हुने वन तथा चौर र कृषि क्षेत्र विभिन्न स्थानमा हुंदा भूक्षयको जोखिम रहेको छ । वनजंगलको संरक्षणसंगै जंगली जनावर विशेष गरी बँदर, दुम्सी, बंदेल, बाघ र मृगल बालीनाली र पशुपंक्षीको क्षती पुऱ्याउने क्रम पनि बढ्दो क्रममा रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभमा स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । बजार क्षेत्र तथा प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च भएता पनि जलवायु परिवतर्न अनुकुल कृषि बाली तथा प्रणालीको विकास र विस्तार हुन सकेको छैन ।

### ६.४.३ सोच

"स्वच्छ, सुरक्षित र उत्थानशील गोदावरी"

### ६.४.४ लक्ष्य

हरियाली, जैविक विविधता, जमीन र जलश्रोतको समुचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद् उत्थानशिलता सुनिश्चित गर्ने

### ६.४.५ उद्देश्य

१.जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु

२.नगरपालिकामा विपद्जन्य क्षति, नोक्सानी न्यूनीकरण गर्नु

३.विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता बृद्धि गर्नु

### ६.४.५ रणनीति

१.नदीको अधिकार क्षेत्र निर्धारण गरी उक्त क्षेत्रभित्र कुनै पनि भौतिक विकासका कार्यलाई बन्देज गर्ने ।

२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरुलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने

३.तरलीकरणको उच्च जोखिमयुक्त क्षेत्रमा कुनै भवन तथा पूर्वाधारको निर्माणलाई निरुत्साहित गर्ने

४.अत्यधिक वर्षा जस्ता जलवायुजन्य प्रकोपबाट हुने क्षतिको न्यूनीकरण गर्न सवलीकरण गर्ने ।

५.स्थान तथा परिवेश अनुकूलका जोखिम न्यूनीकरणका उपायहरूको अवलम्बन गर्ने ।

६.जोखिमयुक्त समुदायलाई बाढी तथा पहिरोको समयमा सुरक्षित स्थानमा स्थान्तरण गर्न सामुदायिक पूर्वतयारीका लागि साथ सहयोग प्रदान गर्ने ।

७.विभिन्न विपद्लाई व्यवस्थापन गर्नको लागि नगरक्षेत्रमा सचेतना जगाउने तथा विपद्को सामना गर्नको लागि क्षमताको विकास गर्ने ।

८. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने

९. जलवायु परिवर्तन अनुकुलनलाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने

### ६.४.६ जोखिम पक्ष तथा पूर्वानुमान

सङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र स्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुनेअनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, महामारी र अन्य विपदजोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन्तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन्।

### ६.४.७ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

पशुपंक्षीक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ।

**तालिका ६.७: विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सूचक | इकाई | ०८१।८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
|---|---|---|---|---|---|
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | 7 | 10 | 15 | 20 |
| व्यवस्थित संरक्षण तथा Ridge पोखरी | प्रतिशत | 5 | 5 | 6 | 8 |
| सुरक्षित, एकीकृत र व्यवस्थित | प्रतिशत | 10 | 10 | 10 | 10 |
| वस्ती अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | प्रतिशत | 4 | 3 | 2 | 0 |
| विपदबाट क्षतीभएको घरधुरी (भुकम्प) | प्रतिशत | 0 | 0 | 0 | 0 |
| विपदबाट क्षतीभएको घरधुरी (बाढी पैरो र आगलागीजन्य) | संख्या | 125 | 115 | 100 | 50 |
| तालिम प्राप्त स्वयंसेवक | जना | 175 | 200 | 200 | 300 |
| विपद् व्यवस्थापन स्थानीय कोष हजारमा) | रु. | 500 | 500 | 500 | 500 |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | 5 | 6 | 8 | 10 |
| स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | संख्या | 3 | 3 | 4 | 4 |

### ६.४.८ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ६.८: विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २ ।८ ० | 5,000,000 | २ | 5,000,000 | | | 5,000,000 | | |
| २ ।८ ० | 5,750,000 | ३ | 5,750,000 | | | 5,750,000 | | |
| २ ।८ ० | 6,612,500 | ४ | 6,612,500 | | | 6,612,500 | | |

### ६.४.९ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ६.९: विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्त (सम्पन्न हुने) आ.व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| वातावरण प्रवर्धन जलवायु परीवर्तन सम्बन्धि क्षमता अभिबृदी कार्यक्रम | जलवायु उत्थानशीलतामा अभिवृद्धि गर्नु | सालबसाली | | | ३३१ | १०० | ११० | १२१ |
| विपद ब्यबस्थापन कोष स्थापना,आपतकालिन उद्धारकर्ता निर्माण कार्यकम | आपतकालिन उद्धारकर्ता, राहत र पुर्नस्थापना गर्नु | सालबसाली | | | १६५५० | ५००० | ५५०० | ६०५० |
| विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | | | ९९३ | ३०० | ३३० | ३६३ |

# परिच्छेद-७
# संस्थागत विकास र सुशासन

## ७.१ पृष्ठभूमि

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान अनुसार विकास कार्यसम्पादन तथा सेवा प्रवाहमा क्रियाशिल रहका छन् । स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारको रुपमा हेरिएको हुन्छ । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि चुलिएका छन् ।
चुलिदै गएका जनआकांक्षाको सम्बोधन परम्परागत र पुरानै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह सिर्जनशिलतँ र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिएको छ । अबका दिनमा स्थानीय सरकारहरुले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

संस्थागत विकास र सुशासन स्थानीय स्वायत्त शासनको दिगोपनका लागि अपरिहार्य छन्। सेवा प्रवाहमा संलग्न निकायहरूले संस्थागत विकास र सुशासनको प्रत्याभूति दिन सकेमा मात्र स्थानीय स्वायत्त शासनको जग बलियो भएको मान्न सकिन्छ । संस्थागत क्षमता विकासका लागि विद्यमान ऐन, नियम, निर्देशिकाले व्यवस्था गरेअनुसार वार्षिक रुपमा कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। हालैका वर्षहरूमा खानेपानी तथा सरसफाइ, वन व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, बालबालिकाका क्षेत्रमा दीर्घकालीन योजना/रणनीतिहरू तर्जुमा भई कार्यान्वनमा रहेको अवस्था छ ।

आपूर्ति पक्षको नागरिकप्रतिको जवाफदेहिता सुदृढ गर्न नागरिक वडापत्र सबै कार्यालयहरूबाट जारी भएको, सार्वजनिक सुनुवाई, जनलेखा परीक्षण जस्ता कार्यक्रमहरू निरन्तर रुपमा हुँदै आएका छन्। पारदर्शिताका लागि बजेट तथा कार्यक्रमहरू कार्यालयहरूबाट नियमित रुपमा विभिन्न माध्यमबाटप्रकाशित हुँदै आएका छन्। लेखा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाका सवै शाखाहरु लगायत लेखा प्रणालीलाई कम्प्युटराइज्ड गरिएको छ । माग तथा आपूर्ति दुवै पक्षको क्षमता विकासका विभिन्न क्रियाकलापहरू कार्यान्वयन हुँदै आएका छन्। स्रोतको अधिकतम परिचालनका लागि विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, सहकार्यमा वृद्धि गरिएको छ । संस्थागत विकास र सुशासनका क्षेत्रमा धेरै कार्यहरू भइरहेको छ र गुणात्मक सुधारमार्फत् अझ धेरै गर्नुपर्ने अवस्थासमेत छ । यस क्षेत्रका केही महत्वपूर्ण सूचकहरूको अवस्था देहायबमोजिम छ :

संविधानको अनुसूची ८ र ९ को अधिकार सूची अन्तर्गत नगर सभाबाट वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, सहकारी ऐन, न्यायिक समितिको फैसला कार्यान्वयन कार्यविधिलाई व्यवस्थित बनेको ऐन र आर्थिक तथा विनियोजन ऐन समेत ४ वटा विषयमा ऐन तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी नगर कार्यपालिकाबाट स्थानीय तहको अधिकार सूची अनुसार कार्यविभाजन तथा कार्यसम्पादन नियमावली लगायत १ विषयमा नियमावली र ३ विषयमा कार्यविधि निर्माण भई र सो को अभ्यासमा रहेका छन् । संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिल हुन प्रयासरत रहेका छन् । साथै सहभागितामूलक योजना तर्जुमा प्रक्रियामार्फत गैसस र समुदायसमेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास समेत गरिएको छ ।

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार पहिलो पटक नगरपालिकाको विषयगत वस्तुस्थिति विवरण तथा समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गरिएको छ । साथै जनसंख्या र सेवा सुविधाको माग अनुसार भौतिक तथा शहरी विकास प्रक्रियालाई व्यवस्थित रुपमा संचालन गर्न शहरी विकास मन्त्रालयको सहयोगमा एकीकृत शहरी विकास योजनाको मस्यौदा समेत तयार भई स्वीकृतिको अवस्थामा रहेको छ ।

नगरपालिकको आवश्यकताको प्राथमिकता, उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न यातायात गुरुयोजना र विपद प्रतिकार्य तर्जुमा भई अद्यावधिक गर्न लागिएको भूउपयोग, पर्यटन र वस्ती विकास गुरुयोजना तर्जुमा गर्ने योजना प्रस्ताव गरिएको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा टोल एवं तथा वस्तीबाटै शुरु गरी सहभागितामूलक प्रक्रिया अभ्यास हुँद आएको छ । नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्थास्थ्य, शिक्षा, कृषि र यातायात क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा संचालन गर्न ऐन, नियम, कार्यविधि तथा सडकको मापदण्ड निर्धारण गरिएको छ । नगरपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहालविटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणितका शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार गत आ.व. मा करिब १ करोड ३० लाख आन्तरिक आय संकलन गरिएको छ । नगरपालिकाको कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र ८ प्रतिशत रहेको छ । आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य संचालन गर्न राजस्व प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ । साथै नगरपालिकासँग समन्वय र सहकार्य गर्ने गैर सरकारी संस्थाबाट नगरपालिका विकास कार्यमा बार्षिक अनुमानित ७२ करोड ४० लाख बराबरको लगानी हुने गरेको देखिन्छ ।

### ७.१.१ समस्या तथा चुनौत

सुदूरपश्चिम प्रदेश अन्तरगत कैलाली जिल्लाको उत्तर पश्चिममा स्थित कञ्चनपुर जिल्लाको पूर्वी सिमाना संग जोडिएको सम्पूर्ण क्षेत्र गोदावरी नगरपालिका हो । यस न.पा. भित्र शैक्षिक विकास, खानेपानी, स्वास्थ्य, संचार, कृषि, यातायात तथा विधुतका साथै कृषि सम्बन्धि क्षेत्रीय कार्यालय आदिको विकास भईरहेको र औधोगिक क्षेत्रको समेत पहल भईरहेको छ । यस क्षेत्रमा रहेका हराभरा वन जंगलले प्रकृतिक सुन्दरता र वातावरणीय स्वच्छता दिनुका साथै वन पैदावारको सदुपयोगिता भएमा स्रोतको आधार बन्न सक्दछ । विविध धार्मिक, सांस्कृतिक, भेषभुसा रहेको यस न.पा.मा मिश्रित वस्तीहरु रहेको र राजमार्ग सहित मुख्य सडकहरु संगै बजार एवं घनावस्तीको विकासका संगसंगै ग्रामिणबाट नगर तर्फ उन्मुख भई व्यवस्थित शहरीकरण गर्न यस क्षेत्रको बृहत्तर हितका लागि नगरपालिका गठन समय सापेक्ष आवश्यक रहेको छ ।

संविधानले संवैधानिक व्यवस्था र कानून अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट बनाउने, श्रोत परिचालन गर्ने र विकास कार्य संचालन र सेवा प्रवाह गर्ने व्यवस्था गरेको छ । देशको रणनीतिक स्थानमा अवस्थिति र विकासको अथाह संभावना भएर पनि नगरपालिकाको विकास र सेवा प्रवाह अपेक्षित रुपमा कमजोर रहेको छ । योजनाबद्ध तथा नतिजामूलक विकास उपलब्धी, संस्थागत विकास र सुशासन कायम गर्न फितलो शासन प्रणाली लगायतका समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।

नेपालको संविधान व्यवस्था अनुसार नगरपालिकाले अझै कृषि प्रसार तथा व्यवसाय प्रवर्धन, आधारभूत स्वास्थ्य तथा सरसफाई, शहरी पूर्वाधार विकास, पर्यटन तथा खेलकुद विकास, कला तथा सँस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तिकरण लगायतका ३० भन्दा बढी विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण भैरहेको छ । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालनामा रहेको छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित गरी

रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर रहेको छ ।

नगरपालिकामा एकातिर संस्थागत सामर्थ्य प्रदर्शन हुने स्तरको पदाधिकारीको योग्यता र क्षमता पर्याप्त रहेको छ भने निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरुमा पुर्ण निष्ठा, बलीयो मनोबल र जवाफदेहिता रहेको छ । योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा शहभागीता मुलक देखिन्छ । योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड पुरा गर्न आवश्यक स्रोत र दक्षतामा कमी रहेको छ । संस्थागत संरचना, मानवश्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति वैज्ञानिक देखिन्छ । नगरपालिकाको सेवा व्यवस्थापन प्रक्रियामा कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार तथा वृत्ती विकासको योजनाको व्यवस्था उपलब्ध भएको देखिदैन ।
नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार शाखा तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ । कार्यपालिका कार्यालयमा विषयगत शाखाहरु संचालनको लागि भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ । नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, वस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा तयार नभएकोले ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकता आधार र प्रक्रिया निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।
स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी तथा ऐन, कार्यविधि र कार्यप्रणाली नहुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कराधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण नगरपालिकाको विकासमा संघीय र प्रदेश सरकारको अनुदानमा मुख्य रुपमा भर पर्नु पर्ने अवस्था रहेको छ । आन्तरिक राजस्व तथा स्रोत परिचालनको क्षमता न्यून रहेको छ ।
सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, नीजि क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । उपयुक्त भौतिक र लगानीको वातावरण तयार गरी नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा नीजि, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । प्रचुर संभावनाका बाबजुद नीजि क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

संघीय संरचना अनुसार सुदूरपश्चिम प्रदेश रणनीतिक स्थानमा अवस्थित यस नगरपालिकामा बसोबास, औद्योगिक तथा पर्यटन विकास, शैक्षिक र स्वास्थ्य उपचारको केन्द्र, कृषि तथा जैविक विविधता जस्ता अवसरहरु उपलब्ध रहेका छन् । संवैधानिक अधिकार सहित संघीय शासन व्यवस्थामा आधारित स्थानीय सरकार नागरिकहरुमा शासन प्रक्रियामा नागरिकको पहुँच बृद्धि भएको छ । नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापद प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ । नगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा बृद्धि हुँदै गएको छ । नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र नगरपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र रुची पनि क्रमशः बढ्दै

गएको छ । साथै यस नगरपालिका विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा नीजि क्षेत्रको लगानीको आकर्षण केन्द्रको रुपमा समेत स्थापित हुन सक्ने अवस्था रहेको छ ।
यसलाई मध्यनजर गरी यस नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ ।

## ७.२ नीति, कानून, न्याय तथा सुशासन

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ८ र ९ को अधिकार सूची अन्तर्गत नगर सभाबाट विभिन्न विषयमाऐन,नियम,कार्यविधि र निर्देशिका तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ । नागरिकको लागि शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गर्नु राज्यको कर्तव्य र नागरिकको मौलिक अधिकारको हो । नागरिकले स्वतन्त्र र सुरक्षापूर्वक बाँच्न पाउनु पर्दछ । यस नगरपालिकामा शान्ति सुरक्षा कायम गर्न प्रहरी चौकी रहेका छन्। यहाँ जिल्ला प्रशासन कार्यालयले नै शान्ति सुरक्षा तथा प्रशासनिक सेवा दिएको छ । नगरपालिकामा इलाका प्रहरी कार्यालयको आफ्नै राम्रो सुविधा सम्पन्न भवन निर्माण गरिएको छ भने प्रहरी चौकीको भवन तत्काल निर्माण गर्न आवश्यक छ । नगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा न्यायिक समिति रहेको छ । नगरपालिकाले स्थानीय प्रहरी चौकी तथा जिल्ला प्रहरी कार्यालय धनगढी र जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी शान्ति सुरक्षा तथा सुव्यवस्था मिलाउने गरिएको छ । यस नगरपालिकामा ९ जना नगर प्रहरीहरु पनि सुरक्षा सेवामा खटीइरहेका छन् ।आवश्यकता अनुसार विभिन्न नीति तथा कानुन तर्जुमा गर्ने, तिनलाई कार्यान्वयनमा ल्याउने र स्थानीय स्तरमा न्याय तथा सुशासन कायम गर्न आफ्नो क्षेत्रबाट अधिकतम प्रयास गर्दै आएको छ ।
नेपालमा, नगरपालिकाको काम र कर्तव्यहरू नियन्त्रण गर्ने कानूनी ढाँचा मुख्य रूपमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लिखित छ, जुन सुशासन ऐन, २०६५ र नेपालको संविधान, २०७२ सँग सम्बिन्धत छ । सुशासन, जवाफदेहिता, पारदर्शिता र तल्लो तहमा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने लक्ष्य राख्दै स्थानीय शासनका लागि बृहत् संरचना सहित अधिकार विकेन्द्रित गरिएको छ । थप रूपमा, नगरपालिकाहरू भित्रको न्यायिक प्रणालीलाई स्थानीय विवाद समाधान गर्न सहज बनाउन संरचनागत व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाहरूले सार्वजनिक अभिलेख, स्थानीय विकास योजना, पूर्वाधार विकास (जस्तैः सडक र पुलहरू), र स्थानीय स्रोतहरू व्यवस्थापन गर्न जिम्मेवारी पाएका छन् । तिनीहरू शिक्षा, स्वास्थ्य, खानेपानी आपूर्ति, सरसफाइ, र कृषि सेवा जस्ता आधारभूत सेवाहरूको निरीक्षण गर्ने, स्थानीय कानूनहरू लागू गर्ने, भूमि प्रयोगको व्यवस्थापन, वातावरण संरक्षण, र स्थानीय बजारहरूको निरीक्षण गर्ने कामको पनि जिम्मेवारी पाएका छन् । त्यसैगरी स्थानीय स्रोतहरू जस्तै सम्पत्ति कर, व्यापार इजाजतपत्र, र सेवा शुल्कहरूबाट कर, शुल्क सङ्कलन गर्ने जिम्मेवारी छ र यसैको आधारमा वार्षिक बजेट तयार गरी विवेकपूर्ण वित्तीय व्यवस्थापन गर्ने र खर्चमा पारदर्शिता अपनाउने मापदण्ड समेत तोकिएको छ ।

कानुनतः निर्णय प्रक्रियामा सार्वजनिक सहभागिता सुनिश्चित गर्ने, नियमित सार्वजनिक सुनुवाइ गर्ने र सीमान्तकृत समुदायहरूको समावेशीतालाई बढावा दिने साथै स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता र जनसहभागिता सुनिश्चित गर्दै सुशासनका अभ्यासहरूलाई प्रवर्द्धन गर्न, ग्रामीण जनसंख्याका लागि सार्वजनिक सेवाहरूको गुणस्तर र पहुँच सुधार गर्न र समयमै न्याय प्रदान गर्न जस्ता विषयहरू नगरपालिकाका अधिकार र कर्तव्यहरू हुन् । यी कार्यहरू गर्दा नगरपालिकाहरूले कानुन बनाएर कानुन बमोजिम गर्नुपर्ने हुन्छ ।

### ७.२.२ समस्या तथा चुनौती

यस नगरपालिकामा उल्लेख्य सङ्ख्यामा ऐन नियम तर्जुमा भएका भए पनि उक्त ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित

वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालना हुन सकिरहेको छैन ।सुशासन र कानुनी क्षेत्रका मुख्य समस्याहरूमा सुशासन ऐनका प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयन गर्न र न्यायिक गतिविधिहरूलाई पूरा गर्न अपर्याप्त कोष र स्रोतहरू, प्रशासनिक र न्यायिक कार्यहरू प्रभावकारी रूपमा व्यवस्थित गर्न स्थानीय जनतामा उनीहरूको अधिकार र स्थानीय शासन र न्यायिक प्रणालीको कार्यप्रणालीको बारेमा चेतनाको स्तरमा कमी समस्याको रुपमा रहेको छ ।

सबै कानुनहरू तर्जुमा गर्नु, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सक्रिय जनसहभागिता र निरीक्षणलाई प्रोत्साहित गर्नु, न्यायिक समितिहरूले प्रभावकारी, निष्पक्ष र स्वतन्त्र रूपमा काम गर्ने सुनिश्चित गर्नु र स्थानीय अधिकारीहरू र न्यायिक समितिका सदस्यहरूका लागि निरन्तर क्षमता अभिवृद्धि कार्यक्रमहरू कार्यान्वयन गर्नु आदि मुख्य चुनौती रहेका छन् ।

### ७.२.३ सोच

"सुशासन र पारदर्शी पालिका सरकार र समृद्ध गोदावरी नगरपालिका"

### ७.२.४ उद्देश्य

- समयमै र पारदर्शी सेवाहरू प्रदान गर्न प्रशासनिक प्रक्रिया र स्रोत व्यवस्थापन सुधार गन' ।
- पहुँचयोग्य र प्रभावकारी विवाद समाधान प्रदान गर्न स्थानीय न्यायिक समितिहरूको क्षमता विकास र अभिवृद्धि गन'।

### ७.२.५ रणनीति

- प्रशासनिक दक्षता र पारदर्शिता अभिवृद्धि गर्न बृहत् तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- डिजिटल शासन सुदृढ गर्दै प्रशासनिक दक्षता र पारदर्शिता अभिवृद्धि गर्ने ।
- स्थानीय न्यायिक संयन्त्रलाई सुदृढ गर्ने

### ७.२.६ नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य:

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ७.१: नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सुशासन तथा संस्थागत विकास | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | इकाई | ०८१।८२सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जोखिम |
| नगरपालिकाले स्वीकृत गरेका कानून तथा नीति | संख्या | 79 | 80 | 81 | 82 | |
| ऐन | संख्या | 14 | 14 | 15 | 15 | |
| नियम तथा विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | 37 | 37 | 37 | 37 | |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदी) | संख्या | 11 | 12 | 12 | 12 | |
| | संख्या | 4 | 4 | 4 | 4 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार ( क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदी) | | | | | | | |
| समग्र संस्थागत क्षमता स्वमूल्याकन (LISA) | प्राप्ताङ्क | 90 | 92 | 95 | 98 | | |
| स्थानीय कानून, नीति तथा योजना तर्जुमा पृष्ठपोषण तथा सुझावलिने माध्यमहरु (संचार माध्यम, सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल आदी) | संख्या | 5 | 5 | 5 | 5 | | |

### ७.२.७ नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ७.२: नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ४,८४४,०३९ | ४,८४४,०३९ | | | | ४,८४४,०३९ | | |
| २०८३।८४ | ५,३२८,४४३ | ५,३२८,४४३ | | | | ५,३२८,४४३ | | |
| २०८४।८५ | ५,८६१,२८७ | ५,८६१,२८७ | | | | ५,८६१,२८७ | | |

### ७.२.८ नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

**यस उप**क्षेत्रको मध्यमकालीन उपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ७.३: नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति ( सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजा उपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| नीति कानुन शुसाशन तथा न्याय प्रवर्धन आयोजना | प्रशासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | | 2979 | 900 | 990 | 1089 |

### ७.२.७ जोखिम पक्ष तथा अनुमान

स्थानीय नीति र कानून तर्जुमा, न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरू सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान हुन सक्ने हुन्छ । दक्ष जनशक्तिको कमीका कारण तर्जुमा गरिएका नीति कानूनको प्रभावकारी कार्यान्वयन नहुने सक्छ । न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरूपणबाट विवाद समाधान नहुने जोखिम रहेको छ ।

## ७.३ सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.३.१ पृष्ठभूमि

स्थानीय सरकारका रुपमा नगरपालिकाको काम, कर्तव्य, अधिकार, दायित्वअनुरुप आधुनिक, व्यवस्थित भवनको आवश्यकता अन’रुप नगरपालिकाको प्रमुख प्रशासकीय नयां भवन बनेको छ । यहाँका १२ वटा वडा कार्यालयहरू मध्ये धेरै जसो कार्यालय भवन रहेको छ भने केही पूरानो भवनमा कार्यालय संचालन रहेकोछ । लेखा व्यवस्थापन, सम्पत्ती व्यवस्थापन, घटना दर्ता लगायतका क्षेत्रमा सफ्टवेयरको प्रयोगमार्फत् नगरपालिकाको कार्य कुशलता तथा दक्षता अभिवृद्धि भएको छ । नगरका कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरूको पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।नगरपालिकाले वडा कार्यालय, शाखा/उपशाखाहरूको सेवा प्रवाहको अनुगमनका लागि सुशासन समितिलाई जिम्मेवार बनाउने नीति लिएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

कामको चाप अनुसार कर्मचारी खटाउने, दरबन्दी व्यवस्था गर्नुपर्ने आवश्यकता छ । कुनै शाखामा आवश्यकता भन्दा कम कर्मचारी रहेको र कतै आवश्यकता अनुसार कर्मचारी भएको पाइन्छ । आवश्यकता अनुसार उचित सङ्ख्यामा उचित कर्मचारीको पदस्थापन गर्नुपर्ने खाँचो देखिएको छ । सङ्गठनको उचित विकासले रणनीति, संरचना र प्रक्रियाहरूको विकास, तिनीहरूमा सुधार र सबलीकरण गरी उद्देश्य हासिल गर्नका लागि ठूलो हदसम्म साङ्गठनिक प्रभावकारिता वृद्धि गर्न सक्ने भए पनि सो अनुरुप सङ्गठनको अध्ययन र सुधार हुन सकेको छैन ।

### ७.३.३ सोच

“गोदावरी नगरपालिकाको सान, सुशासन र समृद्धि सहितको पहिचान“

### ७.३.४ लक्ष्य

नगरपालिकाको संगठनात्मक र संस्थागत क्षमता सुदृढीकरणवाट सुशासन, आर्थिक, सामाजिक विकासभई नगरवासीको जीवन स्तरमा सुधार गर्ने ।

### ७.३.५ उद्धेश्य

१. नगरपालिकाको भौतिक संरचनाको निर्माणवाट सेवा प्रवाहमा व्यापक सुधार भई जनतालाई सहज र सुविधा प’र्याउन’ ।

२. विकास तथा सार्वजनिक प्रशासनिक क्षमताको विकास तथा सुशासनको माध्यमवाट शासकीय व्यवस्थापन गन’।

### ७.३.६ रणनीति

१.१ नगरपालिकावाट प्रदान गरिने सेवा तथा सुविधामा सवैको पहुच पुयाउने रणनीति तयार गर्ने ।

१.२ नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

२.१ नगरपालिकाको प्रशासन तथा सेवा प्रवाह छिटो छरितो, मितव्ययी, पारदर्शी, सेवामुखी, जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने।.

### ७.३.७ सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल **तालिकामा दिइएको छ।**

**तालिका ७.४: सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सुशासन तथा संस्थागत विकास | | | | | | |
|---|---|---|---|---|---|---|
| **सूचक** | **इकाई** | | | | | **जोखिम** |
| | | | | | | |
| | | | | | | |
| | | ०८१।८२सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| | | | | | | |
| **अभ्यास गरिएका सामाजिक** | संख्या | 4 | 4 | 4 | 4 | |
| **जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदी)** | | | | | | |
| **समग्र संस्थागत क्षमता स्वमूल्याकन** | प्राप्ताङ्क | 90 | 92 | 95 | 98 | |
| **(LISA)** | | | | | | |
| **सार्वजनिक सुनवाई** | संख्या | 6 | 7 | 7 | 7 | |
| **तर्जुमा भएका विषयगत रणनीतिक योजना (विषय)** | क्षेत्र | 4 | 5 | 6 | 6 | |
| **मध्यमकालिन खर्च संरचना** | वटा | 1 | 1 | 1 | 1 | |
| **बार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात** | प्रतिशत | 20 | 22 | 25 | 25 | |
| **कूल आयोजनामध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात** | प्रतिशत | 11 | 14 | 14 | 14 | |
| **समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात** | प्रतिशत | 90 | 95 | 95 | 95 | |
| **आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या(पटके, मासिक, चौमासिक, बार्षिक)** | पटक | 2 | 2 | 2 | 2 | |
| **नगरपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन** | संख्या | 5 | 5 | 5 | 5 | |
| **सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका)** | संख्या | 6000 | 6000 | 7000 | 7000 | |

### ७.३.८ सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहउपक्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ।

**तालिका ७.५: सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह** उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रु. हजारमा

| **आर्थिक** | **बजेट अनुमान** | **बजेटको स्रोत** |
|---|---|---|

| वर्ष | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | १,०३०,४९२ | १,०३०,४९२ | | | | १,०३०,४९२ | | |
| २०८३।८४ | १,१३३,५४१ | १,१३३,५४१ | | | | १,१३३,५४१ | | |
| २०८४।८५ | १,२४६,८९५ | १,२४६,८९५ | | | | १,२४६,८९५ | | |

### ७.३.९ **सङ्गठन तथा क्षमता विकास, जनशक्ति ब्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

यस उपक्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ।

**तालिका ७.६: सङ्गठन तथा क्षमता विकास, जनशक्ति ब्यवस्थापन र सेवा प्रवाहउपक्षेत्र / कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ. व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| संगठन, मानव संशाधन, क्षमता विकास र एकिृत सेवा प्रवाह डिजीटलाईजेसन र सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | | ४९६५ | १५०० | १६५० | १८१५ |

### ७.३.१० जोखिम पक्ष तथा अनुमान

सङ्गठन र क्षमता विकासमा समयमै सुधार भएमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम कायमै रहनेछ ।

## ७.४ राजस्व तथा स्रोत परिचालन

### ७.४.१ पृष्ठभूमि

नेपालमा सङ्घीय व्यवस्था कार्यान्वयनमा आएसँगै वित्तीय अधिकार तथा वित्तीय जिम्मेवारीलाई सम्वैधानिक रुपमै सरकारका तीन तहहरूबीच बाँडफाँट र समायोजन गरिएपश्चात् आन्तरिक राजस्व क्षमता सुदृढीकरणका लागि स्थानीय करहरू सङ्कलन गर्न संविधान एवम् अन्य कानुनहरूद्वारा स्थानीय तहहरूलाई उल्लेख्य मात्रामा आर्थिक अधिकारहरू प्रदान गरिएको छ । यसअनुसार गोदावरी नगरपालिकाले संविधान एवम् प्रचलित कानुन अनुसार विभिन्न शीर्षकमा कर तथा गैरकर सङ्कलन गर्दै आएको छ ।

### ७.४.२ समस्या तथा चुनौती

सम्भावना अनुसार कर सङ्कलन गर्न नसक्नु प्रमुख समस्या रहेको छ ।

कर सङ्कलनको वातावरणमा सुधार गर्नुपर्ने, करको दायरा विस्तार तथा कर सङ्कलनमा पदाधिकारीको अभिरुचीमा वृद्धि गर्नुपर्ने, सम्पत्तिको स्वमूल्याङ्कनलाई यथार्थपरक बनाउनुपर्ने, करदाताको तथ्याङ्क सङ्कलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नुपर्नेलगायतका विभिन्न चुनौतीहरू रहेका छन्।

### ७.४.३ सोच

"आन्तरिक आम्दानी वृद्धि गरी आत्मनिर्भर वित्तीय व्यवस्था"

### ७.४.४ उद्देश्य

१. नगरपालिकाको वित्तिय व्यवस्थापनमा व्यापक सुधार गरी श्रोत साधनको समुचित प्रयोगवाट आर्थिक तथा सामाजिक विकास गर्न।

२. आर्थिक ऐन नियमको पालन र कार्यान्वयन गरी आर्थिक सुशासन तथा भ्रष्टाचार मुक्त गर्न।

### ७.४.५.रणनीति

१.नगरपालिकाको वित्तिय व्यवस्थापनमा व्यापकसुधार गरी श्रोत साधनको समुचित प्रयोगवाट आर्थिक तथा सामाजिक विकास गर्ने।
२ नगरपालिका तथा वडाहरुमा आधुनिक प्रविधियूक्त, निशुल्क इन्टरनेट र नेटवर्कमा आधारित पेपरलेस आर्थिक पद्धति लागु गर्ने।
३. आर्थिक ऐन, नियमको पालन र कार्यान्वयन गरी आर्थिक सुशासन तथा भ्रष्टाचारमुक्त गर्ने।
४. संविधान र ऐन कानूनर आवश्यकता अनुसार सम्पूर्ण कानून, निर्देशिका तयार तथा स्वीकृत गरी लागू गर्ने ।
५ नगरपालिका तथा सवै वडाहरुमा हाजिरी तथा नागरीक विद्युतिय वडापत्र राख्ने व्यवस्था गर्ने।
६. नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्नको लागि विशेष पहल गर्ने।

### ७.४.६ राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य

यस **उप क्षेत्रको**मध्यमकालीन नतिजा सूचक र लक्ष्य तल तालिकामा दिइएको छ ।

**तालिका ७.७: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको मध्यमकालीन नतिजा सूचक र लक्ष्य**

| सुशासन तथा संस्थागत विकास | | | |
|---|---|---|---|
| सूचक | इकाई | | जोखिम |

| | | ०८१।८२सम्मको अवस्था) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
|---|---|---|---|---|---|---|
| कुल खर्च | प्रतिशत | 80 | 80 | 80 | 80 | |
| पूँजीगत खर्च | प्रतिशत | 80 | 80 | 80 | 80 | |
| चालु | प्रतिशत | 80 | 80 | 80 | 80 | |
| नगरपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | 12000 | 125000 | 130000 | 140000 | |
| संघबाट प्राप्त समानिकरण अनुदान ( रु हजार मा) | रु | 21440 | 214400 | 21440 | 21440 | |
| संघबाट विशेष अनुदान (रु हजार मा) | रु | 22000 | 23000 | 24000 | 25000 | |
| संघबाट समपुरक अनुदान (रु हजार मा) | रु | 8000 | 8000 | 8000 | 8000 | |
| संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम | रु. हजारमा | 173689 | 173689 | 173689 | 173689 | |
| प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजार मा | 5949 | 5949 | 5949 | 5949 | |
| नगरपालिकाको कूल बार्षिक बजेट -करोडमा) | रु. | 131 | 134 | 138 | 140 | |
| नगरपालिकाको बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | 80 | 80 | 80 | 80 | |
| औषत वार्षिक वेरुजु रकम (हजारमा) | रु. | | | | | |
| प्रदेशबाट प्रत्यायोजित कार्यक्रम | संख्या | 2 | 2 | 3 | 3 | |
| स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | 12 | 13 | 13 | 13 | |
| बार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | 20 | 22 | 25 | 25 | |

### ७.४.७ राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको  खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तल तालिकामा दिइएको छ ।

**तालिका ७.८: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको मध्यमकालीन खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०८२।८३ | ५७,७५० | ५७,७५० | | | | ५७,७५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८३।८४ | ६३,५२५ | ६३,५२५ | | | | ६३,५२५ | | |
| २०८४।८५ | ६९,८७८ | ६९,८७८ | | | | ६९,८७८ | | |

### ७.४.८ राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

**यस उप**क्षेत्रको मध्यमकालीन कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ७.९: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

(रु हजारमा)

| उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | शुरू भएको वा हुने आ.व. | समाप्ति (सम्पन्न हुने) आ.व. | कुल लागत (रु.) | आगामी तीन वर्षको अपेक्षित नतिजाउपलब्धि सूचक | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| राजस्व सुधार समन्धी क्षमता अभिवृदी , राजस्व व्यबस्थापन तथा सुदृढीकरण आयोजना | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु | सालबसाली | | १३२४ | ४०० | ४४० | ४८४ |

### ७.४.९ जोखिम पक्ष तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तीनवटै तहका सरकार, गैसस, समुदाय, सहकारी र निजी क्षेत्रबीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ । प्रचलित कानुन तथा स्थानीय आवश्यकताको आधारमा सम्वन्धित व्यवसाय र व्यवसायीलाई करको दायरामा ल्याउने तथा करको दर र दायरा तय गरी राजस्व संकनल बृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ । स्थानीय व्यवसाय र व्यवसायीलाइ कर तथा शुल्क वाध्यकारी अवस्थामा बाहेक अरू बेला सालवसाली रूपमा मात्र तिर्ने वानी भएकोले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ ।

## ७.५तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन

### ७.५.१ पृष्ठभूमि

समय समयका विभिन्न किसिमका सूचना प्रविधि औजार-एपहरूमार्फत नगरपालिकाको विभिन्न क्षेत्रको तथ्याङ्क व्यवस्थापनमा प्रभावकारिता वृद्धि भएको छ । SUTRA को प्रयोगमार्फत स्थानीय सञ्चित कोषमा हुने आयव्यय, योजना तथा अन्य सूचना तथ्याङ्क व्यवस्थापन प्रभावकारी भएको छ । CGAS online vouching , PAMS जस्ता सफ्टवेयरहरूको प्रयोगलाई संस्थागत गरिएको छ । E–bidding , E–payment जस्ता सूचना प्रविधिको प्रयोग गरी वित्तीय व्यवस्थापनलाई थप सुदृढीकरण गरिएको छ । योजनाबद्ध विकास पैयास अन’रुप आवधिक योजना तयार गरिएका छन्
र विकासको दीर्घकालीन सोच, लक्ष्य, विषयगत उद्देश्यहरूसहित समग्र विकास व्यवस्थापनलाई दिशानिर्देश गर्ने प्रयास गरिएका छन् ।

### ७.५.२ समस्या तथा चुनौती

शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । विकासको दीर्घकालीन सोच, लक्ष्य, विषयगत उद्देश्यहरूसहित समग्र विकास व्यवस्थापनलाई दिशानिर्देश गर्ने र कानुनी दायित्व समेत भएको आवधिक योजना तर्जुमा हुन सकेको छैन । नियमित अद्यावधिकरण तथा विश्लेषण गरी प्राप्त सूचनामा आधारित योजना र विकास व्यवस्थापन प्रणालीको व्यवस्था गनैमा जनशक्तिको क्षमताको कमी रहेको छ । सञ्चालनमा रहेका सफ्टवेयरहरूबाट प्राप्त हुने सूचना पनि आवधिक रुपमा विश्लेषण गरी तदनुरुप कार्यप्रणालीमा सुधार हुन सकेको छैन । अद्यावधिक तथ्याङ्कको कमी, योजनागत अनुभवको कमी, दक्ष जनशक्तिको कमि, कमजोर संस्थागत पूर्वाधार, अन्तर सरकार र अन्तर निकाय बीच समन्वयको कमी आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

